# आइतबार

कति दिनबठि मेरो मनस्थिति असन्तुलित छ । यिन गाउँ रे सहरले भविष्यसित खेलाँचि अऱ्या धेक्दा त वर्तमान सितै घिन लागिरैछ । यै देशमै मानवीय जीवनसित जोडि खोज्ज्यै परिस्थिले मेरो हृदय कामिरहन्छ । न भण्णैं सक्दौ न निस्सयै अद्द सक्दौ म । क्याकि इसो होइरैछ मसित ? मेरा आँङ-आँङ जिजिरङ्ङ होइबर जुर्मुराउन खोज्जाहान्, क्यै पैल्याउन रे सुन्दर भविष्य तयार अद्द । तबलै थिति इति विकराल छ, म क्यै पत्तो लाउनै सक्दैन ।

आज म ब्यानलै ब्यूज्यूँ, सदानै जनि आज मखिलेख चाहा आया आथिन् । चाहा आउन आँजि दुइ घण्टा लाग्या झा छन् । चाहाखिलाइ मैले दुइ घण्टा पख्दु पड्या हो । मैले निधो अऱ्या आजको चाहा मेरा साथी जीवनका वाँ खाउँ । यै सुचि मँ घरबठाइ निकल्यौं ।

जीवन मेरो भौतै पुरानो साति हो । ऊ एक सर्कारि अफिसमै नायब सुब्बा छ । काठमाणूँको ठाउँ, एक असाउँड़ो डेरा ! हो ठीकै छ उइकि घरवालि आफै खाना पकाउँछिन् । दुइ केटाकेटि नान्नाना इस्कूलमै लाउन्यै वेला होइगै । जीवन अफिस जाना है अैतिर, अफिसहै आया पैथिर चेलाचेलिसित भुलीन्छ । क्याकि कि पर्भात-साँज उइले उइकि घरवालिलाइ फुर्सतलै त दिनुछ । उइकि सुखि घरगृहस्थि धेकिबर मलाइ ईख लै लागन्छे। कति रमाइलो वातावरण छ उइका घरमै । सबै कामकाज नौकर नहोइबर लै टाकटुक सकीन्छ ।

जीवनका कोठाका ढोकामै क्य पुग्या थ्यौं मेरा खुट्टा आफै रोकीय्या। भितर दुयै लोग्न्या-स्वास्निमै गन्थन हौइरैथि, दोबा लाग्या झो होइबर सुण्या, जीवनलाई बोलाउन्यै हिम्मत भईन, न भितरै जानसक्या । तन दुइकि कुरड़ि निक्केरि सुण्या ।

“त् कुरडि क्याकि बुज्जीनि, सदान कच्कच् अरि राखन्छचै । पैसा हुन्याले बोर्डिङ्मै पडाउनान्, दार्जिलिङ् पठाउनान् । लण्डन पुऱ्याउनाहान्, मलाइ क्य मतलब ? जे छ ते खान दे । घरमै पड़ा । उपरि तै दोबटाका प्राइमरि स्कूलमै भर्ना अरि दयूँलो । मेरो प्रमोसन लै हुन्छ, पैसाले लै पुगन्छ ।”

तमले पोरसाल लै तसोइ भणिथ्या, चेला छै वर्ष होय्या, चेलि चार वर्ष होय्या । कब इस्कूल भर्ना अद्ध्या हो, क्यै निस्सय लै आथिन् । रामकृष्णका चेलाचेलि परारैबठि बोर्डिङ्मै पड्डाऱ्यान् । तमरोइ झो सुब्बा दर्जा उइको लै हो !”



श्रीमतिले कुरडि न बुज्या हुनाले जीवन झर्कन्छ रे भन्छ -“त् कसि अबूज छै ! त् जाणन्छचै मेरो तलब कति छ ? तैबठाइ घर निक्केरि चलन्छ कि नै ? कति मैना होय्या चाहा न खाया । बसा पर्भात उसिन्या चामलैले लै तमऽनको पेट भद्द नसक्या कति होय्या, पै कस्याँ यै वर्ष मुल्यामुलि इस्कूल पठाउनु ! भण्ण त सजी छ । जाँ लायाल्लै इस्कूलै लाउनु त. हो, लत्ता हाल्दे, किताब किन्दे, इस्कूलै फीस तिर्दे । त् कुरडि अच्छचै रामकृष्णै ! उइले क्याकि न पडाउनु ! त्रिभुवन एयरपोर्टभन्सार अड्डाको जागिऱ्या सुब्बा हो । उइकि एक दिनै आम्दानिले मेरा तीन मैना तलबहै लै जितन्छ । तत्ती मात्तरै हो ? एक वर्स ताँ टिक्याले बाँचय्याँ सम्म सी-सीबर खानाइ पुगन्छ । धेकी त दुइ बर्स पैल्ली खर्दार हुय्याँ तीन मैना बस्स पाया हो, उइको इस्टचान्डरै न्यारोइ होइगैथ्यो । उइकि कुरड़ि अरिबरलै हामलाइ हुन्छ ? जान्दे, जन् कराइ, भात पका, अड्डा जान ब्यालो हुन्छ ।”

ज्याली खुल्दुलि होइबर जीवनकि श्रीमति सोदन्छे - “यो त्रिभुवन एयरपोर्ट भन्सार काँ छ ?”

कुरडि टुङ्ङ्याउन खोज्जोइ जीवन भन्छ- “गौचर भन्सार भण्या !” “तसो भया तमलै ताइँ सरुवा हुनुपड़चो यै परमोसन है त !” दिक्कीबर जीवन भन्छ- “है है तेरा बुवा पेवा हो त्रिभुवन एयरपोर्ट भन्सार, भणय्याँइ सरुवा होइजाउँ !”

क्यै बेर चुप्प होइ जीवन बर्बराउँछ-“मेरो को छ पावरमै ? काइँबठाइ साइनो लाउँ भण्याल्लै सचिवसित साइनोइ न पड्डो । चाकरि अरुँ घरमै चेलाचेलि न तक्या चुलो बल्लैन । दिनमै अफिसमै इसि कुरड़ि अद्चै, बातै भईन । कोसेलिपात पौंचाउँ आफखै क्यैन आथि, पै म कस्याँ आम्दानि हुन्या अफिसमै सरुवा हुनौं । पोरुइकि कुरड़ि भणौं एक जन कर्मचारिलाई आफनाइ टेबुलमै राखि कति मैना सिखाया सदाया । आब त सचिब ज्यू खुसि हुन्ना रे कर, अन्तःशुल्क, भन्सारमै काइँ सरुवा आरिदिन्ना भणी ठुलो आस लीराइथ्या, कर्ममै न भयाले क्य लाग्यो । मैले सिकाया सदाया कर्मचारि छोटि भन्सारो हाकिम ब भयो ! आब एक बर्स पैथिर उ घर फर्कन्तक बोक्दै नसक्ध्या होइबर रुप्याँ भितऱ्याउँछ । तैले क्याकि मौका न पाउनु, सचिव ज्यूका सालाको ज्वाइँ हो त्यो । सास छय्याँ कि आस भण्णाहान् । आसामै मान्स बाँचिरन्छ । चिन्ता जन् अरै, मेरो लै मौका आऽलो । तै पथिर चेलाचेलि लाइ बोर्डिङ्मै पड़ाउँला, त्वलाइ सूनैसूनले सजाउँलो । जा खान बना साड़े छै बजिसक्यो ।”

तसै बेला चेलाचेलि रुना सुणीनान्, साइत तज्ज्याइँ बिउज्या हुन्ना। तनऽन् कि कुराड़ि एक्तिर मोड़ीन्छे जीवन भन्छ-“आज पाउरोटि आथिन् छँटाइ खाना पका ।”

मैले जीवनका घर न गयाका कति दिन होइगैथ्या । बाइर बटामणि हिट्टा उइकि हाँस्सी अनारसित म मात्तरै परिचित रै छौं । जीवनका घरमै चाहा बन्नै नसक्या लै कतिब दिन होय्या रैछन् । मुल्यामुलिलाइ पाउरोटि सम्म न भयाऽ जीवनका घरमै पर्भातै चाहा खानाइ पस्स ठीक संज्यैन मैले । पै जीवनलाइ बोलाउनाइ लै संकोच लाग्यो, दिनमै अफिसमै भिटुंलो सुच्चोइ फर्क्यौं ।

जीवन सित गाँसीय्या आशा रे धैर्यले उइलाइ डोऱ्याया सम्म छ साइत बाँच्न्या सहारा दीराइछ । काठमाणौं सहरमै बसिबरलै चेलाचेलि पड़ाउन चाहनैन, उसिन्या चामल पेटभरि खान खोज्जैन, आफना बासको खोजि आथिन् उइलाइ, इसोइ तर्क उठन्छ एइका प्रति मेरा हृदयमै ।

यो सुच्चा सुच्चोइ म घरपुगिजानौं, सात बजिरैछ । मेरा कोठामै चाहाको कप आइपुगन्छ, चाहाको बाफ मेरा अैतिरबठाइ उड़िरैछ, मेरि चाहा कि सुड़्कि क्रमबद्ध छ चाहा न सकीय्याँ सम्म । तसै वेला मेरा आँखा अैतिर जीवन जसा मेरा सैकडौं बालसंगातिको झझल्को आउँछ, काँ हुन्ना, कै स्थितिमै हुन्ना, क्याट्टाऱ्या हुन् इसि असजि अवस्था कस्याँ सऽनाहुन् आदि सबालले मेरि रिति छाति कोरिन्छे. रे म आफै सौलोइ सबाल हुन्या अठोट अट्टौ यै वर्तमान समाजमै । म जीवनका अफिसमै पुगिबर सोट्टौ-“दस बजिसक्यो, कर्मचारि क्वै आया आथिन् ?”“कै हो भिट्‌टु ?” एक अद्‌बैस्या मान्स मैलाइ सबालसितै जबाब दिनाहान् ।

“जीवन सुब्बा साइब ।” मैले आफन फुर्तिला आँखा कुर्छि, टेबुल रे कोठा चारैतिर घुमाया, पै सोदचा-“सुब्बा साइब बस्स्या कोठा यै हो ?”

“हजूर”, मुन्टो हलाइ-हलाइ औंल्यायो उनले -“यो खर्दार साइब बस्स्या, यो सुब्बा साइब बस्स्या । ऊ ताँ भितर उपसचिव ज्यू बस्स्या ।”

हाँस्सोइ मैले सोद्‌चा “तम काँ बस्स्या त ?”

उन अल्मलीय्या रे क्यै बेर पैथिर बोल्या - “काँ खै बस्स्या पिउन जाबो लै, कुर्छिमै बस्सु न पड्‌डचा । अन्त बस्स्यै ठौरै न आथि । कोठा बाइर बसिरनौ, घन्टि बजय्याँइ भितर पस्सौ, चाहा माग्या चाहा बनाउनौ, सिग्रट माग्या सिग्रट ल्याउनौ । बस्सु क्याइलाइ पड़चो ?”

उनले आफने काम तति सजीसित बताइदिया हुनाले उनरा विषयमै भिक् बर्ति जाण्यै उत्सुकता बड़ि । मैले सोद्या -कति बर्सबठि है तम या काम अट्टा छ ?”



“चौबीस पुगि पच्चिसौं लाग्यो” न अल्मली उनले जवाब दियो रे एक टेवुलका कुनामै रया कुर्छि तिर संकेत अरि भण्यो -“बसना मन ताँ ! सुब्बा साइबको टेवुल ले त्यै हो । म अर्खो कोठा खोल्ल जानौ ।”

खालि कोठामै म एकलोइ छौं । मेरि नजर कोठामै चौतर्फि दौड्ड लागि कोठामै स्टीलका तीन बन्द दराज छन्, तनरा मिथिमै अस्तव्यस्त कागजपत्र रे फाइल छन् । कोठाका कुनाखै हिटर चाहादानि, कपप्लेट रे भित्ताइन कलेन्डर छन् । अर्खा कोठामै टाङीय्या पर्दाका कुनबठाइ उपसचिवको कोठाको एक रिभल्विङ चेयर रे टेबुल मात्तरै धेकीन्छ । प्रवेश निषेधको बोर्ड लै झुण्ण्यैराइछ । ताँ बस्स्या उपसचिव कसा हुन्ना ? प्रश्न दोरीन्छ मेरा दिमाकमै ! इत्तीमै जीवनकि आवाज सुणीय्यी । “ कृष्ण बहादुर !” जीवन कोठामै पुग्या क्य थ्यो, म धेकिबर झस्कीय्यो रे भण्यो-“ओहो काँ बठाइ याँ ? कति दिन होय्या भीट लै न भया ।”

“है त्व भिट्ट भणिबर दसै बजेबठि आइऱ्यौ याँ ।”

प्रफुल्ल मुद्रामै जीवनले भण्यो - “तक् पै, घरबठाइ साडे नौ बजे निकल्या हूँ । बस चड्‌डाइ अफिसा बेला बर्ती भीड हुन्छे । म त हिट्टोइ आउनौ । जति छँटाइँ आउँ भण्याल्लै सबा दस, साड़ेदस होइजान्छे । छटाइँ आइबरलै क्याद्‌दु ! उपसचिव ज्यू एघार न बजय्याँ आउनाइन्, उन न आउँय्याँ क्यै काम हुनैन ।”

जीवन दराजैतिर लम्किबर चार-पाँच जति फाइल निकालन्छ रे आफ्न टेवुलमै राखन्छ । उज्ज्याइँ कृष्ण बहादुरले कोठामै आइ बर सोदन्छ -“तमले म बोलाया ?”

कृष्णवहादुर तिर चाहा पकाउन्या इसारा अरि, जीवनले सोदचो - “खर्दार साइब आया आथिन् क्या ?”

“आज उनलाइ उपसचिव ज्यूले काममै पठाइराइछ । बेलि, अफिस आउनैन भोल, भणिबरा हुन् । सुब्बा साइबलाइ था भयैन ?”

“क्य भण्णु कर्मचारिलाइ त इन हाकिमऽन् बँधुवा जसाइ समज्जाहान् । मैनामै पन्नर दिन त उनरोइ काम अद्‌दु पड़न्छ ।” लामो सास लीबर जीवन भण्णाहान् -“क्याद्‌दु सर्कारि अड्‌डामै नौकरि अरिराख्यौ सुचिबर नाक फुलाउनु बेकार हो । न अरौं, हाकिम रिसाइजानान् । हाकिम रिसाया सरुवा हुन्या या जागिरि छाड्‌डचा बाहिक आर्खो उपायै रनैन । हाकिमलाइ खुसि पाड़िसक्या रिकर्ड लै निको हुन्या, आफले सौलियतले चाह्या जसो पाउन्या । फाइदा हेट्टु कि बिफाइदा भण पै ?” म तिर तक्दोइ जीवन आफ्न मनकि भारि बिसायो ।

म अल्मलमै छौं । अड्डाइ रितिथिति आफले न बुज्या, आफले न भोग्या, इस्सोइ हो भण्ण लै न सकीँन्या । तब लै जीवनले त मैले बुजिराख्यौ भण्यै जनि बयान अऱ्यो । मेरा प्रश्नवाचक आँखा मात्तरै जीवनको अनारमै पड़्या । मैले क्यै जबाबै दिन सक्यैन ।

“आज सचिव ज्यूले यो फाइल बनाइबर ल्याउनु भणिराइछ, आफना विवेक रे वुद्धिले भ्यायी कुरड़ि लेखिसक्या थ्यौं, तब लै उनरो चित्त लै बुज्यैन । आब म यो फाइल कस्याँ बनाउँ, मेरा दिमाकले काम दिया आथिन् ।” जीवनले हातबठाइ फाइल टेबुलमै राख्यो रे टोपि हम्काइबर भण्ण पस्यो -“वाँ ले भण्याजसो अद्द मेरा विवेकले दिनैन, न अऱ्या यैबठाइ फुर्सत पाइन्यै होइन ।”

आँजिलै उनरि कुरड़ि मेरि समज है टाड़ा छ । म क्यै बोल्ल्यै थितिमै आथीनूँ । तज्ज्याइँ जीवनले मलाइ सोदच्यो -“विशेष क्यै थ्यो कि ?”

उज्ज्याइँ उइलाइ मैले क्यै जबाब दिन सक्यैन, क्याकि कि उइ लाइ भिट्टच्या मेरो विशेष क्यै थ्यैन । जीवनका घर रात्तैकि गन्थन सुणिबर उइ भिट्टचै इच्छा जागी हो । उइका विषयमै क्यै जाण्ण सकीन्छ कि भण्ण्यै खुल्दुलिले उइका अफिससम्म आया हूँ । उइखै मैले घबड़ाया झ्हो होइबर भण्या -“विशेषै त क्यै न आथि, बस् त्वलाइ भिट्ट आया हूँ, बर्ती होय्या भीट न भया ।”

म पुराइ खुल्ला न भया हुनाले लै उइलाइ आश्चर्ज्य लाग्या होलो । क्यलाइ कि क्यै बर्स पैल्ली हाम खुबै मिल्ल्या साथीन्मै थ्यौं । आज परिस्थितिले हाममै संकोच जन्मायो । जीवन एक जिम्मेदार कर्मचारि लै, घरको एक जिम्मेदार मालिक लै हो । पै लै जीवन दोऱ्याउँछ -“क्यै त अवस्स्यै होलो !”

इसै वेला कृष्ण बहादुरले दुइ कप चाहा टेबुलमै राख्यो । कुरड़ि थाल्ल्या केन्द्रविन्दु भयो चाहा ।

मैले भण्या -“भर्खरै खान खाइबरो होइनी त ? अै लै चाहा खान्या ?”

जीवन क्यै बेर रुकिबर जबाब दिन्छ -“हो, पर्भातै खान रुच्चोइ न रुच्चो ! पै अफिसमै आयो कि चाहा खान्यै आदत पड़िगै । क्याद्दु, यो चाहा लै सर्कारि सौलियतैको हो । यै को उपभोग अद्दुइ पड़्यो । हाम जसा नाना कर्मचारिलाइ और सौलियतै के हुन्छे ! यो लै हाकिमसाइबकि तजबीजै कुरड़ि हो । पाउनुइँ पड़्चो भण्णु क्यै न आथि । हाकिमका मन न पड़्या यैमै लै रोक लागिहालन्छे ।”

सौलियतका चाहा मै मेरा लै हात पड़न्छ । चाहा कि सुड़्कि सितै मेरो ध्यान पर्भातै कुरडिमै जाइ अड़ीन्छ । जीवनले साइत खान खान्या मन



कम होइबर थोको खाया होइन । सुब्बाको जागिरि, काठमाणूँको बसाइ, घटिमै एक सय पचास रुप्प्याँ घरभाडा, कति पुग्दा हो ब चार परानिलाइ । उसिनोइ चामल खायाल्लै चार जनाखिलाइ मैनामै सत्री के.जि लागि जान्छ। साग, तर्कारि, नून, तेल मरमसला लाग्चै भयो । यो त मैना खर्च भयो । बर्सदिन खर्चमैं चाड़पर्व, लत्ताकपड़ा, आउना-पाउनाको हिसाब अद्दा म त जीवनका घरको वजेटै बनाउन असमर्थ भयौं, कस्याँ चलाइ राइछ धन्न तैले ?

टेबुलका दुयैतिरबठाइ आयी चाहाकि सुड़्किलाइ चिद्दोइ भण्या मैले -“जीवन ! तै ले जागिरि खाया कति भयो होलो ?”

“इसोइ दस बर्स । त्वलाइ था छ जब मेरा घरबठाइ पैसा आउन छाडच्यो, मैले आफन कौलेजै पड़ाइ जस्याँलै छाडड्ड पड़्यो । यिनै मेरा हाकिम, उपसचिव हामराइ क्लासका साथि शिवनाथ शर्मा हुन् । उनरा रुप्प्याँ बलिया थ्या, उच्च सिच्छया हासिल अऱ्यो । उन्ले जागिरि खाया छ बर्स त भया । उनै मेरा हाकिम छन् । जागिरिका कुराबठाइ त, म उनहै चार बर्स जेठो हुँ । दर्जाका दृष्टिकोणले महै दुइ तह बर्ता छन् रे तलवका हिसाबले मेरा है तीन गुणा बर्ता छ ।

“ए ! उइ शिवनाथ ?” मैले भण्या -“उनरा बुबा काफि धनि थ्या रे ! राणा पालाका डिट्ठा ! पकनजोलमै घर हुन्या होइन त ?”

“हो, उनै” जीवनले निराश होइबर जबाब दियो -“क्याद्दु, उनरा घरमै साति होइबर गैथ्यौं, आजभोल उनरा नौकरका रूपमै कभै उनरा विजुलिका पैसा तिद्द, कभै पानिका पैसा तिद्द कभै टेलिफोनका पैसा दिद्द रे चाड़पर्वमा किनमेल आरिदिन उनराइ घर जानु पड़न्छ ।”

मैले सोद्या-“आफनोइ साति हाकिम भया अफिसमै त झ्किक् निको हुनु पड्डया होइन त ?”

जीवनले भण्यो -“हामरा सर्कारि अड्डाको परम्पराइ इसो छ कि हाकिमका हातमै कर्मचारिको जीवन हुन्छ । हाकिमलाइ कर्मचारि मन न पड्ड्या भयाले, तैलाइ सताउन्या अनेक नियम उपनियमको व्यवस्था छ । क्यै नियम उपनियमको व्यवस्था न भयाल्लै हाकिमले चाइहाल्यो भण्या आफ है मल्तिरका हाकिमको नाउँ लीबर तल्तिरका कर्मचारिलाई पेल्ल्या चलन छ । तबै यै भितर सबै कर्मचारिले छिद्दुइ पड़न्छ । न छिरि धरै न आथि । पै हामरा हाकिमले मल्तिरा हाकिमलाई रिझ्हाउनुइ पड़न्छ । हाकिमले चाह्या मैनाइ दिनमै हामलाइ लखपति बनाइ दिन सक्दाहान् । यो वास्तविकता हो । इसै आशामै हामले उनलाइ रिझ्हाउनु पड़न्छ । यो हामरो परम्पराइ होय्यो ।”

जीवनसित बर्ती कुरड़ि सोद्ध्या मेरो मन होइबर लै सोद्दै नसक्ध्या भयौं । जीवनका वास्तविकता है आब म बर्ती टाड़ा आथीँनौं, तबलै उसैका मुखबठाइ सुण्ण पायाले पूर्णता होलि सम्भनौं । ऊ फाइल लीबर सचिव ज्यूका वाँ जान्या तर्खरमै छ, इसै वेला शिवनाथ हामतिर तर्क्दै न तकिबर आफना कोठामै पस्साहान् साथै जीवन लै आफनि सलामि चड़ाउन कोठामै पसन्छ । क्यै बेर पैथिर जीवन बाइर कोठामै आइबर मसित भन्छ -"म यै फाइलका काम मै सचिव ज्युका वाँ जाँनैं, त् तबसम्म शिवनाथ जी सित कुराकानि अर् । म आइहाल्लौ ।"

छट्टाइँ आउन्या आश्वासन दीबर जीवन मसित बिदा हुन्छ । मलाइ शिवनाथ भिट्ट्या कुतूहल जागन्छ । कृष्णबहादुर बोलाइ शिवनाथका वाँ आफना नाउँको स्लिप पुऱ्याइदिन्या संकेत अऱ्या । कृष्ण बहादुरले स्लिप पुऱ्याइदियो । तर शिवनाथले उज्ज्याइँ मलाइ बोलायैन । एक्कै बेर बस भणी खबर पठायो । कृष्ण बहादुर तिर मेरो ध्यान आकर्षित भयो ।

हाकिमकि घण्टिका इसारामै बाइर भितर जान सिपालु कृष्ण बहादुरले जागिरि खाया पच्चीस बर्स भया रयान्, जै बेला साइत शिवनाथले बडाखड़ि खाऱ्या लै थ्यैन होलो । सर्कारि अड्डामै पिउन है तल्लो दर्जा त अवश्यै आथिन्, तै उइले कृष्ण बहादुरले पिउनमै जागिरि खाया होलो रे साइत पिउन मै अवकाश पाउन्या लै होलो । यो कसो निजामति नियम हो ? पिउनमै जागिरि खान नेपालि लेखपड़ चाइन्छ जब कि सिपाइ रे पुलिसमै जागिरि खानाइ यो अनिवार्य आथिन् । पुलिस मै सुरुमै कन्स्टेबलमै भर्न भया व्यक्तिलाइ इनस्पेक्टर रे एस.पी. हुनाइ क्यै रोकटोक आथिन् । सिपाइमै भर्ति भया पैथिर लै पेन्सन पकाउय्याँ सम्म सुबिदार रे लप्टन होइसक्दान् । पिउनको नौकरि पच्चीस बर्स हुय्याँसम्म उइको एक तह लै न बड्डचा । सुण्या थ्या राणाका पालामै सिपाइ रे लेख्द पड्ड जाण्ण्या सिपाइको वर्गीकरण अरिबर नैसिन्दा, बैदार सम्म हुन्थ्या रे ! कृष्ण बहादुर आफना पदमै रमायीऱ्यान् । सबै है पैल्ली अफिसमै उपस्थित हुनसक्दान्, सबहै पैथिर सम्म लै उनै बस्साहान् ।

नैपालि भेषभुषामै एक युवक कोठामै पस्साहान्, यिन इसै अफिसका शाखा अधिकृत हुन् भण्ण्या कुरा एक सुसज्जित टेवुलमै जाइबर बस्या पैथिर मैले निस्सय अऱ्या । आफले न चिनेकि अनार हुनाले उनतिर आकर्षित हुन आवश्यक ठरायैन मैले । क्यै बेर पैथिर उन शिवनाथका कोठामै पस्या । शिवनाथले उनलाइ ब्यालो क्या कि भयो भणी सोदचो, उनरा बीच भई कुरड़ि निक्केरि सुण्णै सक्यैन ।



"सचिवज्यूकाछोराको........जाउलाखेल........सेन्टजेबियर्स........भीड़.....बस.....।"

शाखा अधिकृत बाइर कोठामै आउनान् रे शिवनाथका कोठाबठाइ घन्टि बजन्छे, कृष्ण बहादुर मलाइ भितर जान संकेत अद्दाहान् । म कोठा भित्रर प्रबेश अरि शिवनाथ सित हात मिलाइ औपचारिकता पुरा अद्दौ । शिवनाथ मसित खुलिबर बस्स सकिराख्या आथिन् । हुनसकन्छ उइलाइ आफना पदको घमण्ड होलो । उइलाइ असजि महसूस भया भ्mो लागिरैछ मलाइ । शिवनाथका आँखा कोठामा चारैतिर घुम्दाऱ्यान्, क्यै हराया वस्तु खोज्ज्यै जनि । कोठामै छायाको मौनताको पर्दा खैंचिबर मैले भण्या - "शिवनाथ जी ! तम याँ छ भण्ण्यै कुरड़ि मलाइ थाई थीन । कब बठि है तम याँ ?"

"प्रमोसन भया पैथिर है, एक बर्स हुन् लाग्यो ।" शिवनाथ ज्याली गम्भीर मुद्रामै जबाब दिनान् ।

हाम दुइको कुराकानि नभयालै बर्ती दिन भया थ्या । पैल्लीका रे आजका शिवनाथमै अग्गास रे पत्तालको अन्तर छ, औपचारिक कुरड़ि सकीय्या लै उन निक्केरि मसित खुल्ल सक्या आथिन् । मैले विद्यार्थि जीवनका क्यै संजना फुकाया पैथिर उनमै क्यै स्पष्टता आइ । मेरा विषयमै उनरि सोदाइ विशेष क्यै थीन । मैले खुल्ला हिर्दयले अतीतका दिनऽन्को बयान अऱ्या । मेरा भविष्यका सम्बन्धमा निश्चितता न भया बेहोरा लै सुणाया । साथै मैले शिवनाथलाइ सोदचा कि कै कै अड्डामै काम अऱ्या ? आब काँइ सर्वा हुन्या बिचार आथिन् त ?

"लोक सेवाले यै मन्त्रालयमै छै बर्स पैल्ली खटाया थ्यो । एक वर्स इसै मन्त्रालयमै काम अऱ्या । आब पाया बीरगञ्ज या विराटनगर भन्सार मै जान्या तर्खरमै छौं ।" शिवनाथले आफनि कुरड़िलाइ पुष्टि दीबर भण्यो -"यै मन्त्रालयमै बसिबर क्याद्द ? दस-पाँच बजाउन्या मात्तरै काम छ । काम छ भणू भण्याल्लै आथिन्, आथिन् भणू भण्याल्लै एक-दुइ तल्तिर है आया फाइल मल्तिर फरवार्ड अद्दु पड़न्छ । इती त हो ! यै मन्त्रालयमै बसिरया मान्सको मानसिक, शारीरिक रे आर्थिक शक्ति छीण हुन्छे । म त चाहनौ क्वै व्यस्त हुन्या अड्डा मै जाउँ । तकौं क्य हुन्छ ।"

"शिवनथकि चित्तवृत्ति सहजै बुज्ज्या मौका पाया । म सित उनरो संकोच हराया जसो छ । संकोच लिनु पड्डचै अवस्था लै त आथिन् । म एक साधारण नागरिक, मेरा अैतिर शिवनाथ जसाले आफनो गुणगान गाइबर सुणाउना उनरी धाक बड़न्छे । मैले लै इसै मौकामै कुरड़ि थप्या -

"चार बर्स सम्मको अन्त : शुल्क रे करको अनुभवले निस्सयै तमलाइ भन्सार अड्डामै काम अद्द योग्य बनाया होलो ।"

याँ अनुभवका आधार काँ हेरीन्छ त !" शिवनाथ आफनि सफाइ दिनाहान् -"लोकसेवाले याँ मलाइ खटाउनलाइ कति सोर्स लाउनु पड्चो । मेरा बुबाले तालिम अराया मान्स लोकसेवामै रैछन्, उनरा वाँ बुवा आफै जाइबर अर्थमै या परराष्ट्रमै पाड्ड कोसिस अऱ्या हुनाले त या सिफारिस होइबर आयौं । या आइबर लै एक बर्ससम्म क्यै कामको जिम्मा दियैन, पैथिर ठुलो कोसिस अरिबर अन्तः शुल्कमा गयौं, तब मात्तरै मेरा जिन्दगिको बाटो निक्केरि बन्यो ।"

मैले मनमनै बिचाऱ्या शिवनाथले अन्तः शुल्क रे करमै बस्सा मनग्य पैसा कमाया हुनसकन्छ । आँजिलै भन्सारमै जान्यै ताकमै छन् । आर्थिक थिति बर्ती बडाउन्यै तर्खरमै लाग्या शिवनाथ पैसा न कमाउन्या अड्डा रे पैसा न कमाउन्या मान्सलाइ बेकम्मा समज्ज्याऱ्यान् । उनरि प्रस्तुतिकरणमै मेरि क्यै प्रतिक्रिया आथिन् । यै सिल्सिलामै मैले सोदद्या "तमरो तलब कति आउँछ ?"

उपहास मै हाँस्साइ उन भण्णाहान् -" कति भण्णु चुरोटसम्म मैनाभरि पुगन्छ । त्यै चारसय चानचुन हातपड्न्छ । घर बनउनाइँ तेजारथ सापटि लीथ्या, कट्टा हुन्छ, आँजि सञ्चयकोष कट्टा भया त हात पड्डैन भण्यालै हुन्छ ।"

"घर काँ बनया ?"

"ठमेलमै बनया, सर्कारि सापटिको रकमले जग्गा किन्न लै पुग्यैन ।" खुसिको लामो सास फेद्दाइ भण्यो -"दुइ लाख जति आफै सित थ्यो, एक नाऽनु बङ्ङला बनाया । घरको अंस क्यै लियैन मैले ।"

"चेलो होइबर पैतृक सम्पत्तिको आस राख्दु लै राम्डो होइन ।" मैले उनरि कुरडिमै जोर दीबर भण्या -" जे छ दुःखजिलो अर्थात् दुखसुख आफै अद्दु ठीक होइन त ?"

शिवनाथका विचार है विपरीत मेरो विचार व्यक्त भयैन । उनलाइ आब एक् कार किन्न्या ठुलो धोको बाँकि रैछ । इति मात्तरै काँ हो ? कारलाइ प्रयोग अद्द सक्यै छचमता हाँसिल अद्दमै लै उन निश्चितै छन् कि छट्टाइँ उन भन्सारको हाकिम हुन्नाऱ्यान् ।

मैले सोदद्या -"बीरगञ्ज रे विराटनगर भन्सारमै को निको छ ?"

"तसाइ हुन् दुयै, आँजि विशेष बीरगञ्ज राम्डो छ, क्याकि कि काठमाणूँको ढोका हो त्यो ।"



"ए, ताँ बर्ति राम्डो भया ताइँ जानुपडन्छ ।" म उनरि कुरडि कि पुष्टि अद्दौ ।

कर रे अन्त : शुल्क मै बसय्याँ चौबीसै घन्टा तरासमै बाँच्चु पड्डद्या, भन्सारमै त मथिसम्म था भई कुरड़ि हो । तलिहै मथिसम्म दर्जाले भागलागि आउन्यै कुरड़ि कैलाइ था हुनीन् त ? कम-बेसि मात्तरै हो । आँजि इच्छा लाग्या भण्या, अनुचितै अरिसक्या मालोमाल होइन्छ । यिन कुरड़ि त राणाकालबठि है चली रै छन् ।"

"अनुचित काम न अरि आउन्या त उचितै भयो" म उनरि कुरड़िमै पालिस लाउनोइ रनौ रे भण्णौ -"कसि आम्दानि छ ताँ ?"

"यै मैना आठ हजार है बीस हज्जारसम्म पुगन्छ, और त क्य कुरा, जाबो कारिन्दो बैदारका भागमै चार हज्जार पडिजानन् । तलब बाण्याका भोल्काइ दिन एकाउन्टेन्टले तै सलामि वाँडि हालन्छ । यो कुरड़ि कसै बठाइ लुकी आथिन् । यै खे अनुचित रमक लै भण्ण न मिल्ल्या । तबै म इसै कोसिस मै लागिऱ्यौ ।

टेलिफोन आयो, हामरि कुरड़ि रोकीन्छे । शिवनाथ हातका इसाराले 'पख्या' भण्णाइँ आफनो हात टेलिफोनतिर बडाउनन् ।

"हलो....हजूर नमस्कार हजूर ......।" टेलिफोनमै शिवनाथ बोल्लाइ जानाहान् - हजूर....हजूर..... उइका दिमाकले भ्याउनैन । म या सेक्सन अफिसर रे जीवनलाइ अद्द लाइदिनौ, पठाइ बक्स्योस्, हजूर.....हजूर........ नमस्कार हजूर ।"

टेलिफोन राखि मतिर तक्दाइ भण्णाहान् -"सचिव ज्यूकि कुरड़ि कर्मचारि न बुज्ज्या, कर्मचारि कुरड़ि सचिवज्यू न बुज्ज्या । आफ पड्चौं बीचमै, दुयैको मध्यस्थता अद्दु पड्डद्या ।"

विषयवस्तुसित आफ परिचित न भया हुनाले क्यै न बोलिबर उनरि कुरड़ि मै सम्मति सम्म जणाया, तज्ज्याइँ जीवनले कोठामै प्रवेश अऱ्यो । जीवन मतिर तक्दै न तकि टेबुलका अर्खा छेउ शिवनाथकि कुर्छिखे जाइबर कलीय्यो । फाइलका विषयमै आफनो मन्तव्य व्यक्त अद्दलाग्यो - "यै फाइलमै सचिवज्यूले भण्या जसो लेख्द आर्थिक नियमले दिनैन । म कस्याँ आर्थिक नियम विपरीत लेखौं ? सचिब ज्यू भण्णाहान् नियम सियम सबै मिलाइबर ल्याउनु', नियममै वाँले भण्या जसो आथिन् । लौ बिचार अर हाकिम साइब, ठेकाको काम सम्झौता अनुसार समाप्त होय्यो । पाउन्या रकम ठेक्दारले पाइहाल्यो । आब यो न चाइन्या दाबि कस्याँ श्री ५ को सरकारले सकादद्या ? पचास साठ हज्जार भया एक् कुरडि, असी लाखकि दाबि ! म त क्यै विचार अद्द न सक्द्या भयौं । हाम त नानतिना

कर्मचारि, जागिरका भरमै जीवन बिताउनु पड़न्छ । भोल विशेष प्रहरि विभाग अथवा अक्त्यारदुरुपयोगले छानबीन अऱ्याले क्य बुजाउन्या ? लौ हाकिम साइब तमै विचार अरिदिय ।"

"धै पै फाइल ल्यस !" शिवनाथ जीवनका हातबठाइ फाइल समाइ, वर्काइ फर्काइ हेद्दाइ भण्णाहान् -"सचिवज्यूले अऱ्या आज्ञामै तम बर्ती तर्क जन् अर । तमरि जागिरि गया नाऽनि जागिरि जालि, सचिव ज्यूकि गया विचार अरिसकन्छ ? वाँले आज्ञा अऱ्या हामले जस्याँतस्याँलै मिलाउनुइ पडन्छ । पै निर्णय दिन्या अधिकारि लै सचिव ज्यू नै हुन् । एकै मन्त्रायलका उइ फाइलमै टिप्पणिको राय न फाटौ भण्ण चाहनान् आफै फस्स्या काम वाँ क्याकि अरन्ना । पै अरि हाल्याले लै नैपालमै वाँ माथि क्यै कारवाइ अद्दचै ताकत कसैकि न आथि । वाँ कैका मान्स हुन्, तमलाइ क्य था ! जे भयाल्लै हामले नून खाइराख्यौ, वाँको आज्ञा शिरोपर अरि काम निप्टाउनु पड़न्छ ।"

क्यै मिनटो फाइल अध्ययन पैथिर शिवनाथ जी भण्णाहान् -"लौ लेख्ख्या बाटो पाइहाल्या । यै किसिमले लेखऽ । निर्माण यातायात मन्त्रालयले दिनु पड्डचा राय दीहाल्या रैछ । इसै आधारमै सम्झौता अनुसार ठेक्दारले कामलै सक्दु पड्डचा मै, महँगाइ बड्डी गै, नक्सा इस्टमेट भण्णा क्यै बर्ति काम ठेक्दारले अद्दु पड्डचा कुरालै ठेक्दारको मिति-मितिको पत्रबठाइ ज्ञात हुन आया हुनाले रे सम्बन्धित मन्त्रालयको समेत् दिनु पड्डचा किसमको राय भया हुनाले, आर्थिक नियममै उल्लेख नभयी परिस्थिति मै हाल एकपटक ठेक्दारको दाबि बमोजिम असी लाख दिनु पड्डचा धेकीय्यो, निकासाका लागि बेहोरा प्रस्तुत अद्दौ भणिबर लेखिदिया पुगिजान्छ । तमरा हामरा घरबठाइ जान्या क्यै होइन ! दिन्याले दीहाल्या तमरो हामरो मुण्टो क्याइ चिड्कनु, दिन्या धर्मि कोथलो पापि । जा आजै फाइल पेस अद्दु पड़न्छ ।"

शिवनाथको सजिलो बयान जीवनका मस्तिष्कमै घुस्या आथिन्, जीवन फाइल समाउनसम्म हिच्किचाइरैछ । शिवनाथको दुइतीन पटक्को आदेश पैथिर फाइल समाइबर, क्यै न बोलि जीवन कोठा है बाइर निकलन्छ ।

शिवनाथ हाँस्साइ भण्णाहान् -"जीवन हामरो सहपाठि हो, पछ्याण्यानऽ ? कसो कुरड़ि न बुज्ज्या ! तबै त तैकि उन्नति भयी आथिन् । जागिरि खाया दस बर्स होय्या ।"

टेलिफोनै घण्टि बजन्छे । शिवनाथ टेलिफोनमै बोल्न पस्साहान् -"हलो....नमस्कार हजूर, हजूर.......होस्, म आइहाल्यौं, नमस्कार हजूर ।"



म तिर तक्दाइ शिवनाथ भण्णाहान् -"मैले सचिव ज्युका वाँ जानु पड़चो भोलपोर्कि आस मन, गफ अरौं । अैल म जाउँ कि ?"

शिवनाथ रे म कोठाबठाइ निकल्या । शिवनाथ गया, म बाइर कोठामै अल्मलीय्यौं । जीवनले कुर्छिमै बस्स संकेत अऱ्यो, ताइमै बस्यौं । शाखा अधिकृतका नजरमै म नौलो भया हुनाले मेरि अनार फर्कि फर्कि तकिरन्थ्या । यै बीच जीवनले हामरि चिनापर्चि अरायो । मैले अरि नमस्कार, खुसि मुद्रामै नमस्कार फिर्ता अऱ्यो । हामरि कुरड़िकानि सुरु भै । उन नौकरिमै भर्खरै पस्या रैछन् । तीन बर्स मात्तरै भया रैछन् । सर्सरि तक्दा साधारण पोसाक, तड़क भडक क्यै न आथि । मलाइ लाग्यो, जागिरिको रसरङ्ङ इनले पाया आथिन् । यिन सुक्का तलवमै आश्रित रै छन् ।

शाखा अधिकृतलाइ सम्बोधन अरिबर जीवन भण्णाहान् भण हाकिम साइब, यै फाइल कस्याँ बनाउन्या सचिव ज्यूको अनुकूल ?"

-"तक पै सुब्बा साइब ! तम जसि टिप्पणि लेखन्छ, म तै मै सइछाप अरिबर मथि पठाइदिनौ । तमलाइ उपसचिवज्यूले भणिसक्या छ, पै क्याकि यै विषयमै वादविवाद अरिराख्ख्या ! जागिरि खान्या मन भया भण्या जसो अद्दु पड़चो, न भया राजिनामा लेख्दु पडचो । सुदीसार समय बर्बाद अरिबर क्यै फैदा आथिन् ।"

जीवन बोल्लै न बोलि फाइल पल्टाइबर टिप्पणि ड्राफ्ट अद्द लाग्यो, न अरिबरलै क्यारौ ! जीवन नौकरिसित जोडि खोज्ज सक्दैन । जागिरि छाड़िबर अद्दचा अर्खो पेसा उइसित क्यै आथिन् । जीवनखिलाई नाइब सुब्बाको जागिरि सौंलोइ जीवन हो ।

यै कोठाको गन्थन रे समस्यासित मेरो क्यै चाख आथिन्, क्याकि कि यो विषय मेरा सुझबुझ भितर पस्सै लै सक्स्दैन । मलाइ त वर्तमानका जीवन सित मात्तरै वास्ता छ । इसै प्रसङ्ग मै मलाइ शाखा अधिकृत कृष्णगोपाल जी सित क्यै सोद्द्यै उत्सुकता बडन्छे, उनलाइ सम्बोधन अरिबर भण्णौ -"कृष्णगोपाल जी ! जागिऱ्या जीवन तमलाइ कसो लाग्यो ?"

मेरा प्रश्नले उनरि अनारमै गम्भीरता छाइ, उनले उज्ज्याइँ जबाब दिन सक्यैन । आँजि मलाइ प्रश्न दोऱ्याउन आग्रह अऱ्यो, मैले प्रश्न दोऱ्याया । उनरा अनारमै ज्वराभाटा उठचो । उनले गम्भीर स्वरमै भण्यो "बडो गम्भीर प्रश्न अऱ्या तमले ।"

हाँस्सोइ मैले भण्या -"क्यै अप्ठ्यारो लाग्या, होय्यो । मैले जाण्ण चाह्या कारण हो रमाइलो रैछ त म लै जागिरि खान्यै तर्खरमैं लागूँ कि, यै बाहेक और विशेष क्यैन हो ।"

कृष्णगोपालले भण्यो -"क्यै अप्ठ्यारो त लाग्यैन मलाइ । तै तमरा तीन सेकन्डको प्रश्नमै मेरो तीन घण्टाको उत्तर छ, तबै म क्यै भण्ण हिच्किचाया हूँ । सर्कारि उच्च ओहदामै तमरा नजिकको क्वै नातेदार छ भण्या जागिरि खाऽ, नति कुकुरले न पाया दुख पाउँछ ऽ । है, एक अर्खो उपाय लै छ, तम तेल-बेसार घस्स सिपालु छऽ भण्याले लै हुन्छ ।"

जीवन बीचै मै बोलन्छ -"सिदाइ भणिदिय मन् हाकिम साइब, तीन 'च' अर्थात् चाकरि, चुक्लि, चम्चागिरि ।"

जीवनले अऱ्या तीन 'च' का अर्थले ममै हाँसो फुटायो । तीनै जन हाँस्स लाग्यौं । कोठाको बातावरणै एक्बेर रमाइलो भयो । जीवनका अनारमै गम्भीरता छाइ । ऊ उइ ठेक्का सम्बन्धी फाइल केलाउन्ना छ उइकि अनारमै मेरि नजर पड़ी क्य थि, उइकि थिति विषयमै मलाइ सुच्च करलाग्यो, कसि परिस्थिति मै जीवनका दिन गुजरिऱ्यान्, उइले इसा दिन् त हज्जारौं बिताइ हाल्या । धन्य छ ऊ सहनशीलता रे सहिष्णुताका लागि। मान्सले मौका पर्खाइमै कति कष्ट सऽनु पड्डचा रैछ । अभावका दौड़मै चल्या उइलाइ क्य शान्ति मिली होलि घरमै रे अनुचितताको कार्यतालिका मै चल्याका अड्डामै उइलाइ क्य आराम मिलि रै हो । तबलै उइमै न रमाया या असन्तोषको क्यै चिन्न धेकिनैन, क्याकि कि उ नैपालि हो । गाउँ रे सहरैका हावा मै सम्मिश्रित एक जीवन ।

फाइल कोद्द वाध्य अराउन्या हाकिमऽन्का मनोप्रबृत्ति सम्बन्धमा खोज्ज्या रे जाण्ण्या क्यै अधिकार आथिन् जीवनलाइ । उइका विवेकले सर्कारि राजस्वको असी लाख दिनु ठीक होइन, विवश छ ऊ । न चाइबर लै लेख्दु छ उइले, टिप्पणिको सुरुवात अद्दुछ । दैनिक दस रुप्प्याँमै बित्या जीवन 'उइले सौंलोइ जीवनलाइ बेच्या छ ।

फाइलको काम सकिबर शाखा अधिकृतका टेबुलमै फाइल राख्दोइ जीवन भणन्छ -"लिय मथि पठाइदिय, जागिरि जोगाया मैल त !"

कृष्णगोपाल जी फाइल पल्टाइबर भण्णाहान् -"इति अऱ्या पैथिर अन्तः शुल्क या कर अड्डामै जान पाया त होय्यो ।"

कृष्णगोपालको आशावादी वाक्यमै सइ थप्दोइ जीवन भणन्छ -"कोसिस अर हाकिम साइब, सर्वा हुनाइ कोसिर अर । तम कोसिस अद्दान। तमलाइ बसि-बसि दिनखि को आउँछ ?"



"त्यै त भयो क्याद्दु जीवन जी ! भण्या त हो । तमरो हामरो क्वै भयाले इस्याँ थच्चीबर बस्सु पडन्थ्यो ? तकमन् हरिकान्त भर्ना हुय्याइँ अन्तः शुल्कको लै डिस्टिलरि मै खटीय्यो । मोहर आफैले लै लगाउनु न पड्डचा, घरमै बसि-बसि मैनाको पच्चीसौं हज्जार बुजाउन लै ल्याउन्या ! आब उइले एम.ए. पास अऱ्यो भणिबर क्याको उद्देक । ऐल आँजि सप्तरिका मालपोत अड्डमै सर्वा होइरैछ । क्यैन भयाल्लै बर्सको पाँच लाख भितऱ्यैं हालन्छ । तसै सरऽका हामलाइ एक छाक मिठो रे मासु खानु त परै रयो, असनको तर्कारि खान्यै सम्मकि रहड़ै रै ।

जीवनले भण्यो -"तन त हामरा मन्त्रि जी का भान्ज भया, छाडि दिउँ । शिव बहादुरै कि कुरड़ि अरौं न ! थानीय विकास विभागमै खर्दार छय्याँसम्म कसि गति । पै जिल्ला कार्यालयमै अस्थाइ सुब्बा मै काम अरय्या लै तति क्यै धेकीय्या थ्यैन, जब या आइबर छै मैन भन्सारमै बस्यो, तक पै उइको बिल्डिङ ! आब उइले क्याइ जागिरि खानु पड़्चो । घरका बहाल मात्तरै ले तम जसा सात हाकिम खान्या भयो । हुन त मसान कुऱ्या मुर्दा पाइन्छ भण्णाहान् । तक्दाइ जाउँ हाम लाटाका खुट्टा लै बाटामै पड्डाहान् कि ?"

कृष्णगोपाल रे जीवनका बीचै कुरड़ि मै मैले क्यै प्रतिक्रिया जणायैन । क्यकि कि इसि कुराकानि उनरा दिन्दिनैका तालिका भितरै पड्डछिन् ।

कृष्ण बहादुर आफना डच्यूटिमै सतर्क रनान् । हाकिम साइबलाइ चाहा ल्याउन सोदचा त सकारात्मक जबाब पाउनान् । तुरन्तै तीन कप गरम-गरम चाहा टेबलमै आइपुगन्छ । चाहा खानाइ कृष्णगोपाल बताउनान् -"जीवन जी ! म आज छुट्टाइँ जानौ । मनाइ सस्तो डेरा बानेश्वरै तिर छ रे, हेद्द जानु छ । कसैले सोदचा, अड्डइका कामले जाइरैछ भणिदिया । ए ! यो फाइल सचिवज्यूका कोठामै पुऱ्याइ दिय ।"

कृष्णगोपाल कोठा है बाइर निकल्लाहान् । कोठामै म रे जीवन मात्तरै छौं । जीवन आफना बारे मै म सित क्यै भण्ण्यै इच्छा राख्यै जनि फाइल ओल्टाइ पल्टाइ अद्द लागन्छ, क्यै बोल्ल सक्या हुनैन । मैले बीचै मै छेड़ि दिया -"जीवन ! घरमै बच्चाऽन् रे बौजुलाइ सञ्चै छ ?"

ठीकै छ, बच्चाऽन् कभै स्वस्थ, कभै अस्वस्थ इसोइ त हो ।"

"बच्चाऽन् लाइ इस्कूलमै राख्दचा बेला भयो होइन ?" मैले न बुज्या जनि कुरा उम्काया ।

“बेला त होय्यो हुन त............।” समलिबर उइले भण्यो - “उपरिसम्म राख्दचा विचारमै छौं ।”

“जीवन आँजि मसित लुकाउन खोजन्छ आफ्ने वास्तविक जीवन । यो नैपालि समाजकि इसी मनोवृत्ति हुन्छे । जसोइ दुख पड़चाल्लै न आँत्तीन्या । ‘इज्जत’ को तरास ! कसैले आफने वास्तविकता था न पाउन् भण्ण्यै धारणा ! यो कब सम्म टिकन सकन्छे ?

जीवन मेरा विषयमै कतिब प्रश्न मेरा अैतिर ल्याउँछ, म आफनाइ किसिमले उत्तर दिनेइ रनौ । जीवन मेरा वयान धेकि सन्तुष्ट हुनैन । विशेष कारणले म जीवनसित भिट्टाइ आया हूँ नूँ । मेरि उत्सुकताले तानिबर ल्याई कुरड़ि म भण्ण सक्दैन । तब लै सातिभाइका विषयमै कुराकानि भया पैथिर ऊ शङ्कारहित भयो । उइले सचिव ज्यू का वाँ फाइल पुऱ्याउनु छ । तसैले छोट्करि मै कुरा टुङ्ङ्चाइबर मखै ‘क्यै बेर बसि र’ भणीबर जीवन निकल्यो ।

कोठामै म एकलोइ छौं, मेरि नजर कृष्ण बहादुर कि खोजिमै छ, क्यै बेर पैथिर कृष्ण बहादुर कोठामै पस्साहान् । मैले उनलाइ रोक्दचा विचारले बोल्यौं -“कृष्ण बहादुर जी ! तम चाहा निको बनाउन्या रैछौ ।”

“क्य निको हुन्थ्यो” मेरा वाइँखै आइबर लजाया जसो होइबर भण्यो -“होटलो भ्रो काँ बनाउन जाण्णु ? हाकिम साब नराम्ड़ो भयो भणी गालि दी राख्दाहान् ।”

“तसो भण्णु त हाकिमऽन् कि बानि हो । मैले आँजि भण्या - “साँच्ची हो, राम्ड़ो छ ।” कृष्ण बहादुरकि अनार उजालि भै । उन मखै क्यै भण्ण रे सोद्द खोज्यै जनि इथ-उथ तक्द लाग्या । मैले नजिकैकि कुर्छिमै बस्स आग्रह अऱ्या । कुर्छि नमाइ उथ सारि कुर्छिका एक छेउमै टुसुक्क बस्साइ भण्यो -“हजूर दिन्भरि बस्या, नाना-ठुला सबै हाकिम पछ्याण्ण्या रैछ्ऽ । पर्भात त सुब्बा साइबलाइ मात्तरै खोज्या थ्या ।”

मैले आफनो मुन्टो मात्तरै हलाइबर उनलाइ सकारात्मक जबाब दिया रे भण्या -“कृष्ण बहादुर जी ! तमले पच्चीस वर्ससम्म यै कोठामै मात्तरै काम अऱ्या ?”

मेरा प्रश्नले उनलाइ हाँसो फुटायो । क्यै समलिबर उनले भण्यो - “क्य हुन्थ्यो यै कोठामै मात्तरै ! यै कोठामै त तीन बर्स मात्तरै भया । यै पिउनमै मैले कतिब अड्डामै काम अरिराख्यौ । कतिव मन्त्रिका कोठामै लै बस्यौं, चार मन्त्रालयको काम अरिसक्या अैलसम्म, आँजि कति अद्दु पड्ड्चा हो !”

“तमरो तलब कति छ त ?”



“पैल्ली पैल्ली अस्थाइ जागिरि खाइयो, थाइ भया पैथिर ग्रेड समेत अरिबर दुइ सय पुग्या आथिन् । चार बर्स पैथिर दुइ सय पुगन्छ ।”

“घर काँ हो ब ?”

“दहचौक, याँ बठाइ कस्सीबर हिटचा तमजसालाइ तीन घण्टा, हामलाइ दुइघण्टा लाग्दाहान् ।”

” हरे, तति टड़ाबठि दिन्दिनै आउँछ ?”

”न आइबर क्याद्दु, हाम हाकिम हूनूँ ।”

“क्य हाकिम भयाले आउनु पड्डैन ?”

“आयाल्लै उनरि खुसि, न आयाल्लै उनरि खुसि । घरमै मोटर ल्याउनाइ गयाल्लै एगार न बजय्याँ क्वै पुग्दैन । आइबर हाजिरि बजाया पुगिहाल्यो । नाना कर्मचारिलाइ ब छड्क्या लागन्छ, उनऽन्लाइ लाग्दैन ।”

कृष्णबहादुरै रमाइलि कुरड़िमै म आफै हराउनोइ जानौ । पच्चीस बर्ससम्म कति हाकिम कति अड्डा छामिसक्याका कृष्ण बहादुर निस्सयै मुक्तभोगि होइसक्या, मलाइ अनुभव हुन्छ । उनरि भणाइमै स्पष्टता छ । बर्ती बुजिसक्या कारणले डर रे धक हराइगै उनमै । साइत उनरा हाकिम अड्डामै न भया हुनाले लै स्वतन्त्र महसूस अऱ्या हुनसक्दान् ।

“कृष्ण बहादुर जी तमलाइ खान पुगन्छ ?” मुख्य प्रश्न फुकाउनौ ।

म तिर फरक्क फर्किबर कृष्ण बहादुर न मिठो हाँसोमै भण्णाहान् - “तमले बूझ पचाइबर सोदचा इसि कुरड़ि ?” कृष्ण बहादुरको अर्थ हो म एक्कै सौंलोइ शरीर मात्तरै हूँनूँ । म सित सम्बन्धित जहान, चेलाचेलि लै त छन् । बरु इस्या सोद ऽ, तमरा तलबले घरको नून तेल सम्म त चलन्छ ?”

कृष्ण बहादुरको तेज दिमाक धेकिबर म क्यै बेर रनभुल्लमै पड़चौ। मेरा एक प्रश्नका कतिब उत्तर पाया पैथिर मलाइ उज्ज्याइँ और प्रश्न सोद्दचै हिम्मत भईन । म आश्चर्यचकित अनारले उनलाइ हेद्दोइ गयौं । तै पैथिर कुरड़िको विषयवस्तु बदलिबर मैले भण्या -“इति लामो अवधि सम्म जागिरि खाया, तमले त नेपालका ठुल्ठुला मान्स लै पछ्याण्या होलाऽ ?”

“क्याइ न पछ्याण्णु । मन्त्री, सचिव, डाइरेक्टर, हाकिम कति को चाकड़ि अरीय्यो । बेसरि पछ्याण्या छन् । क्यै बेर मौन रैबर कृष्ण बहादुर भण्णाइ जानान् -“हाम गरीबका लेख कसै पछ्याण्याले लै काम आथिन् । आफने दुख आफैसित छ । कतिब हाकिमऽन्को गुह्य हामलाइ था छ, त्यै फुस्काइ देलो भणिबर अफिस छाड़िसक्या पैथिर लै भीट होय्याले, कृष्ण बहादुर आँजि जागरी मै छै ? काँ छै ? ले चाहा खा भण्णाइ एक रुप्प्याँ फालि दिनान् ।”

आँजि उन भण्णाइ जानान् -"यिन हातले कति हाकिम्ऽन्को स्वागत अरीय्यो । अड्डाको चालमाल बुज्ज सुरुमै कृष्ण बहादुर सिबाइ हाकिम्ऽन्का मुखमै और क्वै हुनैन । जब बुजिबर सपड्ड लाग्दान्, घन्टि लाउन भुलिबर, 'घन्टि सुणीनि ?' भणिबर उल्टाइ झपाट्टाहान् । पैथिर त मैले उनरा मनकि कुरड़ि बुजिबर काम अद्दु पड़न्छ ।"

"क्य तमले हाकिम्ऽन्लाइ अफिसको चालामाला लै बुजाउनु पड़न्छ ?" न जाण्या जनि मैले भण्या ।

"सब्बै जाणीबर काँ आया हुनान् ! नयाँ हाकिमलाइ मैनौं दिनसम्म मैले भण्णु पड़न्छ । फाइल याँ छ । फलान घर याँ छ । फलानले फलानसित इस्याँ भिटन्छ । साबिक हाकिमसित सम्पर्क होइरन्या व्यक्ति यिन यिन हुन् । इसोइ त हो ! न मोटाय्याँ मान्सको व्यवहार एक् हुन्छ, मोटाइ सक्या पैथिर अर्खोइ हुन्छ ।"

भाग्यलाइ दोष दीबर चित्त बुजाउन्या कृष्ण बहादुर आफना काममै तति असन्तुष्ट धेकीनाइन् । कसैले पैसा कमाइबर बर्ती धनि भयाल्लै उनलाइ क्यै इर्ष्या आथिन् । काम अनुसारो तलब न भयामै असन्तुष्टि व्यक्त अऱ्याले लै, उनसित पूर्तिको उपाय शून्य छ, तबै होलो उन सन्तुष्टै धेकीनान् । यो हामरा नैपालि समाजको गुण भणू कि दोष ?

कृष्ण बहादुरलाइ, कै अड्डामै कति कमाइन्छ त्यो था आथिन्, तबलै कै हाकिमले कति कमायो निस्स्यै उनलाइ था छ । हाकिम्ऽन् को पुरानो घर या डेरा उनलाइ था छ, साथै नत्रा घर रे उइका कोठा-चोटालै था छन् । हाकिम हुनाइ दैवीय शक्तिको आवश्यकता हुन्छ भणाइँमै उन पूर्ण विश्वस्त छन् । तबै त उनरा प्रत्येक हाकिमलाइ इश्वरीय शक्तिका रूपमै उन माणिआयाछन् । उनलाइ कभै-कभै साधारण रोगले सताया वेला हाकिमले हप्कायाले रोग भाग्याको एक-दुइ घटना मलाइ सुणाउनान् । पन्नर दिन सम्म लै एक दाना मुखमै न हालि दिन्दिनै चार घण्टाको घोड्दौड् अट्टोइ जागिरि जोगाइ राख्या घटना सुणाउनान् । चेलिका ब्यामै रुप्प्याँको अभाव भोग्दु पडचाको रे छोरिको घर न होइ माइतमै राख्दु पड़चा जसा दुखपूर्ण घटना बेहोऱ्या कृष्ण बहादुर, पायाले हाकिम पद चलाइ सक्दचा ब्यहोरा मलाइ सुणाउनान् ।

पिउन दर्जामै काम अरि राख्या कृष्ण बहादुरको पायाले हाकिमि चलाउन सक्न्या अठोट धेकिबर म आश्चर्यमै पडचौं । उनरो साधारण हिसाब-किताब छ । "कुराकानि अद्दचा र साधारण नैपालि लेखापड़ि अददचा रे सैछाप अद्दचा त हो मुख्य काम खर्दार, सुब्बाले सकिहाल्लाहान् । बाँकि रयो सइछाप !" इसै सिल्सिलामै उनले भण्यों -"जिम्मेबारि कसैकि



न आथि, काम बिगडिहाले मथिबठाइ भया, भणी थोपिदिनान् । काँ मथि ? कति मथि ? मथिको टुंगोइन हुनो । तत्ति भणिबर फुर्सत पाइराख्या हाकिम मैले लै धेकिराख्यौ, तमै भण ! तस्याँ म हाकिमि चलाउन न सक्दचा ?"

कृष्ण बहादुर आफनि होस समाल्लाइ भण्णाहान् -"हुना त यो कुरा आफलाइ 'अग्गासो फल आँखा तरि मर' भण्याँ जसोइ हो, आफनो त जातै पिउन । इजाबुवाले जन्माउनितक जे जात दियाले लै परिस्थितिले आफनो जात काइम अरिदिया छ । पच्चीसौं बर्स त कृष्ण बहादुर पिउन भणीय्यो, आब कति नै बाँचीय्येला रे, यै लाइ हेला अद्दु । पै हामरा शास्त्रले भण्या छ, "जो आफनो हो तैलाइ हेला न अद्दु ।

कृष्ण बहादुरकि कुरड़ि न टुङ्डीयाइँ जीवन आइपुगन्छ । ऊ बर्ती खुसि धेकीन्छ रे भणन्छ -"तकमन सचिव ज्यूका वाँ क्यू मै बस्सु पड्डचा, ब्यालो होय्यो ।"

जीवनकि अनार उजालि छ । पर्भात भण्णाँ जीवन ऐल रमाया धेकीन्छ । क्यै विशेष कुरड़ि न होइबर जीवनमै इति परिवर्तन पक्काइ आयैन । कति दिन्को सुक्का आसामै कोपिलो लाग्या झो छ । उइकि अनारबठाइ सहजै बुज्ज सकीन्छ, उइसित सचिव ज्यू खुसि भया हुन्ना । मैले सोदचा -"तेरा काम धेकि तेरा हाकिम खुसिभया ?"

मेरि कुरड़ि सुणि जीवन झस्क्यो । ओठ कमाउनोइ, अचम्म होइ सोदचो -"कस्याँ था पायी ?"

हासिबर मैले जबाब दिया -"क्य ठुलि कुरड़ि हो ? भण् पै क्य भयो ?"

कृष्ण बहादुरलाई बाइर बस्स्या संकेत दिन्छ रे जीवन लाऽमो सास फेद्दोइ भणन्छ -"सचिव ज्यूको आजको झो 'मूड' त मैले जिन्दगि भरिमै लै धेक्या थ्यैनँ । भितर जाय्याइँ मैले फाइलको बेहोरा अवगत अराया, फाइल घर्रामै राख् भण्यो, राखिदिया । टेबुलका छेउमै आज्ञा लिन कलीरयौँ, सचिवज्यूको आज्ञा भयो -"सुरुबठि मन्त्रालयमै छौ ? मैले 'हजूर' भण्ण पायाले थ्यैन, कै अड्डामै जान्या विचार छ ? भणिबर सोदचो । एक्कैबर तसि कुरड़ि सुण्णा त मेरो पुराइ शरीर कामन् लाग्यो । भण्ण खोजिबरलै मेरा थोल जोडीय्यैन, क्यै भण्ण न सकि दुइ हात जोड़ि न्युँड़िबर ताँखै कलीय्याँ ।"

सचिव ज्यूका कोठामै भया घटना सुणाउन्तक ऐल लै उइको शरीर काम्या म धेक्दै लाग्यौ । उइका अनारमै लालि चड़िगै । मानूँ उ सचिवज्यूकाइ कोठामै कलीरै छ । भण्णा-भण्णाइ उइको बाक्य बन्द हुन्छ । उइले भण्या त क्यै न आथि तबलै उइकि परिवर्तित अनारले खुलस्त

बताइराइछ, उ स्तब्ध जसो धेकीन्छ रे उइलाइ प्रसंगतिर ल्याउनोइ मैले भण्या -"पै क्य भयो जीवन ?"

जीवन आफै समल्लोइ भणन्छ -"अँ ! सचिव ज्यूले मखै 'लाटा' भणी सम्बोधन अऱ्यो । म आँजि क्यै बोल्यूनूँ । 'हेर, त्वलाइ मात्तरै यो छान्या मौका दिया हूँ' भणी मर्जि भयो । मेरा मस्तिष्कमै ज्वार-भाटा उठ्या भ्रो भयो । काँ राम्ड़ो, काँ न राम्ड़ो ठम्म्याउनै सक्यैनँ । आफू बस्या ठाउँ बाहेक सबै राम्डोइ धेक्दौ । जिन्दगिमै आया पैलो मौका, राम्ड़ोइ ठाउँ भण्णु-पड्ड्या त्यै मेरा दिमाकमै चड्डाऱ्यैन । मेरा मुखमै इति मात्तरै आयो, बर्ती दुख पाइराख्यौ, जाँ आज्ञा हुन्छ ।" सचिवज्यूको आज्ञा भयों - करमै जान्या हो ? आँजि आफै भण्यों - मारवाड़ि सितको चाँजोपाँजो काँ मिलाउन सकन्छै । मेरो मुटु काम्द पस्यो, मुखखै आया कार्यालयको एक मौका छिनमै गुम्यो । मलाइ डरलागि, काइँ रसुवाको मालअड्डामै न खटाइ दिउन् ! आफनि होस समालिबर भण्या - भन्सार जान पाया हुन्थ्यो । मेरो यो बाक्य सुणि सचिवज्यू हाँस्या रे 'ऐतिरै क्याकि न भण्या लाटा ? मर्जि भयो ।' भन्सार त भण्या, पै अर्खो ताप पड़्यो मलाइ, काइँ उत्तरि भेकका भन्सारमै पठाइदियो भण्या मुखखै आया सबै मौका गुम्यो । कस्याँ आफनो इच्छा बताउन्या भण्यै द्विविधामै थ्यौँ । आफै सचिव ज्यूको आज्ञा भयो - 'छोटि भन्सार जान्या कि ?' लच्छ्य त मेरो प्रप्ति भयो, जैका प्रतिच्छ्यामै मेरा दस बर्सका दुखका दिनऽन् काट्या मैले । सचिव ज्यूकि आज्ञा सुण्णाइमै मैले आनन्दकी सास लिया । इसै प्रस्तावखै ठीक छ भण्णै लाग्या थ्यूँ कि मेरा नजरमै रामकृष्णको स्टचान्डर घुम्द लाग्यो । हाँस्सी अनारमै इस्कूल बस कुद्दाऱ्या उइका केटाकेटि संज्या । आफनो इच्छ्या व्यक्त अद्दया दृढ निस्सय अरि, एक् पाइला पैथिर हटिबर हात जोड्डोइ भण्या -'निघा भया एयरपोर्ट भन्सार पाउँ ।' मेरि कुरड़ि टुङ्डीय्यी क्य थि, सचिव ज्यूको आज्ञा भयो - 'ताँ जान्या त, बतायी चलन था छ त ?' यथार्थमै कुरा न बुज्याले लै, सारांशमै बुजिहाल्या, तसैले मुन्टो हलाइबर सहमति जणाया । वाँको आज्ञा भयो - 'भोलै, शिवनाथखै मैले भण्या बताइबर टिप्पणि ल्याउनु भण्णु ।' हरिकले मेरा खुट्टा टेकीयैनन्, पिठि न फर्खाइबर पछ्यूण्या बाइर निकल्यौं ।"

इति कुरड़ि सक्या पैथिर उइका शरीरकि कामन जानी रै । उ बर्ती खुसि धेकीन्छ । उ आफनि कमजोरि बताउनैन थ्यो होला, म ऐल याँ नभया बेला भया ले । जीवनका विषयमै यै है बर्ति जाण्णु जरूरि संज्यैन मैले । न त म आब क्यै सोद्दयै इच्छामै छौं । केवल उइकि खुसिमै साथ



दिनोइ मैले भण्या -"खुबै निको भयो आज । आब क्यै दिन पैथिर एयरपोर्ट तिर भीट होलि, हो ब ?"

"बर्ती होइन, बर्ती बर्ती रामड़ो भयो ।" जीवनले तुरन्तै व्यक्त अऱ्यो । "त्वलाइ था आथिन्, मेरा दुखका दिनऽन्का सम्बन्धमै । आब भगवान्ले दियो भण्या क्यै दिनमै बास जोड्ड सक्दौ ।"

जीवन आफनो मूर्खतापूर्ण विगतलाइ संजदोइ भणन्छ -"तक्मन ! जै फाइलमै म क्यै लेख्द चानैन थ्यौं, तसै फाइलले मेरो जीवन बदलि दियो । मैले आजसम्म यो नबुज्या हुनाले दुख पाया रै छौं । जागिरि खाया पैथिर सुजबुजलाइ भुलिबर आज्ञा पालन अद्दु पड्ड्या रै छ ।"

जीवनले आफना सुखमय भविष्यका सम्बन्धमा भौतै कुरा सुणायो । अर्खि तरासै लै कुरड़ि लै भण्यो -"ताँ विशेष निगरानिलै रै छ रे । भयाले लै सबैलाइ चाइन्या त्यै त हो ! त्यो भया कसैले क्यै अद्द सक्दैन भण्यै कुरड़ै लै उ विश्वस्त छ ।

भौतै समय भया हुनाले म जीवन सित बिदा हुन खोज्जौ । उ मलाइ कुरड़िले अल्मल्याउनोइ जान्ना छ । अन्तमै जीवन मलाइ एक कप चाहा खाइबर मात्तरै बिदा दिन मञ्जूर हुन्छ । उइको अनुरोध म काट्ट सक्दैनँ । जीवनका आज्ञाले कृष्ण बहादुर चाहा बनाउन जानाहान् ।

रातै दस बजि सकि । नीन पड़ी आथिन् । ओछ्यानमै पुरोइ शरीर सोतऱ्यैबर पड़िऱ्यौ, मेरा आँखाका ऐतिर जीवनका घरका घटना है अड्डाकि थिति रे सचिवज्यूको आश्वासनले जीवनमै आया परिवर्तन एक् एक् अरिबर आउन्नाऱ्यान् । शिवनाथ रे कृष्णगोपाल जसा जिम्मेदार व्यक्तिकि चित्तवृत्ति सम्बन्धमै सुच्चा त म आफै डराउनौ । मेरो जिउ आराम रहित छ । घण्टौं सम्म कृष्ण बहादुरका सम्बन्धमा आया सोच, तै पैथिर जीवन घुम्न थालन्छ मेरा मस्तिष्क भितरि, मेरि मनस्थिति लै असन्तुलित हुनी जान्छे ।

## सौबार

यै देशै जनि मेरो घर लै सदान अभावै अभावले सताया छ । दिन्दिनै श्रीमतिकि गन्गन् सुण्णी पड्न्छे मैले, कभै नून आथिन्, कभै तेल आथिन् त कभै चामल आथिन्, कभै दर्वा आथिन् त कभै क्यै आथिन् । मैना भरिको पुरा किनमेल अट्ट चाहचाले लै हुनैन । बजारमै सबै दिन सबै थोक पाइनैन । प्रत्येक दिन मूल्य परिवर्तनको सर्कारि घोषणाले आफनो बजेट असन्तुलित भैरन्छ । क्यै चीज कभै ल्यायाले लै पुऱ्याइ-पुऱ्याइ काम टाद्दु पड्डचा हो लै त अभाव घोषणा न हुय्याँ मेरि श्रीमति अभाव छ, पाइनैन भण्ण्यै कुरड़िमै विश्वासै अट्टीन । म घर हेद्दैन, घरकि आवश्यकतामै ध्यानै न दिनो, भणाइ मात्तरै उइकि हुन्छे ।

आज रात्तै मैले सुण्या - चिनि आथिन् ! मैले मनमनै विचार अऱ्या, जे सुण्णु पड्न्थ्यो सुण्या । पोरुका दिन् मात्तरै डिल्लिबजारमै एक् घण्टा क्यूमै बसि ल्यायी आधा के.जि. चिनि आजै सिद्दीगै सुण्णाऱ्यौ, क्यै आश्चर्ज्य लाग्यैन । अर्खातिर पुराइ देशमै आथिन् जो वस्तु मेरा घरमै लै आथिन्, क्याको अचम्म ? यै दुयै हप्तामै चिनिको मूल्य दुइबेर बृद्धि होय्यो । पैल्ली बेर दस प्रतिशत वृद्धि भयो भण्या दोसरिबेर पैंचालिस प्रतिशत वृद्धि होइसक्या छ । मेरि नानि बुद्धिले भन्छ, इति मोल बड़िबर लै अभाव कस्याँ हुनसकन्छ ?

अभावैका कारणले मोल बड़ायी कुरड़ि सर्कारि घोषणा पत्रमै आथिन् । बरु सबैतिर चिनि उपलब्ध अराया समाचार झुण्डयाइ राइछ, पै घरमै बस्स्यै मेरि श्रीमति कस्याँ विश्वास अरन्छे कि चिनि पाइनीन् भणिबर । उइलाइ था आथिन्, याँ वास्तविकता एक् रे समाचार अर्खाइ हुनान् । म, न त बहसै अट्ट सक्दौ न सम्झाउनै सक्दौ श्रीमतिलाइ, क्याकि कि उइसित प्रमाण छ म सित आथिन् । तबै त मैले अभावको शृङ्खला तोड़ि अभाव पूर्ति अद्दुछ ।

बानेश्वरका हरेक पसलमै पसियौं, पसल्याको नकारात्मक मुन्टो हल्लाइमै मेरा खुट्टा अैतिर बड्डाइरनान् । घट्टचाकुलाको सुरु पसलखे है पस्सोइ हिटचौं, क्वै म धेकि हाँस्साहान्, क्वै झर्कीबर 'आथिन्' भण्णाहान् । काइँ त मेरा सोदाइमै मुन्टो हल्लाइदिन्यै चाख लै धेकीनीन् । घरखिलाइ चिनि ल्याउन हिट्या म पसल्यालाइ न सोदि, छाड्ड लै सक्दैनँ । म सोद्दोइ जानौं । एकाएक म धेक्दौ ठुल्ठुला राता अक्षरले लोख्या बोर्ड -"याँ



साल्ट ट्रेडिङ लिमिटेड बठाइ उपलब्ध चिनि रे नून बिकन्छ, चिनि मूल्य रु........ के.जि. मूल्य लेख्दु पड्डचा ठाउँमै सेतो कागज टाँसिराइछ । खुसिको लामो सास फेद्दोइ टक्क वाइँखै कलीय्यौं रे गोजिमै पैसा छाम्दोइ सुऱ्या नून लै लैजानुइ पड्डचा हो । आफना हातो झोला अैतिर राखि दुइ के.जि. चिनि रे चार के.जि. नून राखिदिन दोकानदारसित अनुरोध अऱ्या ।

दोकानदारले तलिहै मथिसम्म तक्यो रे मलाइ झर्कदोइ भण्यो - "तमलाइ था आथिन्, चिनि पाइन्नारीन् भणी ?"

पैल्ली त मैले उनरि कुरड़ि बुज्यैनँ । एक्बेर पैथिर भण्या -"तमरा दोकानमै भर्खरै आउन्नाऱ्यौ, कस्याँ था हुन्या आथिन् भणी ?" "आथिन् भणी था पाइबर लै सोदचा-सोदचै हुनान्" झन्झट माण्णोइ दोकान्दारिले भण्यो -"औरथोक बेच्चु न भयाले दोकानै बन्द अरिदिन्थ्यौं ।"

दोकान्दारिकि गन्गनमै मलाइ विश्वासै लाग्यैन । नजिकैका इस्टूलमै बस्यौं र भण्या -"तै मल्तिर टाङचा बोर्डमै 'आथिन्' लेख्या काँ छ ? मैले त बोर्ड तक्या, तमरा दोकानमै पस्यौं ।"

दोकान्दारि क्यै उत्तर दिन उत्सुक धेकीनैन । हुनसकन्छ पर्भातैबठि म जसा कति गाऽगिलाइ जबाब दिनोइ थगिबर मखैलै भणिसक्या सुच्यो होलो । म कति पसल चहारिबर याँ पुग्यौं दोकान्दारिलाइ कस्याँ संजाउँ । क्यै बेरको मौनता तोड़ि सौम्यतरिकाले दोकान्दारिले भण्यो -"आज मात्तरै चिनि न आई हो त ? कति दिन् ब होय्या ! तमऽन् बुज्जानऽ, बोर्ड कि कुरड़ि अरन्छ तम् यो हामरा रहड़ले झुण्ण्यया होइन यो त साल्ट ट्रेडिङ्ले आफनो काम धेकाउनाइ ठाउँठाउँमै मेरा जसा कतिब पसलऽन् मै झुण्ण्याइराइछ । हाम उइका डिलर हूँनूँ भण्या आथीनौं, पक्काइ हौं । पै, तै अनुसारले हामलाइ चिनि उपलब्ध अराइदिनु पडन्छ, पड्डैन ? भण पै क्या भण्णु, उनऽन् कोठा भितरि घुमाउन्यै कुर्छिमै छन्, हामले भण्या, गाऽगीन् सित रातो-पिरो हुनु पड्न्छ ।"

"साँच्ची चिनि आथिन् ?" म विश्वस्त हुन खोज्जौ ।

"आथिन्, भया आफैलाइ फाइदा हुन्या हो । न भया क्य लाग्यो ?"

"यो क्य कारणले अभाव भया हो ?"

"कसब ! कारण त हाम्लाइलै काँ था हुन्छ ? अैल मोल बड्चा पैथिर पाउनु त पड्डचा हो । पोरुका दिन अफिसमै जान्तक पैसा बुजाइ जा भण्याँ रे बीस बोरा चिनिको रुप्प्याँ दाखिल अरि आया हूँ । दिन्दिनै एक जनाले चक्कर लाया लायै छ, चिनि पाया होइन । आज बठि

डिलरऽन्लाइ एक्एक् बोरा खालि नहुन्या किसमले  दिन्या सुण्णाऱ्यौ । एकै बोरा पायाले लै आया मान्सऽन्लाइ एक् पाउ सम्म त दिन सकीन्थ्यो !"

मैले तुरुन्तै भण्या -"साउ जी ! तसो भया बसाइतक आयाले अधा के.जि. पाउँलो त मैले ?"

अनार विगाड़ि, हाँस्साइ उनले भण्यो-"क्य विश्वास इसा कर्मचारिका कुराको ! तमै भण - आज दस दिन होय्या रुप्प्याँ जमा अऱ्याको, आजसम्म दिया आथिन् । अब यो एक् बोरा दिन्यै कुरडिमै कस्याँ विश्वास अद्दु ? म त निगमका कर्मचारि धेकि बाक्क होय्यौं । यिनऽन् व्यापारि भया ब ब्यापार अद्द जाणन्थ्या । कागज पत्र लेखापड़ि अद्दा मै व्याप्यारि हुन्या भया त सवै व्यापारै अरन्थ्या, धन कमाउँथ्या, टाटा रे बिड़ला हुन्थ्या । यै नैपाल मै कैले क्य अद्द सकन्छ, कैले क्य अद्द सक्दैन भण्यै कुरड़िकि छानवीन आथिन् । जैले जे अऱ्या पनि भयो । विचार अरऽ! मेरा भणाइको अर्थ  हो जो निगमऽन्लाइ व्यापार दीराइछ, त्यो क्या सफल होइरैछ त ?"

दोकान्दारिले व्यक्त अऱ्या यै विचार प्रति म आकृष्ट भयौं । मेरि अनारले दोकान्दारिलाइ कुरड़ि अैतिर बडाउन्यै प्रेरणा दीरइछ रे भण्णाइ जानान् -"यै चिनिको अभावको कारण डिजेल हो रे ! भण पै डिजेलको लै यै हप्तामै भाउ बडचा हो त ! यिन निगमऽन्ले जनतालाइ झुक्क्यइबर हुन्यै कुरड़ि हो त ? विश्वासै अद्द न सकीन्या तर्क दिनान् । डिजेलका अभावले त्रिभुवन राजपथ रोकीय्यो भण्याले लै विश्वास अद्दचै कुरड़ि हुन्थि । त्यै लै रोकीय्या आथिन् । तैमै लै एक् अर्खो संस्थानले रोपवे लै चलाउँछ । सारांश यै हो कि व्यपारिले व्यापार चलाया भयाले इज्जत बचाउनाइ जसी थिति भयाले लै सामान उपलब्ध अराउँथ्यो । यो त पड़चो कर्मचारिका हात मै । इसो अभाव बनायाले झिक् उइको मूल्य बड़न्छ । नान्नाना व्यापारि लै चाकरि मै आउनान् । ठुला व्यापारि होटल मै निम्त्याउनान् । स्वास्नी, चेलाचेलि रे नातादारसम्मका वाँ भनसुन सुरु हुन्छ । इसै ल्याले अभावै न भयाले लै अभाव अराउनान् ।

तसै वेला हातले मलाइ हल्लाउनाइँ सजग अराउनान् । सडकका पल्तिर फुटपाथ मै हिटिरया एक् अद्बैस्या मान्सलाइ औंल्याइबर हतारमै भण्णहान् -"तै मान्स पछ्याणन्छ ?"

दोकान्दारिका कुरा मै केन्द्रित मेरा मस्तिष्कले फुट्पाथै तिर झट्ट दृष्टिले दिन सक्दैन । म अलमलीनोइ आँजि सोद्दौ -"को ? को ?"

"ऊ त्यो क्या, मोटो-मोटो !"

"ए, नै म चिन्नैनँ !"



"तसा मान्सलै तम न चिन्न्या ?"

"तमरो घर काँ हो ?"

"घर त याइँ काठमाणूँमै हो ।"

"तब त पछ्याण्णु पड्डचा हो ।"

"पाँच लाख जनसंख्या भया सहरमै सबैलै सबैलाइ पछ्याण्ण सकन्छ ? सम्पर्क सम्बन्ध जै सित हुन्छ, तसैलाइ ब चिनिन्छ ।"

"होय्यो, न पछ्याण्या लै होइसकन्छ ।" उनरा विश्वास मै आँच आइ हुनाले होलो, लामो सास खैंचिबर, आफनि अनार बद्लिबर भण्णाहान् -"ठीक हो तमलाइ लै म पछ्याण्णैनँ ।"

उन मौन हुनान् । सिल्सिलाइ कुरड़ि मोड़ी हालि । तै व्यक्तिका विषयमै जाण्णाइ ममै कुतूहल जागि हाल्यो । पक्काइ त्यो विशेष मान्स हुनु पड़न्छ । मैले विस्तारै दोकान्दारि सित भण्या -"को हो त्यो मान्स ?"

उनले बडोइ सरल किसिमले भण्यो -"उइ खाद्य संस्थानको हाकिम त हो !" "पै क्याकि विना मोटरै, पैदलै हिट्टा रै छ ?"

"भूत भया हुनाले । पावरमै भया वेला इस्याँ काँ धेक्द पाउनु ! उनरा चाकरदार मात्तरै लै भिट्ट मुश्किल ! आब जनतासित घुलमिल अद्द फुटपाथमै हिट्ट सुरु अऱ्या हुनसकन्छ । निगमऽन् मै इसाइ इसा मान्सऽन् भया हुनाले त बजार यै अवस्थामै पुग्या हो । संस्थानलाइ घाटा पाड़चो, जनतालाइ माऱ्यो, उनऽनै छाति फुकाइ बर, नाक ठाड़ो पाड़ि निर्धक्क हिटिरनान् लाज पटक्कै आथिन् । हाम धेक्दचाले लाज माण्णु पड़िरैछ ।"

मलाइ क्यै मैना अैतिरा 'गोर्खापत्र' को समाचार सम्झना आयो रे मैले भण्या -"साउ जि ! खाद्य संस्थानले दूषित तेल बेच्या अभियोग मै क्यै व्यक्तिलाइ सर्कारि स्तरमै कारबाइ चलाया सामाचार मैले क्यै मैना पैल्ली पड़चा थ्या, त्यै संस्थान हो ?"

"हो, त्यै संस्थान हो । है तेलकि कुरड़ि भण्याऽ । तै दूषित तेललै जनताले खान पायैन ।"

पचास पच्पन्न जति उमेर भया इन दोकान्दारि कुराकानिमै स्पष्ट धेकीनान् । मसित निःसंकोच आफना विचार व्यक्त अद्दाऱ्यान् । साइत मसितै भेटघाटमै रमाया जसालै छन् । उनलाइ पुर्सत छ, क्याकि कि दिनकि एगारै बजिरैछ ।

ममै कुतूहल जगाया तै व्यक्तिका विषयमै कुरा उप्काउनोइ भण्या -"तै अैतिरा मान्सै कुरडि ततिकी रै ।"

“छाड ? क्य कुरा अदद् तसा अत्याचारिको ! मैले त तमले पछयाँड़चैको होलो संजि धेकाइ दिया हो । तसा मान्स संज्याले लै मेरो त दिमाक खल्बलीन्छ, रगत तातिबर आउँछ । इन देश रे जनताइका रगत चुसुवालाइ बुच्चि खुकुरिले गिँडा गिँडा बनाइ दोबाटामै खिति दिन्या मन हुन्छ । क्याद्दु आफसित न शक्ति छ न अधिकार । तसोइ हात हालूँ आफै बौलाहा भइन्छ, क्यद्दु पै ! यै असन्तोष उखाल्लु बाहिक उपायै क्य छ हामखै ?”

उमेर मै बुड़ो धेकीय्या लै उनमै भया जोस रे उत्साहका कुराले आँजि लै मानवीय पक्षमै क्यै अद्दचै दृढ इच्छा शक्ति उनलाइ घच्घच्याइ राखन्छे भण्ण्यै कुरडि म स्पष्ट धेक्दाऱ्यौ । दोकान त मात्तरै उनरो पेसा हो, संज्या मैले । आँजि मौका पायाले क्यै अरि छाड्डचा जोस रे जाँगर उनमै धेकीन्छ ,। उन ज्य कुराको उठान अद्दाहान् तै मै उनरो क्यै स्वार्थ धेकीनैनँ ।

म ताँखै बस्सा बस्साइ दसौं व्यक्ति चिनि कि खोजमै आया, तर सबै निराश होइबर फर्क्या । कसैले भण्यो -“भोटाहिटि मै चिनि दिन्ना छ ताइँ जानु पड़चो ।” मैले सुच्या मान्स्ऽन्लाइ चिनि क्याकि इति महत्त्वपूर्ण हुन्नाछे ? चिनि विना मान्स बाँच्च सक्दैन कि ? क्या कि इस्याँ समय बरबाद अरिबर हिटिऱ्यान् ? यै प्रश्नको सौलोई उत्तर मै ब रैछौं” । मेरो लै समय बरबाद होइरैछ । यसै सन्दर्भमै मैले कुरड़ि उप्काया -“चिनिको माग पूर्ति अद्द न सक्या सर्कार स्पष्ट रूपले घोषणा क्या कि अद्दैन ? आँथिन् भण्या पैथिर मान्सले उपायको टुङ्गो लाइहाल्छ, होइन त ?”

“याँ कि भणाइ सोलै आना ठीकै हो । सर्कारै इसी नितिले त दुनियाँले दुःख पाइराइछ । जे चीज आथिन् तैको विकल्प मान्सले तुरुन्तै खोजिहालन्छ । यो मान्सको स्वभाव हो । याँ त मान्स्ऽन् लाई दोधारमै राखिबर लुट्ट पल्क्याछन् । नति तसि अवस्था क्याइ अत्थ्या ? तमलाइ था छ चौबीस घण्टा अभाव धेकाउन सफल भयाले काठमाण्ँ सहरमै मात्तरै प्रत्येक वस्तुमै पाँचौं लाख उपभोक्ता बठाइ शोषण हुन्छ ! इसाइ सट्टाले त कर्मचारि रे ठुल्ठुला व्यापारि रातारात मालामाल हुनान् । सुण्या तमलाइ अचम्म लागलो उइ दिन चिनिको भाउ बड़चामै एकै व्यापारिले सात लाख रुप्प्याँ रे अर्खिबेर बीस लाख रुप्प्याँ नफा कमायो । आब त्यो कैले हेद्दचा ? बजारमै चिनिको अभावै अभाव छ । चिनि खान्याले चिनि खान छाड़चा झो लाग्दैन मलाइ । तमलाइ चिनि जरुरि पड़चाले जति पैसा दीबरलै किनन्छ । तमरिलेख दुइ तीन रुप्प्याँ फरक हुन्या हो । होइन त ?



मुन्टो हल्लाउनोइ म उनरा विचारमै सामिल हुनौ । उन भण्णाइ जानान् -“यै देसलाइ कर्मचारि भया पुगि हाल्यो । शासन चलाउन्या कर्मचारि, उद्योग अद्दचा कर्मचारि, ठेक्कापट्टा लिन्या कर्मचारि, व्यापार अद्दचा कर्मचारि, सबैतिर कर्मचारिले त चलाइ राख्याछन् । तम बताउन सकन्छ को काम तसो महत्त्वपूर्ण छ जैलाइ कर्मचारिले चलाया न होउ ?”

”तस्करि” मेरा समजले धेक्यै कुरडि उज्ज्याइँ भण्या ।

“त्यो लै कर्मचारिका सहयोग विना भया ठान्या हो ?

उनरा प्रश्नको उत्तर म सित आथिन् । उनमै आँजि मसितै कुरा अद्दचा उत्साह बड़िरैछ । उन भण्णहान् -“चामलो भाउ घट्टचा समय हो यो, तर भाउ दिन्दिनै बड्डाछ । यै रूपले चामलको भाउ बड्डचा हो भण्या बरिखासम्म इति बड़न्छ कि सीमित आम्दानि हुन्याले, चामल खान वाध्य होइबर छाड्डु पड़न्छ । साग-पात रे दाल गतवर्ष है दोब्बर होय्यो । क्यै चीज बेचि सक्दु आथिन् । आफ त नाऽनो व्यापारि । खरिदचा रेटमै नाफा राखि बेच्चु पड़न्छ, मलाइ मनमै सन्तोषै हुनैन, सन्तोष न होइबर लै पेसा छाड्ड त सक्दैन । यो मेरोइ मात्तरै होइन, हाम सबैकि कम्जोरि हो ।”

मैले बिस्तारै सोदचा -“तमले दोकान राख्या कति भयो ?”

“यै पाँच बर्स भयो ।”

“तै है पैल्ली ?”

“नौकरिमै थ्यौं, महालेखा परीक्षकका अड्डा मै । सुरु जागिरि त नौसिन्दा होइ कुमारि चौकमै खाया हूँ ।”

“भौतै पैल्ली ?”

“पद्मशंशेरका पालामै । जीवनको भौतै अवधि जागिरिमै बिताया । पेन्सिन पाकि सकी थी, राजिनामा दी निकल्यौं ।”

“ए ?”

“राजिनामा दिना लै विशेष कारण छ । आफनो स्वभाव पड़चो लन्ठचाङ् मन्ठचाङ् मन न पड्डचा । तै अड्डामै नियमित क्यै धेक्यैनँ । राजस्वका कुरा मनले छाड्ड माण्णैनँ । समाउन खोज्या छेउ समाउँ कि टुप्पो ! आँखाले धेकिहाल्या आफै निचोड़ी बस्सु पड़न्छ । ध्यान दी हेऱ्या इति बेरुजु पकड्ड सकीन्छ, जो सय बर्ससम्म लै फछर्यौट हुन सक्दैन । तसो अद्द न सकि राजस्वलाइ घाटा दी तलब खाइरनु उचित संज्यैन, मैले छाड़ि दिया । नौकरि छाड़चा पछि क्यै काम न अरि कस्याँ बस्स्या भणी सुच्या । कामकि खोजमै उद्योग विभाग मै धाउन लाग्यौं । नौकरि छाड्डा आफसित जो आया रुँप्प्या थ्या, तिनैले काम अद्दु थ्यो । स्वाउन्या उद्दचोग खोल्ल्यै स्वीकृति माग्या त त्यो उद्दचोगै बन्द छ

भण्ण्यै जानकारि पाया । जै पायो तै उद्दचोग अऱ्या नैपालमै बजारैन आथि । बजार मिल्ल सक्दचै स्थितिका उद्दयोग ठुल्ठुलाले ओगटि सक्या रैछन् । एक् जानाले क्यै उद्दचोग खोल्ल्यै स्वीकृति लिया पैथिर तसै ठियाँमै अर्खो उद्दचोगकि स्वीकृति नदिन्यै सर्कारि नीतिले, वर्सौं सम्म धायौं लै त उद्दचोग खोल्ल असफल भयौं । अन्तमै दोकान्कै शरण लिनु पड्चो ।"

क्यै समयको बसाइमै दोकान्दारि रे मेरा बीचमै घनिष्टता कायम भयो । यो भया दोकान्दारिकाइ स्पष्टताका कारणले हो । दोकान्दारिलाइ जै दृष्टिले पैल्ली हेऱ्या थ्या, त्यो होइन रैछ । तसैले ऐल उन प्रति श्रद्धा जागिबर आइ । भोलका दिन यै बटा हिट्टा मुख मोण्णु न पड़ौ भणी उनरो नाउँ सोदचा । आफनो परिचय दिया ।

रत्न बहादुर जसा परिपक्क रे भलादिमि दोकान्दार काठमाणूँ मै मुश्किलैले पाइन्ना । उनमै व्यापारि मनोप्रवृत्तिको अभाव पाया । उनरा कुरा सुणि बजारका और धूर्त व्यापारि है उनरो न्यारोइ व्यक्तित्वको अनुभव भयो मलाइ । इसाइ व्यापारि बजारभरि भया त बजार साँच्चीको 'आदर्श' बजार हुन्यैथ्यो ।

बजारमै बड्डी गई महङाइ रोक्दचा उपायका बारे मै मेरा प्रश्नका उत्तर मै उन भण्णाहान् -"यो महङाइ प्रशासनिक कमजोरिका कारणले भई हो । साथै सर्कारि नीतिले यैमै प्रभाव पाड़ि राइछ । बजार नियन्त्रण अद्दचा पूर्ण अधिकार होइबर लै प्रशासन मौन रन्छ । एक अप्ठचारो प्रशासनलाइ पड्चा हुन सकन्छ, त्यो हो निगम रे संस्थानको मनमानि मूल्य निर्धारण । तै है और वस्तु लै छन् जो खुला बजारमै मनमानि भाउमै बिक्या हुनान् । तति सम्म त हेद्द सकन्थ्यो । विचार अर त ! दोब्बर मोल ली बजारमै माल बेच्चाऱ्यान् । बिदेसि माल बेच्च्या दोकान मै तमरि जान्यै हिम्मतै हुनीन् । ताँ त दोकान्दारिले जति चाह्यो त्यै मोल । त्याँको एक् नमुना सुण पै जो इलेक्ट्रोनिक घडि आजभोल एक सय पचासमै पाइन्छे त्यै घड़ि तसै बजारमै आठसय पचाससम्म बेची । आज लै एक सय पचासमै बेच्च्याले मुनाफामै बेच्या होलो, पै आठसय पचास मोल लिन्याले कति बर्ता नफा लियो, आफै हिसाब अर त ! इस्याँ प्रत्येक वस्तु मै हेद्दाइ जा इसोइ पाउन्या हो । होय्यो छाड़िदचूँ विदेसि वस्तुकि कुरड़ि आब जाउँ लत्ता कपड़ातिर । भारतिय रे नैपालि कपड़ा मै पचास प्रतिशत है बर्ता नफा ली बेच्या छन् भण्या जापानि रे हङ्कङ्का कपडा शतप्रतिशत नफामै मजासित



बेच्चाऱ्यान्, क्य प्रशासन अन्धा छ ? छानबीनको अधिकार उइलाइ आथिन् ? ऐन रे नियमको व्यवस्था मात्तरै पुस्तकको शोभा हो ?"

मलाइ गोर्खापत्रका समाचारकि संजना आउँछे रे भण्णौ -"छाड़, प्रशासनले समय-समयमै कालाबजरियालाइ कारबाइमै डण्ण जरिमाना अऱ्या समाचार पड्चा थ्या मैले । तम भन्छ क्यै कारबाइ अऱ्यैको आथिन् । क्य हो मैले त क्यै बुज्जै सक्यैनँ ।"

"तमले पड्चा समाचारमै काला बजारियालाइ दस हज्जार, पाँच हज्जार लै डण्ण जरिमाना अऱ्या पड्चा छ्यत ?"

"इसोइ पाँच रुप्प्याँ, एक सय पचास रुप्प्याँ सम्म डण्ण अऱ्या पड्चा हूँ ।"

तव ? एक डेड़, सय डण्ण, ठुला स्टकिस्टलाइ हो त ? ठुला व्यापारिलाइ कसैले छून सक्दैन । पैलो कुरा त उइसित पैसाइ शक्ति हुन्छे । अर्खि कुरड़ि हामरा भया ऐन कानून इति लचिला छन् कि भयाभरको हद तोकिबर लै ठुला व्यापरिलाइ क्यै असर पड्डैन । होय्यो यो छाडि दिउँ, सर्कारि नीति तिर विचार अरौं, भण पै, हामरा जसा गरीव रे भोक्भरि हुन्या देसले खाद्दचान्न जसो वस्तु निकासि अद्दचै छूट दिन्छ । देश भितर उब्ज्या अन्नले देशभितरका जनतालाइ प्रशस्त खान पुगाउन छाड़िबर डलर कमाउन्यै निति राखन्छ । फलस्वरूप मुट्ठि भरिका व्यक्तिलाइ फाइदा हुन्छ, अधिकाँश जनता भोक्मरिमै बस्सान् । दाल, खुर्सानि, आदो लसुन रे भट्ट अर्थात् भटमास जसा कम उब्जन्या वस्तु निकासिलाइ योग्य ठहरीनान्, पै कस्याँ सस्तो हुन्छ ?"

रत्न बहादुर जी भौतै अनुभवि रैछन् । हुन सकन्छ उनले यै देसै नीति रे प्रशासनिक दक्षता बुझिबर खलि भया हून् । पद्म शंशेरका पालाबठि जागिरि खाइ कतिब सर्कारि अड्डा छाम्या रैछन्, बुज्याका रैछन् ।

उनबठाइ झिक् महत्त्वपूर्ण कुरा पाउन्या आशाले मैले सोदचा - "मूल्य नियन्त्रणको क्यै उपाय छ ?"

उनले झट्ट जबाब दियो-निस्सयै छ, हामरा देसको कसै लै सहरको मुटु बजार कैका हातमै छ, था छ तमलाइ ? है पै तिनैले हामरा देसलाइ महङाइले ग्रस्त बनाया हुन् । मेचि है महाकालि सम्म यिनै छन् । काठमाणूँका बजारमै तक, मुटु मै यिँनै छन् । यिनरो मनोप्रवृत्ति मात्तरै धन जम्मा अरि घर पुऱ्याउनु हो । जन्मसिद्ध नागरिक हामजतिकोइ तनरो अधिकारलै सुरक्षित छ । आफना ठाउँमै लै तन् तती सुरक्षित छन् । दुयै हातमै लड्डु ली बस्या इन कसै प्रति इमान्दार आथिन्, धन प्राप्ति मात्तरै

इनरो चाहना हो । यै प्रवृत्ति माथि नियन्त्रण जरुरी छ । मैले भणिसक्या सर्कारि नीति हामरा आवश्यकताको अनुकूल हुनु पड्चो । निगम-संस्थानका कर्मचारिलाइ छाडा छाड्डु भयैन । प्रशासनले दत्तचित्त होइबर मूल्य नियन्त्रणमै लाग्दु पड्चो ।"

चित्तबुज्जो जबाब पाया । आब और प्रश्न सोददचै हिम्मत लै रयीनँ म मै । मैले त चिनि खोज्जु छ । चिनि न लैजाइबर घर न फर्कदचा अठोट ली आया हूँ म । घण्टौं बसीय्यो रत्न बहादुर जीका दोकान मै । जति लै तिरि चिनि लैनौ भणि भोटाहिटि पुग्दचा निस्सय अरि भण्या -"भौतै खुसि भयौं तमसित भिटिबर । आब त जाण-पछ्चाण लै भै । पैथिर लै भीट होलि । मेरो हार्दिक धन्यबाद छ तमलाइ, महत्त्वपूर्ण कुरा जानकारि दिया हुनाले । अैल बिदा लै हुनौं म ? मैले चिनि खोज्जु छ ।"

रत्न बहादुर जी सित बिदा ली पूर्ववत् काममै लाग्यौं । म सड्क वरिपरिका पसलऽन् मै पस्स व्यस्त छौं । म एक् दोकान है अर्खा दोकान मै पस्सै लाथ्यौं, एक व्यक्तिले मेरो ध्यान आकर्षित अऱ्यो "दाइ !यो असन हो ?"

झोला कानाइनि टाँङचा बीस-बाइस बर्सको भर्खरैको युवक, मैला, खद्दरका दौरासुर्वाल तैमाथि अस्कट लाया । अस्कटकि खल्टि बर्ताइ प्रयोगले लतरीय्यी । कण्णमणि कपड़ाको नाऽनो धड़ो कस्या । खुट्टा नाङ्डाइ, मुन्टा दाइनतिर ढल्की अव्यवस्थित टोपि (कुलै) दाइँन्या ढल्काइबर टपक्क लायाको । म सजीसित अड्कल अद्दसक्दौ ऊ काठमाण्ँका लेख नौलो अनार रे काठमाण्ँ उइका लेखऽनौलि ।

मैले सोदचा -"भाइको घर काँ हो ?"

"घर पहाड़, पूर्व तीन नम्बर सोलु हो ।" टोल्लीबर उइले सोदचो -"असन यै हो ?"

"भाइ ! यो असन होइन ।"

"इसोइ घरै-घर भया, चारैतिर पसल भया भन्थ्या । यो होइन ? काँ हो त ?"

"याँ है क्यै टाड़ा छ । भाइ काठमाण्ँ पैला पटक आया हो ?"

मुन्टो हल्लाइबर उइले मेरो प्रश्न सकाऱ्यो । मैले लै भोटाहिटिसम्म जानु छ, तबै मैले भण्या -"एक्कै बेर पख् हा ! मैले लै उथै जानु हो ।"

मेरो एक्-दुइ पसलको सोधपूछ सम्म, उ एकै ठाउमै बसिरयो मलाइ पख्दोइ । क्यै मिनट पैथिर उइसित म भोटाहिटि तिर लाग्यौं ।



"भाइ, असनमै क्य काम छ ?"

"किनमेल छ । घर है किनमेल अद्द आया हूँ ।"

" कब आयै याँ ? पैल्ली लै आया कि आजै पैल्ली हो ?"

"बेली बारबिस्या है बस चड़ि आया हूँ । बाटामै छाड़ि दियो । आफ कभै न आया नौलो मान्स... ।"

"क्याकि छाड्चो पै बाटा मै, क्य बस बिगड्चो ?"

"कसब, विगड्चो कि क्य भयो । तेल सकीय्यो लै भन्थ्या । बस ताइँ बस्यो । मान्स सबै हिय्चा, मलगै हिटचा । पैसा त पुराइ लीसक्या थ्यो ।

"रात काँ बास बस्यै ?"

"बास याइँ बस्यौं काँ हो काँ । बास बस्या घरमै उनले अरी कुरड़ि म बुज्जैन थ्यौं, न बुजीन्यै कुरड़ि अरन्थ्या तिन । तसी कुरड़ि अद्दयाले त मेरा कुकुड़ा लीलियो ।"

"कुकुड़ा लियो रे ?"

"है मेरा मन न हुना हुनाइ लै कुकुड़ा लीलियो ।"

"पैसा दियैन ?"

"नै नै पैसा त दियो, पुग्दो दियैन ।"

"कति दियो ?"

"एक् सय एक् बिसि रे छै रुप्प्याँ ।"

"कति कुकुड़ा थ्या ?"

एक बीस रे एक् ।

"क्याकि तति मात्तरै दियो त ।"

"तबै त भण्या ! दिनैन भण्णा लै आठ-दस जनाले घेऱ्यो, नानाथरि कुरड़ि अऱ्यो । 'ढाकर बोकि को नैपाल जालो, पैसा बोकि आरामले बसमै चड़िबर नैपाल जा' भण्ण लाग्या । बसका मान्सलाइ सोदचा त कुकुड़ा लैन्या अऱ्या आथिन् । लैनुइ पड्चा, भौतै पैसा लागन्ना भण्यो । आफ पड्चौ एकलो, पै क्याद्दु । छाड्डुइ पड्चो ।"

"याँ ल्याइ बेच्चा बर्ति मोल पाइन्या था, थ्यैन ?

"था होइबर त ल्यया हूँ ! आब बाटामै इसो होलो भणिबर क्य जाणू ! ठुल्ठुला महाजनले तस्याँ कम पैसा दिन्ना भणि क्य, था ! ए ! तसो भया याँ बर्ती पैसा आउथ्यो ?"

"ताँ पाया है चौगुना पाइन्यैथ्यो आब सिद्दीय्यी कुरड़ि छाड़ । काठमाणू मै क्य किनमेल अन्न आया त ?

"बर्स भरि चाइन्या नून, मट्टितेल, कपड़ा ।"

"ए, भाइको नाउँ क्य हो ?"

"तोप बहादुर भण्णु पड़्चो । गाउँ-घरमै रिठचा भण्णहान् ।"

सगरमाथाका काखमै जन्म्या तोप बहादुर अती सरल रे शुद्ध धेकिन्छ । लोभ-लाल्चा रे लप्पन-छप्पन न भया, शुद्ध पहाड़ि प्रकृतिमै घुल्या-मिल्या, श्रमजीवी धेकीन्या तोपबहादुरका अनारमै म सौंलोइ नैपाल धेक्दौ । म सहजै अनुमान अद्‌दलाञ्यौ उइका गोजिमै भया रुप्प्याँले उइकि आवश्यकता पूर्ति हुनीन । घर है अञ्या हिसाब रे याँ हुन्या हिसाबमै मेल न खायाले यो क्य सुच्च्या हो रे कस्याँ तै कि पूर्ति अद्‌द सक्दचा हो ? यिन प्रश्न कोटचाउन मन लाग्यो रे सोदचा -"भाइ ! त्वखै कति रुप्प्याँ छन् ?"

"बारबिस्या मै बेली पाया पैसा आज रात्तै हिसाब अद्‌दा, एक सय चार रुप्प्याँ थ्या । पर्भात पाँच रुप्प्याँको खान्या कुरा खाइय्यो । आब एक रुप्प्याँ घटि एक सय छ ।"

"कपडा कति किन्नु छ ?"

"बुव़ालाइ एक भोटो रे कछाड़, इजा रे बैनिलाइ गुन्यूँ । पैसाले भ्याया आफलाइ कमीज रे सुर्वाल न भ्याया भोटो सुर्वालको कपड़ा ।"

नून तेल लै लैजानु पड्‌डचा होइन ?"

"लैजानु पड्‌डचा हो । बर्सभरि चाइन्या नूनतेल त लैजानुइ पड़्चो ।"

"नून तेल कति लैजान्या ?"

"चौद्‌द कुरुवा नून लैजानु पड़्लो । तेल तसोइ बीस-बाइस कुरुवा जति लैनुइ पड़्लो ।"

उइको जो हिसाब मैले सुण्या, तैबठाइ सिट्टाइ अनुमान लगाउन सकीन्छ कि उइका गोजिमै भया रकम है पाँच दोब्बर रकमको आवश्यकता छ । तब लै उ निश्चिन्त धेकीन्छ कि उइका गोजिका रकमले उइको सबै आवश्यकताको पूर्ति हुन्छ । मैले ठट्टा अञ्या जनि सोदचा -"यै है और लै क्यै किन्नु छ भाइ ?"

उइले छट्टाइँ उत्तरदियो -"है, चिनि रे चाहापत्ति लै लैजानु छ, बुव़ालाइ पेट दुख्या वेला चाहा ख्वाया सञ्चो लागन्छ । सदान खान्या हुनीनन्, कभै-कभै मात्तरै । म भुली गैथ्यौं ।"

उइकि कुरड़िले मलाइ हाँसो फुटचो । हिट्टा हिट्टाइ म टक्क रोकीय्यौं रे उइकितिर तक्या । हड़्बड़ीनोइ उइले् भण्यो -"बर्ती चाइन्या होइन । आधा धान्नि मात्तरै चिनि चाय्यी । क्याकि हाँस्या ?"

मैले भण्या -"म लगै चिनि खोज्ज हिटचा, पाया आथिन् ।"



"असन मै त पाएलो कि ?"

"क्यै भण्ण सकीनैन । तबलै जाउ । पाइहाल्या निकोइ भयो ।"

उ मलाइ तल है मथिसम्म तक्दोइ भन्छ -"दाइको घर काँ हो ?" मैले उत्तर दिया -"याइँ काठमाणूँ मै हो भाइ ! क्याकि हो ?"

"तमलै टाड़ाइ बठाइ आया हो कि भणिबर मात्तरै, और थोक त क्यै न हो । क्य चिनि पाईनीनि त ?"

"पाया आथिन् ।"

"घरमै बुव़ाले भण्या थ्यो -"असन पुग त्याँ सबै थोक पाइन्छ । मनाइ उथ जानु कपड़ा पाइन्छ । कपड़ा किन्नि ठौर भण्या जति न तिद्‌दु भन्थ्या । त्याँ निकाइ छट्‌टु देसि.महाजन् हुनान् रे । मलाइ बुवाले सबै कुरा सिकाइ पठाया हुन् ।" तोप बहादुरले बुद्धिमानि तरिकाले भण्णाइ जानान् -"तन महाजन हामरि बोलि बोल्लाइन् रे, थोक्‌थोकोइ बोल्याले लै हामरा बोल्या है न्यारोइ हुन्छ रे ।"

उइकि कुरड़िमै क्यै बठाइँ आथिन् । मसित कुरड़ि अरन्तक लै असजि माण्णैन । उ भण्णोइ जान्छ -"आज किनमेल भयाले भोल रात्तै हिँडिबर पाँच दिनमै घर पुगीन्छ । आउन्तक तीनै दिनमै आइपुग्या हूँ । जान्तक भारि हुन्छे ।"

उइका गोजिका पैसाले याँ का बजारसित मेल खानाइन भण्ण्या विषयमै उ अनभिज्ञ छ । उइलाइ विश्वास छ चाय्या कुरा किनमेल अरि घर जान्या, तसै तर्खरमा छ । साइत उइले घर छाड़्चा चार दिन होय्या । आब घरो लै संजना आउन लाग्यो उइलाइ । काठमाणूँ है घरमै सामान उतारि सक्या उइका इजा, बुव़ा रे बैनि खुसि हुन्ना भणीलै उ संज्या होलो ।

मैले बिस्तारले उइलाइ सोदचा -"कपड़ा कतिको किन्नु बुव़ाले भण्या छन् ?"

"पाँच हातको बाकलो खद्‌दरको कपड़ा बुव़ाकि लेख भोटो, उनैलाइ दुइ है दुइ रुप्प्याँ सुका सम्मको नौ हात कपड़ा हेरि तिद्‌दु भण्या छन् । पोर परा ऽर बुव़ा आफै आउँथ्या, ऐला बर्स म आयौं । धै, पैसा पुग्याले मलाइ लै राम्‌डोइ खालको कमीज सुर्वाल लैनुइ पड़्चो । न पुग्याले भोटो सुर्वाल त लैनुइ पड़्लो । पैसा पुग्याले एक अस्कट लै लैनौं । पै एक लाइटर लै किन्न आँटिञ्यौ । हामरा गाउँका मल्लाघरि काइँलाले लैजाइराइछ । झुलो-डाँसि क्यै न बोक्दा, कति आनन्द ।"

उइका हिसाबले उइखै भया रुप्प्याँले मनग्गय पुगन्छ । तबै त उइले एक लाइटर लै किन्या आँटिराइछ । मैले सोदचा -“भाइ ! नून रे मट्टितेलखिलाइ कति तिद्दु भणिराइछ ?”

समज्जोइ उइले भण्यो -“दस रुप्प्याँ नून किन्नु, मट्टितेल बीस कुरुवाको एक् बिसि दस रुप्प्याँ जति पड़न्छ । चार-पाँच रुप्प्याँ मै खालि कन्टर पाईजान्छ । बर्ताइ भया एक् बिसि चौद्द पन्नर जति मट्टितेलमै पड़न्छ भण्या हो ।”

मैले संजाया आफना पैसा हिसाब त अरिराइछै ? तयैले भण्या जति मै माल पायाले लै त्वसित भया पैसाले भ्याउँछ ?”

“कसब, हिसाब त अऱ्या आथिन् । बेलि बठि है यै कुरडि मनमै गुण्णाऱ्यौ, हिसाबै न पुग्दचा जसो छ । बारबिस्यामै कुकुड़ा सस्ता गया जसो त लागी रैथ्यो । साँच्ची मेले भण्या जति माल मेरा पैसाले न भ्याउन्या जसो छ कि क्य हो ?

म उइलाइ क्यै जबाब न दी हिट्टोइ रयौं । बाटामै सड़क पार आद्दचा ठाउँमै म टक्क रोकीय्यौं । उ ऐतिर बड्डैलाथ्यो कि मैले कूम समाइ रोक्या । एक मोटर बेगले हामरा ऐतिर खै है हुइक्यो । तै पैथिर अर्खो, आँजि अर्खो, मोटरका ताँतिका ताँति हुइकय्याँ सम्म हाम ताइँखै कलीरया । तै वेला तोप बहादुर भणन्छ -“ओ हो ! तक्दै लै भुल्या म त ! बाटो काट्टा चौतर्फि हेरिबर दगुड्गु भण्या थ्यो बुवाले ।”

उइका गन्थन सित मलाइ क्यै मतलब थ्यैन । मैले उइका स्वरमै स्वर मिलाउन्या चासो लै धेकायैनँ । ममै एक् चिन्ता उठिरैछ, उइकि क्रयशक्तिले एकै वस्तु लै उपलब्ध हुन्यै थिति आथिन् । उइका बुवाले एक्कैस कुकुडा पठाइबर तसैका मोल बराबरो किनमेल जो तोकिबर पठाइराइथ्यो, त्यो वस्तु ठीकसित बिक्या भयाले रे काठमाणूँको दुइ मैना अैतिरो भाउ रैदिया भयाले तोप बहादुरको आशा है लै बर्ती कोसेलि लै सातिसङ्गातिलाइ लै जान सकन्थ्यो । तर क्याद्दु ! अभावै कुरड़ि ! न उइले ल्यया वस्तु ठीक सित बिक्यो , न वजारैको भाउ दुइ मैना अैतिरो भ्रो रयो । आज भोल काठमाणूँका कसै बजारको लै निश्चित रूप आथिन् । चौबिसै घन्टामै शतप्रतिशतका बेगमै मूल्य वृद्धि होइ रै छ ।

हाम भोटाहिटि पौंच्यौं । चिनिकि खोजमै मैले एक्-दुइ पसलमै कलीनोइ रे सोद्दोइ अऱ्या । तोप बहादुर लै म कलीय्याँ कलीन्थ्यो, म हिटय्याँ हिटन्थ्यो । यै क्रममै एक दोकान्दारिको जबाब थ्यो -“बेली सम्म त थ्यो, दिया लै थ्यौं । आब चिनिको भाउ बड्डचा भया हुनाले डिलर आफैले स्टक अरिराख्या छन्, हामलाइ दिनाइन् । हामले काँ है दिनु ?”



दोकान भितरै पसि दोकान्दारि सित अनुरोध पूर्वक भण्या तमरा वाँ जति लिन्या हो लिय चिनि दिनु पड़चो ।”

नरम मिजासले दोकान्दारिले भण्यो -“सत्ते आथिन् ! भया आफलाइ फाइदा हुन्या, तमरो लै काम चल्ल्या, न दिन्यै त कुरड़ी थीन, तमराइ सेवाखिलाइ हूँ म बस्या । बेलि मात्तरै आया भया ले म जति लै दी दिन्यै थ्यौं, आज आथिन्, माफ अर ।”

पै लै विनम्रतापूर्वक मैले भण्या -“साउ जी ! मलाइ बर्ती होइन आधा के.जि. मात्तरै, पन्नर बीस जति लिन्छ ।”

विनम्रै स्वरमै उनले मखै भण्यो -“हामरो काम सामान बेच्च्या हो । डिलरले हामलाइ जै भाउमै दिनाहान्, मनासिब नफा राखि बेच्चाउ । आब भाउ बड्डचा रे, डिलरले हामलाइ सामान न दियाले, हामले काँ है बेच्च्या तमै भण ? हो हाम्लाइ था छ हामरा गागी ऽन् ले मोलमै भया घटि-बड़िको क्यै वास्ता राख्दाइन्, सामान पाया होय्यो । ऐलो समय लै त सोइ छ । डिलरले मलाइ निर्धारित मूल्य है बीस प्रतिशत बर्ता लीबर एक सय बोरा चिनि दिया हो । मैले लै सर्कारि नियम अनुसारै बीस प्रतिशत है बर्ता आफलाइ नफा नराखि, तीनै दिनमै सबै चिनि बेचि दिया । आथिन् हजूर, सत्ते आथिन् । माफि पाउ ।”

निराश होइबर म लामो सुस्केरा हाल्लौ । भोटाहिटि सम्म लै आइबर क्यै लाभ भयैन । उपायको खोजिमै मैले विस्तारै दोकान्दारि सित सोदचा -“काँ पाएलो त ?”

“कसब ! असन मै त साल्टट्रेडिङ्को डिपो छ । चाय्या जति त पाइनैन होलो, मच्छिन्द्र बहालमै दिन्ना छ रे ।”

म दोकानका बाइर सड़कमै आयौं । तोप बहादुर चारैतिरो रमिता हेद्दामै मस्त छ । म न भया उ असनमै पुग्द सक्दैन, तबै त उ म पखिरैछ । मैले तोप बहादुरलाइ झस्काउनोइ सोदचा -“क्य तक्या तोप बहादुर ? हिट् असन आय्यो ।” हाम क्यै मिनटमै असनका दोबाटामै पुग्दाऱ्यौ । तोपबहादुर खिलाइ त सबै असनै हो । तबलै मैले दोबाटो मात्तरै असन संज्या हुनाले दोवाटामै पुऱ्याउन्या निस्सय अऱ्या । मलाइ लै आफनो अभाव पूर्ति अद्दु छ तसै दोबाटामै पुगि । असन चौकमै न पुग्दाइ तोप बहादुरलाइ असन औंल्याइ दिया । घर है हिटचा चौथा दिन असन धेकिबर तोप बहादुर खुसि होइरैछ । उ आफनि नजर चौकका चारैतिर दौडाउन लाग्यो बीस पाइला जतिमै हाम चौकको मध्य भागमै पुग्यौं । मैल भण्या -“यै हो असन ।”

मान्स, गाइ, रिक्सा रे गाड़िका भीड़ मै आँखा घुमाउनोइ तोप बहादुरले छक्क पड़ि भण्यो -"यै हो असन ?"

"हो, यै हो ।"

म सित तोप बहादुर इति विश्वस्त भइसक्या थ्यो कि उइले मेरि भणाइमै शङ्का अद्दचा ठाउँ लै थ्यैन । उइले होइन लै भण्ण सक्यैन । अैल उइले जै असन पायो, त्यो असन उइका कल्पना भितरो थ्यैनँ । असनलाइ सौँलोइ नैपाल संजन्या हामरा दाजुभाइले पैल्ली बेर तक्दा मै विश्वस्त न हुनु स्वाभाविकै हो । इसोइ छ हामरा राजधानिको आवश्यक बस्तुको बजार । तीस हज्जार स्क्वायर फिटमै अवस्थित असन मै एकै घन्टामै लाखौंको कोरोबार हुन्छ । सय्यौं बर्स बटिहै प्रख्यात यो बजार आज लै त्यै रूपमै चलिरैछ ।

"मट्टितेल रे नून काँ पाइन्छ ?" तोप बहादुर म सित सोदन्छ - "काँ हो म त अल्मलीन लाग्यौं ।"

मैले चौकका कुना मै बोर्ड धेक्या -"नेपाल आयल निगम बठाइ प्राप्त मट्टितेल याँ पाइन्छ ।' तसै बोर्ड खै है लाग्या क्यू हामरा नजिकै सम्म पुगिरैछ । मैले भण्या -"भाइ ! इसै लाइनमै लाग्, तेरो पालो आउय्याइँ मट्टितेल थाप् ।"

उइले खुसिहोइबर भण्यो -"तसो भया खालि कन्टर किन्नु पड़्चो ।"

हामरा नजिकै खालि कन्टर बेचिराख्या धेकि तोप बहादुरलाइ भण्या -"भाइ खालि कन्टर याँ किन् पै लाइन लागि मट्टितेल थाप् । म चिनि खोज्ज जानौ ।"

साल्ट ट्रेडिङ् को बोर्ड झुण्ण्यया दोकानतिर लाग्यौं, ताँ केवल बोर्ड मात्तरै छ, न मान्स न चिनि । मैले नजिकैका दोकान्दारिलाइ सोदचा, 'सिट्टीया होलो' भण्ण्या जबाब पाया, उनराइ सल्लाहले मच्छिन्द्र बहाल जान्या निस्सय अऱ्या ।

तोप बहादुर चौकमै अल्मली बस्या छ । उइले आफनो किनमेल सुरु अऱ्या आथिन् । उइका नजिकै जाइबर औल्याउनोइ भण्या -"खालि कन्टर किन्न्यै ठौर त्यो, मट्टितेल लिन्या ठाउ त्यो ! म गयौं हा ?" म उइको हार्दिक स्वीकृति पाउनैन । उइले दिक्क होइबर मुण्टो हलायो । म असन है मच्छिन्द्र नाथ बहालको बाटो लाग्यौं ।

मच्छिन्द्र नाथ बहालका चौकमै लाइन लाइ चिनि बाँड़ीरया धेक्या । धैक्दाइमै म इति खुसि भयौं कि लाइनमै न लागि चिनिका बोराका छेउमै पुगि -"साउ जी ! म लै चिनि दिय" भण्या ।"



विक्रेता आफनाइ कामै व्यस्त तज्ज्याइ लाइनमै कलीय्या एक भद्र पुरुषले बतायो -"तमलाइ चिनि चाइन्यै भया लाइनमै लाग । हामलै घण्टौंबठि लाममै छौं ।"

तन व्यक्तिको वाक्य पुरा न भयै लाजले मेरि अनार राति होइगै । मैले आफै बुज्जु पड्डचा, तन बठाइ था पाइ असजि जसो लाग्यो । मैले क्यै भण्ण्यै हिम्मत राख्यैन । मैले आफना आँखा क्यू भयातिर दौड़ाया । सय्यौं व्यक्ति उभीऱ्यान्, अन्यथा सुच्च्यै कुरडीन भै । असजि माणि लै आफलाइ क्यू मै सम्मिलित अराया ।

लाम बड़ा मुश्किलले चलिरैछ । सय्यौं मान्स पैथिर मात्तरै आफनो पालो आउन्यै थिति मै कलीय्या म दुइ घण्टा लाग्दचा त भण्णुइ पड्डैन । दिन लै ढल्कि सक्या छन् । सुच्चौ यै चिनि लिय्याँ लिय्याँ साँजि होइजान्यै हो ।

झोला थाप्दोइ मैले दुइ के.जि. माग्या । आधा, आधा के.जि. मात्तरै दिन्या कुरा विक्रेताले संजायो । आधा के.जि. चिनि लीबर क्यू है बाइर निकल्यौं ।

म असन हुनोइ घरैतिर लाग्दा थ्यौं, एकाएक मैले तोपबहादुर एक कन्टरका छेउमै कलीय्या धेक्या । मैले हाया, उइले मट्टितेल किनिसक्या छ । उइका छेउ मै जाइबर सोदचा -"क्य भयो, मट्टितेल किन्या होइन ?"

तोप बहादुरले पुलुक्क मेरि अनारतिर तक्यो । उइका गहभरि आउसु छछल्क्या धेक्या मैले । उइले मलाइ क्यै जबाब दियैन । उइलाइ मैले आँजि सोदचा -"क्य भयो मट्टितेल त किनी होइन ?"

उ असनका एक कुनाइतिर टोलीबर बसन्छ । मेरितिर हेद्द सक्या आथिन् । मेरा प्रश्नको उत्तर दिन्या चाख लै धेकाउनैन । मैले उइको मुन्टो मतिर फर्काइ सोदचा -"क्य भयो तोप बहादुर ?" भण्णै कसन् क्य भयो ?"

प्रति उत्तरमै उइका आँखा है आउसु झड्डाहान् । उ आफना झकुलाका फेरले आउसु पुच्छोइ रुन्च्या स्वरमै भन्छ -"मट्टितेलमै सब्बै रुप्प्याँ सकीय्या । आब किन मेल अद्दाइ पैसा रयैन । सामान लैजान न पाया घर फर्कनुइन पड़्चो । बुवाले बर्सौनि ततुकै कुकुड़ा ल्याइ बर्सै भरिको सामान लैजान्थ्या । मैले मट्टितेल मात्तरै लैगया घर भितर पस्सुइ पड्डैन, पै घर जान्या सम्म पैसा लै रयैन । तिनै महाजनले सब्बै पैसा लीलियो ।"

मैले सोदचा -"मट्टितेल कति लिई ? कति पैसा दिनु पड़्चो ?"

उइले बतायो -"खालि कन्टर आठ रुप्प्याँ मै ली लाममै बस्यौं । अबेर पैथिर आफनो पालो आयो । बीस कुरुवा मट्टितेल माग्या । तेल हालिसक्या पछि पैसा जति दियाले लै पुग्यैन ल्या भण्ण लाग्यो एक बिसि एक् लिटर हाल्या छ भण्या । मेराइ पछिखै बस्स्याले -"हिसाब पैथिर हुनोइ रलो, महाजनले माग्या जति रुप्प्याँ ऐल दीहाल" भण्यो । दुइ रुप्प्याँ मात्तरै बाँकि राखि भयाभरका रुप्प्याँ दीदीया । लाम है बाइर निकल्लितक अर्खाइ मान्सले आफै कन्टर समाइ बाइर रखाइदियो उइले तीन रुप्प्याँ माग्यो । मसित दुइ रुप्प्याँ मात्तरै बाँकि भया सुणाया । एक रुप्प्याँ पैथिर दिनु भण्णोइ हातै है थुति लय्यो । आब म खै एक रुप्प्याँ लै आथिन्, कस्याँ किन मेल अरुँ ? कस्याँ घर जाउँ ?"

उइलाइ संजाउनोइ मैले भण्याँ -"आब क्याद्दचा त ? तो सित रुप्प्याँइ कम थ्या । मट्टितेलको साउले चार बिसि नौ रुप्प्याँ लियो । आब पैसा नभया क्याद्दचा। बुवालाइ सब्बै कुरड़ि सुणाउनु। क्यारन्ना बुवाले ?"

उइले भण्यों -"घर जान्या त बाटोइ मेटीय्यो ।"

उइका समस्याको समाधान उसैसित सोदचा -क्याच्छौ त ?

"यो एक् कन्टर तेल लैजाना है त न लैनु बेस छ । यै तेल बेच्चौ भण्या थ्या । तै महाजनले बेच्च्या भया किन्नौ भण्या थ्यो । यो तेल बेचि रुप्प्याँ लिनौं ।" असनसोलमै मेरा दाइ कोइलाखानिमै काम अद्दाहान्, मलै ताइँ जानौ रे दुइ चार मैना काम अरि रुप्प्याँ कमाउनौ । तै पैथिर घर लैजांन्या जति सामान ली घरजानौ ।"

"काँ हो त असन सोल ? त् गया छै ?

"गया त आथीनूँ जान आँटचा पुगिहाल्लो । क्याद्दु घर जान्या बाटो मेटीय्याले और उपायै क्य रयो ?"

उइसित मट्टितेल लिन्या, कुरा छिनि सक्या व्यक्ति हामरा अैतिर आइ सोदन्छ दिन्या हो ? लौ दिन्या भया दी हाल, मलाइ अर्खा काममै लै जानु छ ।"

मुन्टो हलाइ तोप बहादुरले स्वीकृति दियो । तै व्यक्तिले आफना पसल धेकाइ 'ल्यस' भण्याँ । तोप बहादुरका आग्रहले म लै ताँ गयौं । तै पसल्याले मट्टितेल भरिबर लिन्या आसय व्यक्त अर्‍यो । तैका लागि मेले लै स्वीकृति दिया । उनले कन्टर फोड़ि मेराइ मुखखै मट्टितेल भर्‍यो , सोल लिटर मात्तरै पुग्यो । तोप बहादुरले एक्कैस लिटर लिया हो, तर ऐल सोल लिटर रैछ । पसल्याले सोल लिटरको अठसट्टी रुप्प्याँ, टीनको सात रुप्प्याँ सहित पचहत्तर रुप्प्याँ तोप बहादुर जिम्मा लायो ।



मट्टितेलमै कमि धेकी मैले लै आफनि चिनिमै शंका उठाया । जोख्दा साँच्ची पचास ग्राम कम रैछ । आब मेरा हातमै चिनि आधा के.जि.नहोइबर चार सय पचास ग्राम मात्तरै छ । आफनाइ मुखखै विक्रेताले जोखिबर दिया हो रे चित्त बुजाइ हिँड्चा हूँ, आब पुग्यैन भणी जानु झिक् मूर्ख हुनु हो मैले संज्या, नियन्त्रित मूल्यमै लिया वस्तु इसोइ हुन्या हो ।

तोप बहादुर रे म असन चौकमै निकल्लाउ । ऐल उइका हातमै केवल पचहत्तर रुप्प्याँ मात्तरै छन् । असनका नाटकमै उइले पुरा चौबीस रुप्प्याँ गुमायो । चौबिस रुप्प्याँले उइकि इजालाइ बर्सभरि पुग्दचा गुन्यू फरिया असन चौकमै बिलायो । पै उइका बुवालाइ भोटो रे कछाड़, बैनिलाइ गुन्यु, आफलाइ नयाँ लत्ता केवल् सपनाइ मात्तरै भयो । उइको घर बर्सभरि अनारोइ रन्या भयो । परिवारको भान्सा वर्षभरि अलूण्यै रन्या भयो । उइलाइ यो संजनाइँ भयैन । उइलाइ आब सामानखिलाइ रुप्प्यैं जरुरत् छ । उइले रुप्प्याँ कमाइबर मात्तरै घर फर्कन्या निधो अर्‍यो । तोप बहादुर कोसौं टाढा है पैतला ख्याइबर असन पुग्या हो । जति उ असनलाइ सर्दा रे विश्वास राखन्छ, तति असन उइलाइ हेला रे शोषण अद्दछ । असन बुज्जैनकि सक्यासम्म उइलाइ इमानदारिले सौलियत दी खुसि बनाउँ । इसाइ मूर्खऽन्लाइ नक्कलि रे मिसावटको सामान जिम्मा लाइबर असनले बाँच्चु सिख्या छ ।

तोप बहादुरको आवश्यकता पूर्ति अद्द म असमर्थ छौं । पाँच-दसको सहयोगले न हुन्या । तसैले म लाचार छौं, म उपाय रहित छौं । म उइलाइ बिदेस भासिन बठाइ रोकिसक्दैन ! तोपबहादुर सित म दुखि हुनोइ भण्णौ -"त् घर जा भाइ ! लाहुर मै झिक्क बर्ता दुख हुन्छ । कभै न गयाको न धेक्याको ठाउ । जान्या आँट जन् अरै । भोल रात्तैका वसमै वारबिस्या हुनोइ घर जा । तेरा घरमै इजाबुवाले क्यै न भण्ण्या हुन्, विश्वास अर् घर जा भाइ, घर फर्क !"

उ निसुरा स्वर मै भण्णोइ जान्छ -"म घर त जानैन जानूँ ! क्य मुख लीबर घर जाउँ ? बरु दाइ भया ठाउमै जानौ रे कोइला खानिमै काम अद्दौ, रुप्प्याँ कमाउनौ । पै घर फर्कि, भण्या है लै बर्ति माल लीबर जाउँलो ।"

"आज काँ बस्स्या हो त"

"इथै कथै बस्सौ ।"

"म जाउँ त ?"

"हुन्छ ।"

"त इथै बसन्छै त ?"

"इथै त बस्सु पड्लो आज ।"

म तोप बहादुर सित बिदा ली आफनो बाटो समाउनौ रे सुच्चोइ जानौ । याँ बठि इस्याइँ युवा शक्ति विदेसिन्छ, समय रे परिस्थितिका चपेटामै पड़ि । यै महँङि रे अग्गास लाग्या बजारले तोप बहादुर जसा इमानदार रे श्रमजीवी यै देशले गुमायो । उइका बुडाबुड़ि इजाबुवाले एक सहयोगी चेलो गुमायो । उइकि बैनिले माया अद्दया एक दाइ गुमायो । उइका सङ्ङि-सातिले एक असल मित्तुर गुमायो ।



## माङ्गल्बार

एक् सर्कारि कार्यालयका कोठामै म घण्टौंबठि है बसिऱ्यौ । मेरो काम भया आथिन् । यिन फाँट वाला॑न् लाइ मसित बोल्ल्यै फुर्सत लै धेकीनीन् । म समेत चार जना आँजि कामै पखिबर बसिऱ्यौ । अफिस पुगय्याँइ उइले मखै 'एक्कै बेर पख, काम अरिदिनौ' भणी आश्वासन दिया हुनाले म अल्मलीऱ्यौ । यै कोठामै कुर्छिको अभाव छ । म कभै उभीनौ, कभै एक् अपरिचित बसी कुर्छिका कुना मै बस्स जानौ । बस्सा-बस्सा जिउ अप्ठचारो भया ले कभै कोठा बाइर निकल्लौ । मैले यै बीच फाँटवाला सित दुइ बेर अनुरोध अरिहाल्या 'मेरा कागत अर्खा फाँटमै पठाइदियमन' भणी, झर्कीबर ओठचा जबाब दियो, तेसऱ्याँ भण्ण्या मन लाग्या आथिन् ।

आज म यै कार्यालयमै दुइ हप्ता पैथिर प्रवेश अद्दाऱ्यौ । मैनौं धेकि अल्मलीय्या यो काम जटिल त थ्यैन । काम सक्दचूँ भणी लाग्या बीस मिनटमै सकीन्या मेरो काम बीस पटक धाइबर लै हुनसक्या आथिन् । काम साधारण हो । कर्मचारिको सरसल्लाले तीन सय पच्चीस रुप्प्याँ बुजाया थ्यौं, नियम ले त्यो काम न हुन्या जानकारि पाया । काम न हुन्या हुनाले मैले पैसा फिर्ता पाउन्या मौखिक जानकारि पाया हूँ रे कार्यालय धाउन्नाऱ्यौ । रुप्प्याँ न पाउन्या लै भण्णाइन । पाउन्या भया, छटाइँ कार वाइ लै हुनीन । थोको बर्ति जति पायाले लै पैसाकि माया सबै हुन्छे । पै आफैले बुजाया पैसा ।

रकमै नानु भया हुनाले हो कि फाँटवालाले मेरा कामै ध्यान न दियाको हो ? मैले तरिकाइ बुज्ज न सक्या हुनाले हो कि काम न भयाको ? मैले तीन सय पच्चीस रुप्प्याँ फिर्ता पाउन, तै है लै बर्ति खर्च अरिसक्या । मेरा समयको मूल्य, याँ आउन्या जान्या खर्च त आफनी ठौर छ । प्रत्येक पटकमै मैले घटिमै दुइ घण्टा बिताया छौं याँ । बीसौं पटक धाउना लै, घण्टौंका प्रतीक्षा पैथिर लै काम न भया धेकि आब याँ न धाउन्याँ निस्सय मै रुप्प्याँको माया मारि कार्यालय है फर्कदौ । आँजि क्यै दिन पैथिर 'आफनो पाउन्याँ रुप्प्याँ क्या कि छाड्डचा ? पायाले एक् काम त टलन्छ' भण्ण्यै आसामै कार्यालय धाउनौ ।

म कोठा मै आफनो काम पखिबर कलीऱ्यौ । फाटवाला एक फाइलमै व्यस्त धेकीन्छ । उइलाइ मसित रे मै जसा और सित बोल्लाइ फुर्सतै न भया जसो छ । यै वातावरण खल्बल्याउनोइ एक मान्स कोठामै प्रवेश अद्दोइ भन्छ -"ओ हजूर मेरो काम भयो !?"

उइलाइ धेक्दाइ पछ्याण्या मैले, उ महेश कुमार केड़िया हो । उइलाइ म दसौं बर्स बठि है पछ्याण्णौ, उइ काठमाणूँ आया दिन बठि है ।

उइको गर्ज्ो आवाज फाँटावालाका कान मै न पुच्चाइ कुर्छिमै है जुरुक्क उठि भण्ण लाग्यो -"आस आस महेश कुमार जी ! ?"

फाँटवालाले वाइँखैकि एक कुर्छि तानिबर महेशकुमार सित बस्स अनुरोध अऱ्यो । महेश कुमारले त मलगै तानि कुर्छिखै लय्यो । उ कुर्छिमै बस्यो, म उइ कुर्छिका हत्तामै टुसुक्क बस्यौं । मलाइ सोदच्यो, मैले आफना काममै आया बताया । उ लै इम्पोर्ट लाइसेन्सका लेख आया रै छ ।

फाँटवालाले आदरपूर्वक उइलाइ भण्यो -"महेश कुमार जी ! तम बेली आइजाला हाइरैथ्यौं । काम सबै तयार छ, मात्तरै डाइरेक्टर साइबको सैछाप बाँकि छ ।"

हाँस्सोइ महेश कुमारले भण्यो -"मै बेलि आउन नै सक्यो, आज आयो, छटाइँ काम सक्याइ दिय ।"

फाँटवाला महेश कुमारको आज्ञा पालन अद्दोइ दराज है फाइल निकालि -"तम एक्कै बेर बस, म डाइरेक्टर साइबको सैछाप अराइ ल्याउनौ" भण्णोइ गयो ।

"कोहि बात छयन ।"

फाँटवालो फायल ली कोठा है बाइर निकलियो । जिज्ञासाले मैले सोदिहाल्या -"महेश कुमार जी ! अैल विदेश व्यापार आफै सुरु अऱ्या ?"

मेरि कुरड़ि सुणन्तकै मेरो हात समाइ सज्ऽ चेप्दोइ अैल मौन हुन्या इसारा अऱ्यो उइले । मुखले क्यै जबाब न दिया हुनोले, मलाइ उइप्रति शंका उत्पन्न हुनलाग्यो । हो लै उ भारतीय पासपोर्ट बठाइ तीन मैना अैतिर हङ्कङ् गया मलाइ था थ्यो । दस बर्सबठि काठमाणूँमै बस्याले लै उ आफलाइ नैपालि बनाउन्यै तर्खरमै नलाग्या कुरा लै मलाइ था छ । बर्मामै जन्म्या महेश कुमार बर्मा है निष्काशित होइबर नेपाल मै बस्या भयाले लै आफलाइ भारतिय नागरिक भण्णामै गर्ब अद्दथ्यो । तसै वेला म एक सर्कारि निति संजदौ -'प्रत्यक्ष रूपले कसै विदेसिले यो व्यापार अन्न सक्दैन ।' पै यै नितिका विरुद्धमै विदेसिलाइ क्याइ इति बर्ति स्वागत ? क्याइ इति वर्ता सौलियत ? मेरा मनमै कुतूहल पैदा भयो, यै विषयमै जाण्ण रे बुज्ज ।

महेशकुमारले मलाइ सोदच्यो -"तमरो बर्ती काम छ ?"

मेरो काम अरिदिया त क्यै बेर लाग्दचै थीन । आज लै मेरा काम होलो जसो आथिन् । तसैले उइलाइ मैले जबाब दिया -"काम त नाऽनो हो, साइत आज लै हुन्या होइन जसो छ ।"



उइले सोदच्यो -"तम गाड़िमै कि पैदल ?"

"पैदलै आया । हाम जसाले इति अकरो पेट्रौल हालि सदान गाड़ि चड्ड काँ सक्दाउ ?" मैले उइलाइ भण्या -"पैदल हिट्टु स्वास्थ्यका दृष्टि ले लै राम्ड़ोइ हो ।"

इत्तुकै मै फाँटवालो भितर पस्सोइ भणन्छ -"महेश कुमार जी ! काम सकीय्यो यो फाइल लै जा  रे पैठारि शाखा मै दिय, तमरो कागज यै मै ताइँबठाइ बुजि लैजा ।"

फाँटवालाले महेशकुमारलाइ फाइल दियो । महेश कुमार मखै 'एक मिनट' भण्णोइ बाइर निकल्यो । मैले फाँटवाला सित मेरा कामका विषयमै अनुरोध अऱ्या । उइले आज काम न भ्याइन्यै कुरड़ि मखै भणि 'भोल आस तमरो काम अरि दयूँलो' जसो अनिश्चित वाक्य प्रयोग अऱ्यो । म निराश होइ क्यैनबोलि 'हवस् भोल आउँलो' भण्णोइ कोठा है बाइर निकल्यौं ।

म कार्यालयका तल्तिर ढोकामै मात्तरै पुग्या थ्यौं, महेश कुमार आफनो काम समाप्त अरि मेरा अैतिर आइपुग्यो । मैले उइलाइ भण्या -"इति छटाइँ काम सकिहाल्या ?"

"हाँ तो ! धेरैइ समय लगाउन्या क्यै बातै छयन ।"

"कति दिन बठिको 'पेन्डिङ्' काम हो यो ?"

"बस् पोरु मात्तरै दिया । धेरइ दिन लायो भण्या मुल्लान्ले खान काँ पाउनान् ?"

मेरा मनमै ज्य गुजऱ्या भयाले लै थोल मै हाँसो ल्याइबर भण्या -"खुबै छँटाइ काम सकाउन्या रैछौ । हुना त तम जसा व्यापारीन्लाइ फुर्सत लै हुनीन । जति सक्यो छँटाइ काम सक्दु लै राम्ड़ोइ हो ।

उइले म सोदच्यो -"तमरो काम सकीय्यो ?"

"आज कामले भ्यायैन रे, भोल बोलाइराइछ ।"

"क्या ? सक्यैन ? मै भन्दिन्थ्ये, आफनै मान्छचा भणी, पैल्ली क्याइ भण्यान मैलाइ ?"

उइकि कुरडि सुणि दिक्क लागि मलाइ, आफनाइ देसमै उइ एक विदेसिको मान्छचा भणी पछ्याणीनु पड्ड्चा धेकिबर । हुन त उइले मेराइ फाइदाखिलाइ भण्या हो । यो कुरड़ि मेराइ फाइदा लेख भयाले लै सऽन सक्दैन म । मैले मनमनै सुच्या, बरु मेरा काम न भयाले लै क्यै न आथि, कभै लै इसिथिति न आउ ।

मैले उइकि कुरड़िको क्यै प्रतिक्रिया जणायैन । म मौन रयौं । उइले आफै सोदच्यो -"तम आब काँ जान्या ?"

मेरा आजो काम त्यै थ्यो, भयैन, विशेष काइँ जान्या काम थ्यैन र घरै जानौ ।"

"दिन मै घर जान्या फुर्सत भया, मै सित हिट ।"

"काँ ?"

"मेरा अफिस मै । "

मैले उइसित जान्या सम्मति जनाया, कारका फ्रन्ट सीटमै दुयै बस्यौं । गाड़ि अफिस तिर लागि । उइले कुरा निकाल्यो -"तम लै फरेन ट्रेडतिर लाग्या हो ?"

"लाग्या त आथीनूँ । लाग्दचा विचारले कार्यालय धाउन लाग्या । हुन्या त भयैन । हाम जसाले कस्याँ अद्दचा ?"

सम्भवतः विदेश व्यापारमै सल्ला अद्द मलाइ उ अफिसतिर लैजान्ना छ । मैले उइलाइ विस्तारै सोदचा -"क्य तमले लै विदेश व्यापार सुरु अऱ्या ?"

"विदेश व्यापार त म पैल्लीबठि है अद्दाऱ्यौं । तमलाइ त थाई छ, पैल्ली म अर्खाको इम्पोर्ट लाइसेन्स खरिदन्थ्यौं, ऐल आफनोइ फर्म छ बस् फरक तत्ती हो ।"

मैले उइलाइ संजाउनोइ भण्या - "तम त भारतीय नागरिक, कस्याँ आफनो पर्म रजिष्ट्रेशन अऱ्या ? क्य त नैपालि नागरिकता ली सक्या तमरा साथि धारिवालै जनि ।"

"पैथिर बताउँलो" उइले कुरड़ि टुङङचाउनोइ भण्यो ।

उइका काठमाणूँका सुरुसुरुका दिन मैले लै निक्केरि धेक्या हूँ । उइले दुइसय पचासै नौकरि मै काठमाणूँका फुटपाथ धुल्याया हुन् । एक कोठाको पचास रुप्प्याँ तिरि उइले मैना गुजाऱ्या छ । आज महेश कुमारका तीन तीन कार अठारसयको बङ्ङलामै मौजुद छन् । उ क्यै कुरड़ि लै मखै भण्ण न हिच्किचाउन्या हो रे अैल क्यै बताउन्नाऱ्यैन्, मैले बुज्जै सक्यैन ।

हाम उइका अफिसका तल्तिर सड़कमै आइपुग्यौं । उइले आफनि गाडि रोकिबर भण्यो -"मै तमसित सल्लाहा अद्द चास्या छ । जाउ मल्तिर अफिस मै ।"

हाम दुयै उइका अफिसमै पुग्यौं । म करीब तीन मैना होइगैथ्यो उइका अफिसमै न आया अफिसमै ठुलोइ परिवर्तन होइसक्या रैछ । स्टाफलै थपीय्या रैछन् । उइको छुट्टोइ क्याबिन रैछ । पुग्दा पुग्दाइ उइले मलाइ 'गरम या ठण्डा' खान्या प्रस्ताव राख्यो ।

उइले आफना अफिसका पिउनलाइ बोलउन्तक भण्यो -"बहादुर ! ए बहादुर !"



एक् नवयुवक् ढोका खोलि उपस्थित् भयो "क्य हो साप् ?"

मैले इसो 'बहादुर' शब्द कलकत्ता, डिल्ली, बम्बै मै मात्तरै सुण्या हो । आज काठमाणूँमै लै सुण्या । सुणन्तकै मेरा मनमस्तिस्कमै झस्को पस्यो । मलाइ महेश कुमार धेकि दिक्क लागि, न राम्ड़ो भावना पैदा भयो । यै विषयमै क्यै न बोलि चुप्प बस्स सक्यैन रे तै युवक् लाइ सोदचा -"भाइ ! तेरा नाउँ बहादुर हो ?"

युवकले जबाब दियो -"हो हजूर ।"

मेरो चित्त बुज्यैन रे सोदचा -"क्य बहादुर मात्तरै नाउँ हुन्छ ?"

"याँ सा'प ले बहादुर भण्णाहान् । तसैले मेरा नाउँ लै बहादुरै होग्यो ।"

"याँ नौकरि अऱ्या कति भयो ?"

"तीन मैना हुनै लाग्या ।"

"याँ है पैल्ली क्य नाउँ थ्यो तेरो ?"

"नाउँ त राम प्रसाद हो ।"

"पै क्याकि बहादुर भणी, राम प्रसाद भण्मन ।"

महेशकुमारले मेरो आशय बुज्यो । उइलाइ असजि लाग्यो रे भण्यो -"राम प्रसाद भण्णु बर्ता लामो नाउँ छ । 'कान्छा' भणू भण्या अर्खा मान्सको नाउँ लै कान्छा छ । तसैले सजिका लागि बहादुर भण्या हूँ ।

मैले उइलाइ संजाउनोइ भण्या यै ले क्यै बहादुरि अऱ्या भया बहादुर भण्णु राम्डोइ हो । यै ले क्यै बहादुरि अऱ्या जसो त लाग्दैन, क्याका लेख सुद्दोइ 'बहादुर' कि उपाधि दिया ?"

महेश कुमारले गट्टो मुख लाइबर भण्यो -"बहादुरि अऱ्या थ्यो कसै जमाना मै नैपालिले, तसैले त 'बहादुर' राम्ड़ो भयो । होइन त ? सबै नौकरलाइ कान्छा रे बहादुरै त भण्णाहान् ।"

"बहादुर ' शब्द त राम्ड़ोइ हो, तब लै हाम्लाइ सुण्णा न राम्ड़ोइ लागन्छ ।"

"अच्छा यै कुरड़ि छाड़ि दिउँ ।" उइले भण्यो आजकाल क्या अद्दा छ ?" "काम त विशेष क्यै न आथि" भण्णोइ उइलाइ बताया - "आफनाइ घरो कामकाज रे कारोबार हेद्दाऱ्यौ ।"

उ आफना अफिसको फाइल केलाउन थाल्यो । एक्कै बेरको मौनता पैथिर मैले सोदचा -"महेश कुमार जी ! आजभोल विदेश व्यापार क्य आफनाइ फर्म बठाइ अद्दा छौ ?"

"हाँ तो क्या गर्न्या ! नैपाल सर्कारको नीति क्यै ठीक छयन । कभै क्यै हुन्छ त कभै क्यै हुन्छ । जसो जसो नितिमै परिवर्तन सर्कार अरन्छे,

हाम्ले लै आफना व्यापारमै परिवर्तन अद्दुइ पड़न्छ । तम्लाइ थाही छ पैल्ली एक सय साठि प्रतिशतका भाउमै इम्पोर्ट लाइसेन्स किनि, हाम्ले काम अऱ्यैको हो । आब सर्कारि निति बदलीगै । एक्सपोर्टको बोनस न दिन्या निति बसायो । कस्याँ हामरो काम चल्ल्या ? जसो सर्कारकि नितिमै बदल हुन्छे हामले लै तसोइ हुनु पड़्यो तबै त आफनोइ फर्म रजिष्ट्रेशन अऱ्या । आफ्लाइ चाइन्या माल आफै मगाउनौ । लाइसेन्स निकाल्लौ । काम चलाउनुइ पड़्यो, भण पै क्य अर्न्या ?"

मैले सोद्या -"क्य सर्कारि निति बदली रन्छे ? एक् क्यै ठोस निति रनीनँ ?

उइले जबाब दियो -"काँ एक् नीति रन्छे ? कभै बोनसमै इम्पोर्ट लाइसेन्स दियो त कभै डलरलाइ बाह्र रे सोल अरिबर विनिमय रेट कायम होइ इम्पोर्ट फ्री हुन्छ । कभै सोल घटाइ चौद्मै पुगन्छ । ज्य अरुँन्, हाम् व्यापारिलाइ नक्सान दिन चाइँ सक्दाइन् । हामराइ सल्लाहले त सबै होइराख्या हुन्छ ।"

मैले उत्साहपूर्वक सोद्या -"कैका सल्लाहले ?"

"हामरा ग्रुपका सल्लाह ले ।"

"तमरा ग्रुप कसो छ ?"

उपहासो हाँसो हाँस्सोइ उइले भण्यो -"यो क्या तमरो धेक्द्या ग्रुप हुन्छ ? हाम् नैपालमै कस्याँ टिकिऱ्यौ ? क्य तम् संजन्छौ कि म एकलोइ याँ काम अद्दाऱ्यौ ? हाम् ठुल्ठुला व्यापारिको एक् ग्रुप छ । तै मै शक्तिशाली पावरका व्यक्ति लै छन् । यै मै हाम्लाइ चाइँन्या नाना-ठुला कर्मचारि लै छन् । तम लाइ म ग्रुप धेकाउन सक्दैनँ ।"

उइका भणाइ अनुसार नैपालको व्यापार इनराइ मुठिमै छ । इनऽन् ले जज्ज्याइँ लै ज्य लै अरिसक्दान् । यैले धक् फुकाइबर बयान अऱ्या सुणि, यैकि कुरड़िमै शंका अन्न्या ठाउ लै धेकीनैन । मेरा आँखाले आज सर्कारि कार्यालय मै यैलाइ अऱ्या इज्जत आफनाइ आँखाले धेक्या । तसैले यो होइन, यो हो, यो हुन सक्दैन भण्ण्या पक्ष मै म आथीनूँ । म टोल्लीबर उइकि कुरड़ि सुण्णोइ जानौं ।

उ भण्णोइ जान्छ -"तमले तक्या पै आजको मेरो काम ? मै जान्या सातै सब्बै काम हुन्छ । हाम जे काममै लै ढिलासुस्ति मन पड़ाउनाइन् । हाम सब्बै हाकिमलाइ आफना कामका बारे मै फोनै बठाइ जानकारि दिनाउ, काम छँटाइ सक्दाउ ।"

उ भण्णोइजान्छ -"मलाइ लागन्छ, तमरो तै अफिसमै भौतै दिन बठि काम अल्मल्मै छ । मखै भणि सकन्छ क्या काम हो ?"



उ स्पष्ट होइ सबै कुरा बताउन्नाछ, मैले आफनो काम लुकाउनु मुनासिब धेक्यैन रे भण्या -"काम त ठुलो होइन मैले एक् कामका लागि तीन सय पच्चीस रुप्प्याँ बुझाया थ्या । नियमानुसार त्यो काम हुन सक्दैन भणी जानकारि पाया, राख्या धरौटि फिर्ता पाउन्या नियम रै छ । त्यै पैसा फिर्ता लिन अफिस मै धाउनौ ।"

"कति फेरा गया ?"

"जाना त कति फेरा ब गयौं ।"

"कति फेराको मतलब चार-पाँच फेरा ?"

"होइन तै है लै बर्ता ।"

"तब् तो तम सजिलो हिसाबले पाउनानँ । संज तमले पाउन्या रुप्प्याँ मै दस्-पन्नर प्रतिशत उइलाइ दिन्या मञ्जूर भया उज्ज्याइँ पाउन्या हो ।"

"क्याइ, आफनै रुप्प्याँ लिन लै उनलाइ कबुल्लु पड़न्छ ?"

"क्याद्दु त ! तमरा अफिसको नियमै तसोइ छ ।"

"दिनमञ्जूर हो, यो सबै छाड़ि दिय ।"

"तसि कुरड़ि कार्यालयमै कस्याँ अरौं ?"

"सोजोइ भण या घुमाइबर भण । तमले न बोलय्याँ उ आफै बुज्ज्या होइन । नबुज्यासम्म काम लै हुन्या होइन । अफिसमै एकल्यैबर भण या बाटामै भण । तब मन्तरचा जति काम होइजान्छ । मै तो याइँ बोलाउनौ आफना कामका लेख ।"

उइले अऱ्या व्यवहार म अन्न सकदैनँ । उइलाइ था भया कुरा मलाइ था आथिन् । तबै त उइ रे ममै ठुलो अन्तर छ । उइले पाँच बर्समै अरि प्रगति मेरि जिन्दगि भरिलै हुनै सक्दीन । उइको सल्लाह मेरि भलाइका लेख हो । तै सल्लाह अनुसार अद्द्या साहस म मै आथिन्, मेरा क्षमता है बाइरै कुरड़ि म अद्द लै सक्दैनँ । यै सन्दर्भ मै म उइखै सोद्दौ -"क्य तमरा कामखिलाइ बोलाया सर्कारि कर्मचारि याइँ आउनान् ?"

उइले हाँस्सोइ भण्यो -"क्य भण्या ? आउनुइ पड़न्छ, न आया उनरोइ काम चल्लैन । कति अफिसका मान्सऽन् लाइ तलब दीबर राख्याछौं, मेरो मतलब सर्कारि तलब होइन, हामरो काम अऱ्या बाफत् हामले दिन्या तलब । यदि हामले इस्याँ तलब न दिया, हामरा काम मै लै ढिलाइ होइजान्छे । ढिलाइ भै कि काम बिगड़्यो, ब्यापारमै चाँडो चाँडो काम हुनु पड़न्छ । अच्छा ! तम् भण हामरा सम्पर्कका अफिसको कर्मचारि अैलै बोलाउँ ? हामले बोलायो कि सबै कामम छाड़िबर लै आइजानान् । उनैलाइ फाइदा छ, हाम ले जति बोलायो उति बर्ता पैसा पाउनान् । क्य कुरा अऱ्या तमले !"

टेलिफोनका घन्टिले उइको काम रोकिन्छ । उ फोनमै कुरा अच्छ -"हलो .....क्य दस लाख......ठीक......ठीक.......एक लाख घाटा, क्या क्वै भयो...... हाँ......ठीक अच्छा !"

टेलिफोनको कुरा न सकीनाइ टेबुल मै गरम कौफि आइ हालि । फोनको रिसीभर राख्दोइ कौफि खान हातले इसारा अरन्छ उ । कौफिको कप हातमै लिनोइ म भण्ण पस्सौ -"महेश कुमार जी ! साँच्ची तम याँ कसै सर्कारि कर्मचारि बोलाउन सकन्छौ ?"

"तमले हामलाइ विश्वास न अऱ्या ?"

"विश्वास न अऱ्या त होइन । यो कार्यालय समय मै सर्कारि कर्मचारि कस्याँ आउन्ना, यै मै शङ्का लागिरै छ ।

"भण पै तसो भया कै अफिसको बोलाउँ ?"

उइकि कुरड़ि सुणि मलाइ झिक् आश्चर्य लाग्यो, कै अफिसको बोलाउ भणी सोदचो । यैको मतलब इनऽन्को सबै अफिस सित सम्पर्क छ । आब म कै भणू मखिलाइ नै अप्ठचारि थिति आइ । मैले उइलाइ आँजि सोदचा -"जै अफिसको लै, मतलब नैपाल मै भया सबै अफिसको ?

"तसो होइन ! तम भणला युनिवर्सिटिका मास्टर बोलाऽ । म बोलाइ सक्दैनँ । हामरा व्यापार सित सम्बन्धित सब्बै अफिस ब भण्या मैले ।"

तत्काल दिमाक तसै कार्यालय तिर गयो, जाँ आज म गैथ्यौं ।

मैले भण्या -"अैतिर हाम् भीट भया कार्यालयका अफिसर बोलाऽ । फाँटवाला होइन ।"

"कै अफिसरलाइ ?"

आँजि मलाइ फसाद पड़चो, कै भण्णु पछचाण्या क्वै न आथि । मैले विचाऱ्या फाँटवाला है मथिको व्यक्तिसित परिचय भया आफनो तीन सय पच्चीस लै आउन्या । तसैले मैले भण्या "फाँट वाला है मल्तिरो क्वै लै अफिसर बोलाऽ । जै खै आस् भण्याले उज्ज्याइँ आउँछ ?"

"ठीक छ तमरो शङ्का दूर अरिदिनौ भण्णोइ टेलिफोन अऱ्यो - "हेलो............हुन्छ............ मै महेशकुमार न्यूरोड़ है, तमऽनमै, को आउन सकन्छ अैले आस, म याँ बसिऱ्यौ ।

टेलिफोन राख्दोइ भण्यो -"अफिसर दुइ-तीन जना मिटिङमै, एक अफिसर भिटीय्या, बोलाइराख्यौ ।"

महेश कुमारले मसित व्यापारका सम्बन्धमै कुरड़ि छेड़ि । जे कामखिलाइ सल्लाह अद्द खोज्या हो त्योइ विषय निकाल्यो । म प्रति सहानुभूति राख्दोइ विदेश व्यापार सुरु अद्दचा सल्लाह दियो रे भण्यो -"यै मौकामै हाम सित मिलि काम अऱ्या बर्ती फाइदा हुन्या हो ।"



उइको भणाइको अर्थ थ्यो सर्कारि नीतिका विपरीत मैले क्यै काम अद्दु, जै म अद्द सक्दैन थ्यौं । जब मैले उइको पूर्ण आशय बुज्या, तै पैथिर मैले सिद्दाइ जबाब दिया -"यो म बठाइ हुनै सक्दैन, इस्याँ रुप्प्याँ कमाउन्यै मलाइ जरूरत लै आथिन् ।"

मेरा इत्ति जबाबले चुप्प रयैन रे झिक् जोस्सीबर हिन्दी भाषा मै रुप्प्याँको महत्त्व मलाइ और निक्केरि संजाउन लाग्यो ।

हामरि कुरड़िकानि न सकीय्यै, एक जना अपरिचित व्यक्ति कोठामै प्रवेश अरन्छ । महेश कुमार उइलाइ स्वागत अद्दोइ भणन्छ -"आस आस छट्टाइँ आस्या, बस ।"

महेश कुमारले परिचय अरायो । तिन त तसै कार्यालयका शाखा अधिकृत शिवराम रै छन्, जै कार्यालयमै मैले बीसौ दिन धेकि धाउना लै म सित बोल्ल्यै एक मिनट फुर्सत कसैसित थीऽन ।

महेश कुमारले, अल्मलीय्या मेराइ कामका बारेमै सुणायो रे हुनसक्या मद्दत अद्द लै भण्यो ।

अधिकृतले म सित सोदचो -"कति दिन भया काम अल्मलीय्या ? कैका फाँट मै छ ?"

"करीब तीन मैना भया मैले रुप्प्याँ बुजायाका । काम न हुन्या भयो, रुप्प्याँ फिर्ता लैजा भण्याको अढाइ मैना भयो होलो कति फेर ब धायौं अफिस मै, आँजि भोल बोलाइ राइछ । धै भोल काम हुन्छ कि ?"

"भोल तम अफिस आयाले पैल्ली मलाइ भिट । जैका फाँटमै भयाले लै म काम टुङ्ङचाइदचूँलो ।"

महेश कुमारले मलाइ संवोधन अद्दोइ भण्यो -"तम निश्चिन्त रया, काम होय्यो । वाँ ले भण्याँ जनि अफिस पुगज्ज्याइँ वाँ सित भिट । काम सबै होइजान्छ ।"

अधिकृतले महेश कुमारकि कुरड़ि पुष्टचौनोइ भण्यो-"है है सबै काम होइजान्छ, चिन्ताकि कुरड़ी न आथि !"

जै कुरड़ि म हृदयैबठि मन पड़ाउनैन थ्यौं, त्यै भयो, मेरि इच्छा न होइबर लै यो वातावरण अनायासै सृजना भयो ।

अधिकृत रे महेशकुमारै मै आपसि सञ्चो बेसञ्चोकि कुरड़िकानि भै । जस्याँ कि यिन दुयैकि गैरि मित्रता होउ । महेश कुमारले आज अफिस आयाको, डाइरेक्टर साबसित भीट नभयी कुरड़ि लै भण्यो । -"आज वाँ को कामलाइ मात्तरै दुख दिया हूँ ।"

अधिकृतलाइ ज्याकि लै वोलाया भयालै बाठा महेश कुमारले भण्यो -"इसो कुरा फोनबठाइ भण्ण मनासिब नभया हुनाले मात्तरै तमलाइ दुख

दिया हूँ ।" प्रतिउत्तरमै उइले भण्यो -"ठीक अऱ्या ! क्यै कुरड़ि लै भिटघाट मै ठीक हुन्छे ।"

महेश कुमारले वाँलाइ चाहा खान आग्रह अऱ्यो, तर अधिकृतले चाहा न खान्या विचार व्यक्त अऱ्यो । महेश कुमारको अधिकृत सित क्यै काम थ्यैन । महेश कुमार ले त मेरो शंका निवारण अद्द मात्तरै त अधिकृतलाइ डाक्या हो । संयोगले त्यै अफिस पड्ड गया हुनाले मेरो काम लै बीचमै भुण्डीय्यो । अन्यथा यो अवस्थाइ न आउन्यै थ्यो ।

महेशकुमारले अधिकृतलाइ बिदा दिनोइ भण्यो -"भोल साँऽजि मेरा घरमै आया, डाइरेक्टर साइबलाइ क्यै सामान पठाउनु छ ।"

भोल साँ ऽ जि ? हुन्छ भण्णाइ अधिकृत कोठाबठाइ बाइर निकल्या ।

क्यै बेरको मौनता पैथिर महेश कुमारले भण्यो -"तक्या पै नोटको ताकत ?"

मेरा थोलबठाइ एक् वाक्यलै फुट्टैन । म टोलीय्या भ्रो होइ उइका मुख मात्तरै तकि रैछौं । उइले ज्य भण्यो त्यै सत्य रै छ । म मनमनै सुच्चौ बेलीको महेशकुमार रे आजको महेश कुमारलाइ । दुयै महेशकुमार मेरा आँखाको अैतिर-पैथिर घुम्दाऱ्यान् । एक् विदेशी अर्खाका देशमै आइ जै हिम्मत रे साहसै धेकाउन्ना छ, त्यो अनुकरणीय हो वा होइन, म छुट्टयाउन सकिराख्या आथीनूँ । मेरो मौनता तोड्डोइ महेशकुमार भन्छ -" तम् क्यै काम अर, नति पस्ताला ? तमरा छोराछोरि लै पैथिर सरापन्ना ।

मैले विस्तारै आफना विचार व्यक्त अऱ्या -"क्यै अद्दचा त मेरो लै इच्छा छ । तर तमले जे भण्या त्यो अद्द मेरा मन आथिन् भणू या हिम्मत आथिन् भणू । तब लै अर्खो सरल रे योग्य काम बता म अद्द तयार छौं, तमसित मिलिबर अरूँ या एकलोइ अरूँ, त्यो पैथिर विचारूँलो । व्यापार न अरि त मेरो पनि घर चल्लु मुश्किल छ ।"

उइले मेरि कुरड़ि काट्टोइ भण्यो -"तम सोजो होइ नोट बनाउन सक्दाइनौ, टेड़ो आउँलोले मात्तरै क्यै चीज निकलन्छ । म जे भण्णौ त्यो तम् माण, माण्णान भण्या क्यै दिनमै गाड़ि बिकलि, क्यै वर्समै घर बिकलो । तम् भोल केटाकेटिलाइ दुख दिन्या हो । आज त तम पेट्रोल किन्न न सकि गाड़ि चड्डानँ, इस्याइँ भोल गाड़ि मेन्टेन अद्द सकला भण्ण्या मलाइ विश्वसै न आथि । तसैले आँखा चिम्म अरि हामसित आस ।"

तै कुरड़िमै मैले अफनि प्रतिक्रिया जनाउनोइ भण्या -"तकमन महेश कुमार जी ! तमले भणी कुरड़ि म माण्णौ, पैसाले सबै थोक हुन्छ । तब लै म तमरि भणी कुरड़ि अद्द तयाँर आथीनूँ । कारण यो मेरो जन्म



थलो हो । याँ मेरा इष्ट कुटुम्ब, नातागोता रे जाण्या-पछ्याण्या मान्स लै छन् । रुप्प्याँका फेरमै पड़ि मेरा इज्ज्त मै दाग लाग्या रानि पोखरिमै जाइबर हाम् फाल्ल है बाहिक और क्यै बाटोइन रनो । जो आफनो समाज हो, तै समाज मै घृणित होइ म बाँच्च चाहनैन । तसैले मेरि इच्छा हो सिधा काम अरौं । जे आथिन् तै कि खोजि म अद्दैनँ । तम ब आफना देश है बाइर छ्य । तमरो एक्कै लक्ष्य हुन्छ रुप्प्याँ कमाउन्या । तमरो चौबीसै घण्टा तन मन तसै मै लागिरन्छ । कथकदाचित क्यै न राम्ड़ोइ भयाले लै तमरा इज्जतमै भण्याँ धब्बा लाग्दैन, क्या कि कि तमरा तक्दचा आफना मान्स कोइन हुना । रुप्प्याँ बोकिबर तम् घर जाला, भिक् इज्जत बड़लो र तसैले महेश कुमार जी ! जति तम् आफना इज्ज्तको वास्ता न अरि काम अरि सकन्छ, म सक्दैनँ । यो मेरि कम्जोरि संज या नैतिक सिद्धान्त ।"

मेरि कुरड़ि न सिद्धिनाइँ कोठा मै दुइ जना प्रवेश अद्दाहान् । महेश कुमार जसाइ समान वर्गका धेकीन्या टेवुलका अैतिर साइडमै रयी कुर्छिमै बस्साहान् रे आफनि भाषामै व्यापारकि कुरड़ि अद्द लाग्दाहान् । म चुपचाप तीनै जनाको मुख एक्-एक् अरि तक्द लाग्यौं । करीब पाँच मिनटकि उनरि कुरड़ि पैथिर तिन दुयैको ध्यान म तिर अकृष्ट भयो । एक जनाले महेशकुमार सित यो को हो भणिबार उनऽन् कि भषा मै सोदचो । मैले न बुज्या भ्रै होइ आँखा तर्काया । महेश कुमारले उनरी भाषा मै भण्यो -"यो स्थानीय मान्स हो, यै बठाइ ठुलो काम लिन सक्दाउ । मूर्ख छ कुरड़ि बुज्जैन, संजाउन्नाऱ्यौ । यदि यैले सात दियो, पै हाम् यै साल काफि फाइदा उठाउन सक्दाउ । जै पायो उइ मान्सलाइ सौंप्याले हाम्लाइ फसाइ दिन्छ । मैले सुचि राख्यौ इसै मान्सबठाइ काम लिनु पड़न्छ । यैलाइ म बर्ती वर्स बठि है पछ्याण्णौ । रुप्प्याँ मै धोका हुनैन ।"

अर्खाले थप्यो -"हेद्दा मै त मलाइ लै यो मान्स तसोइ लाग्यो ।"

इति कुरड़ि सकीय्या पैथिर मलाइ तन दुइ व्यक्तिको परिचय दिनोइ भण्यो -"वाँ ठुला व्यापरि हुन् । वाँ शान्ताराम जेटिया, वाँ किसुन केवड़िवाला । इनऽन् नेपालमै ठुला व्यापारिमै गणीनान् ।"

शन्तारामले भण्यो -"महेश हो ! ठुला व्यापारि हाम हूँ नूँ । हाम त नाना व्यापारि । आफ पन्छीबर हाम लाइ ठुला व्यापीर बनाउँछ ।"

महेश कुमारले वर्मेलि कुरा सुरु अऱ्यो । तीनै जना वर्मेलि भषामै कुरड़िकानि अद्द लाग्या । सहजै अनुमान भयो, यिन तीनै एकै मूलका रैछन् । साइत सड्सडै काठमाण्ँमै प्रवेश अऱ्या लै हुन् । पन्नर मिनट सम्म त्यै कुरा चलन्छ, जो एक शब्द सम्म बुज्ज सकिनैनँ । उनरि गोप्य कुरड़ि

सकीगै, या मैले असजि माण्या महेश कुमारले महसूस अऱ्यो रे आब हिन्दि मै कुरड़ि अद्द लाग्या ।

किसुनको पानी जहाजमै आया सामान हराय्यो रे । इन्स्योरेन्सका लेख क्लेम अद्दु लै बेकार भै छ, कारण अन्डर इन्भ्वाइस मै माल आयाछ, पचास लाखको माल पाँच लाखको इन्भ्वाइस बनाइबर माल ल्यया छ । इन्स्योरेन्स कम्पनिले पुराइ जाँच पड़ताल अरि पाँच लाख मात्तरै दिन्या हुनाले क्लेम अद्दु न अद्दु क्यै अर्थ राख्दैन, बेकारै हुन्छ ।

कुरड़ि सुण्णाइले लै मेरि त होसै गूम भै । सिदाइ पैंचालिस लाख घाटा पड़्चा किसुन केवड़िवाला चिन्तारहित हाँसो हाँसि कुरड़ि अद्दा छ, मेरा त गोजिबठाइ एक रुप्प्याँ लै इथउथ भयाले म तति खुसि रैसक्दैन जति पचास लाखको गुमाइमै केवडिवाला प्रसन्न छ । उइकि कुरड़िले इन्स्योरेन्स कम्पनि सित तै पाँच लाखको लै क्लेम न अद्दचा विचार छ । शान्तारामको चाइँ दश प्रतिशत माल मात्तरै गूम भया रैछ । त्यो लै बेली बीरगंज भन्सारमै माल आया पैथर था भया रै छ । शान्ताराम लाइ लै सात लाखका नक्सानले क्यै फरक पड़्चा जसो न आथि ।

माल हराया उल्लेख अद्दोइ केवड़िवाला भन्छ -“हङ्कङ् है हिटचा जहाज तीन मैनासम्म गायब भयो । मैले त रुप्प्याँको तज्ज्याइँ माया मारिसक्या थ्या । कोरियामै अन्लोडमै पड़्चा हुनसकन्छ, पै कस्याँ खोज्जु ? कोरिया है लोड क्लियर अरि हिटि सक्या आब काँ फेला पड़न्छ । तसैले माया माद्दु बाहिक और उपाय क्यै न आथि ।”

नैपालमै इति ठुला व्यापारि हुन्ना जसो मलाइ लाग्या थ्यैन । यो काठमाणू हेद्दा खि मात्तरै नानो रैछ, याँ का व्यपारिकि छाति तै है ठुलि रैछ ।

उनरो चित्त कस्याँ बुज्ज्या रै छ, त्यो कुरड़ि लै सुण्या । केवड़िवालाले ओभर इन्भ्वाइसमै जति कमायो तै को दस प्रतिशत लै नक्सान न भया रैछ । शान्तारामको चिट्ठाइ पड़िछ । पैल्ली लै कमाइ, ऐल लै कमाइ । यै सिल्सिलामै क्यै कुरड़ि न आयाले लै म अनुमान लाउन सक्दौ महेश कुमारको लै तसोइ होलो, जसो शान्तारामको छ ।

तज्ज्याँइ फोनकि घन्टि सबैको ध्यान खैचन्छे, महेश कुमार फोन शान्तारामलाइ दिनोइ भन्छ -“आफ याँ छौं भणी भण्या थ्यै तैले ?”

फोन मै शान्ताराम कि कुरड़ि सुरु हुन्छे -“हेलो........ के भया शर्माजी ? ................ काम न अद्दचा भयो ? ....... भणमन् साले खै दुइ लात् खालै ............... माण्णैनँ ? म याँ महेशका अफिस मै छौं, आसऽ, राखिदिउँ ?”



शान्तारामले फोन राखिबर भण्यो -“सालाऽन्को मुख ठुलो होय्यो । पैल्ली सिमन्टको लाइसेन्स सम्बन्धमै दश लाखको हजारले हुन्या काम, ऐल लाखले हुनैन ।

केवड़िवालाले भण्यो -“सिकायी तैले लाखकि चाल, खेल्ल्या त खेल्लाहान् । दस लाख कमाया ले एक् लाख् दिन्छै ।”

शान्तारामले भण्यो -“नब्बै प्रतिशत कमाउनु लै मुश्किल छ । तमऽन्लाइ था भयी कुरड़ि हो, तीन मैना पैल्लीको सिमेन्टको लाइसेन्स सम्बन्धमै दशलाखमै टुङ्डीय्यी कुरड़ि लम्बी चौड़ी हुनी सचिव, मन्त्री सबै बठाइ च्यपीबर तीस लाखमै जाइ टुङ्डीय्यी । आब अैल मुनाफा हिसाब अट्टा पच्चीस लाख सिवाय बचत न हुन्या भयो ।”

उइको कुरा काट्टोइ महेश कुमारले भण्यो -“तसो भया पच्चीस लाखमै म सकाद्दौ, दिन्या हो ?”

हाँस्सोइ शान्तारामले भण्यो -“कस्याँ दिन्या, कति मैना बठि बैङ्कको एल.सी. खोलि राख्या, वैङ्क कमीशन, रुप्प्याँको ब्याज, कामदारको ज्याला, आँजि फुट्कर खर्चको बेहोद्दचा ? मेरो मतलब सबै कट्टा अरि पच्चीस लाखमै म तोलाइ दिन सक्दौ । त् आफै सकाद्दचा होइ भण्या, तीस लाख गधाको खाना, बैङ्क कमीशन रे ब्याज, तीन मैनाको हिसाब अद्दा दस लाख कामदारको ज्याला छाड़िदिउँ, औ फुट्कर खर्च पाँच छ लाख, पच्चीस लाख मेरो खुद् मुनाफा रे दसलाख उपरको सलामि, जम्मा सत्तरि लाख दे सरकार ! म दिन मञ्जूर छौं ।”

उत्तेजित हुनोइ केवार्ड़वालाले मेहेशकुमार सित भण्यों -“महेश ! सत्री लाखमै त सर्कार ! त्वलाइ शतप्रतिशत मुनाफा हुन्छ । यै मै त्लाइ चिन्ता अद्दचै क्यै कुरड़ी न आथि । त्वलाइ था छ ? सिमन्टको भउ वर्ल्ड मार्केटमै बड्डाछ, बाइर सिमेन्टको भाउ बड़्चो कि याँ लै सिमन्ट कारखानाले बड़ाउनुइ पड़न्छ । ताँ बडचैन भण्या याँ बड़ाउन्या उपाय अरौंला । शान्तारामको सिमन्ट पुराना भाउमै आइसक्या छ । सिमन्टको भाउ पन्नर है बीस प्रतिशत बड़न्छ । तै वेला त्वलाइ खुद नफा असी है नब्बै लाख हुन्छ । यै मै चिन्ता माण्ण्यै कुरड़ी न आथि । सिमन्ट कारखाना नैपालको कुल आवश्यकताको तीस प्रतिशत लै पूर्ति अद्द न सक्दचा छ । सत्तरि प्रतिशत त तेराइ हातमै हुन्छ । भाउ हाम जस्याँ लै तय अरौंला । निर्धक्क सित सकार !”

महेश कुमार भणन्छ -“किसुन ! त् अच्छै त आधा हिस्सा ? तैले आधा लिई भण्या मैले लै सकाऱ्या ।”

केवड़िवाला तुरुन्तै सकारन्छ, शान्तारामलाइ उज्ज्याइँ लाखौंको फाइदा हुन्छ । यो कुरड़ि सुण्णाइले लै मेरि मनस्थिति ठाउँ मै रईन । मलाइ यो व्यापार होइन गफ मात्तरै हो जसो लाग्यो । शान्तारामले लामो सास फेद्दोइ भण्यो -"पैसा मैले कब पाउन्या ?" महेश कुमार रे केवड़िवालाका आँखा-आँखामै कुरड़ि भै, तज्ज्याइँ महेशले चेकबुक निकाल्यो रे शान्तारामका नाउँको चेक काटि दसलाख अग्रिम पेस्कि रूपमै दीदीयो ।

तसै वेला एक व्यक्तिको कोठामै प्रवेश हुन्छ । मैले उनलाइ धेकय्याँइँ पछ्याणि हाल्या । उन तोयनाथ शर्मा हुन् । करीब पैंचालिस-पचास बर्सै उमेरका शर्मा जीलाइ म आदरपूर्वक नमस्कार अद्दौ । उन मसितै कुर्छिमै बस्या । शर्मा जी क्यै बर्स पैल्ली सर्कारि नौकरिमै थ्या, आफना नौकरिका क्रममै उन उपसचिव, सहसचिव रे एक दुइ कार्यालयका डाइरेक्टर भया मलाइ था छ । जाँ सम्म मलाइ था छ शर्मा जी आफना समयका इमानदार रे दक्ष प्रशासक मै गणीन्थ्या । मैले सुच्या साइद शर्मा जी अवकाश जीवन व्यपारमै बिताउन्नाऱ्यान् ।

शर्मा जीले आउँज्याँइ ब्रीफकेश है क्यै कागत पत्र निकालि शान्तारामलाइ दियो । शान्तारामले ध्यानले कागत तक्यो । शर्मा जीले मतिर तक्दाइ भण्यो -"भाइलाइ आनन्दै ? याँ काम्ठाइ ?"

"ठीकै छ, महेश कुमार जी का याँ आया हूँ ।"

"काम लै अद्दा छौ कि ?"

"नै नै काम त क्यै अऱ्या आथिन् ।"

"क्यै काम त अद्दु पड़्चो !"

"सुच्चौ सुच्चा त, भण्णाबित्तिकै काँ हुन्छ !"

शान्तारामले बीचैमै भण्यो -"शर्मा जी ? पछ्याणन्छ त तनलाइ ? हामरा शर्मा जी ले न पछ्याण्याँ मान्सलै क्वै न आथि काठमाणूँमै ।" शान्तारामले आँजि शर्मा जी खै भण्यो -"क्या तीन लाखले माण्यैन ?"

"हजूर !"

"तब कति माग्दाऱ्यान् ?"

"दस"

"जाबो तत्ती कामैलाइ दस लाख ! छाडि दिय, नअद्दचा । गोल्छाइले अरौ," शान्ताराम झन्झट माण्णोइ भणन्छ -"यिनले सुच्या होलो हामरो काम आथिन्, तबै हाम उनरा पैथिर धाया हूँ । मखिलाइ कामको खाँचो आथिन् । दस लाख म तिद्दैन । दुइ बर्स पैल्ली केडियाले एक लाखमै मिलायो । पोरका बर्स अठाइ लाखमै गौल्छाले मिलायो । अैला



वर्स तीन लाख दिन्नाऱ्यौ, मैले न पाउन्या ? छाड़िदिय शर्मा जी ! न अद्दचा ।"

शर्मा जी ले बिस्तारै भण्यो -"हामले ऐला वर्स जस्यरि भयालेले लाइसेन्स निकाल्ल्या भणिबर चारै तिर है दाल जम्मा अऱ्यौं, लाइसेन्स अर्खा हातमै पड़्याले भाउ लै उसैले बसालन्छ । उसैका भाउमै दाल न दीबर हाम एक्साल गोडाउनमै राख्द सक्दाइँन् । तैमै लै सिङ्गापुरकि पार्टि बठाइ लिया दुइ लाख डलर ऐडभान्स लै छ हामरा अैतिर । मेरा विचारले यै सालको लाइसेन्स छाड्ड्इ हुनैन ।"

शर्मा जीकि कुरड़ि ले शान्तारामलाइ शोचनीय थिति मै पुऱ्याउँछ । आवेशमै आइबर हामलाइ चाय्यैन भण्या थ्या, तै मै अड्ड न सक्दचै थिति आइ शान्तारामका अैतिर रे एक्कैबेर सुचिबर भण्यो -"दस लाख तल है मथिसम्म माग्या हुन् कि, और क्यै फुट्कर खर्च लै लागन्छ ?"

"और फुट्कर खर्च लाग्दैन होलो ।"

"तब तमरो तसोइ बिचार भया आठ लाख सम्मै तय अर । निकासि लाइसेन्स त छट्टाइँ चाय्यो ।"

शर्मा जीले भण्यो -"होस् म कोसीस अद्दौ । तति सम्म त हुनु पड्ड्या हो जानौ लै । शर्मा जी बिदा होइबर गया । शर्मा जाय्याइँ शान्ताराम सित सोदचा -"सेठ जी ! शर्मा जीसित तमरि पार्टनरशिप हो ?" शर्माले हाँस्सोइ जाबाब दियो -"यिन त मेरा नौकर हुन् ।"

ताज्जुब माणि सोदचा -"नौकर ?"

"है है नौकर ! कामदार ! मेरा कार्यालयको काम हेद्दाहान् । पुराना साथि हुन् । उनरि नौकरि गै । पेन्सनले खर्च न चल्ल्या भयो । उनरो दुखको अवस्था था पाइ मलाइ दया आइ । मैले काफि रुप्प्याँ तलब दी काममै लाया हूँ ।"

"कति तलब पाउनान् शर्मा जी ?"

"अठार सय मैना दीराख्यौ । तै पैथिर घुम-फिर अद्दचै एक गाड़ि । रुप्प्याँ सब्बै उनराइ हातबठाइ खर्च हुनान् । बड़ा इमान्दार छन् ।"

मन्मनै संज्यौं, शर्मा जीलाइ इसि कुबुद्धि क्याइ लागि होलि ! अठार सय मैना खाइबर अर्खालाइ अठार लाख कमाउन्या मौका दीराख्या छन् । एक् प्रभवशालि प्रशासक कस्याँ भयो एक् व्यापारिको नौकर ।

मेरा मनको उत्सुकता शान्त पाड्डोइ मैले विस्तारै शान्तारामसित सोदचा "सेठ जी ! तम् याँ को नागरिकता न ली विदेश व्यापार कस्याँ अच्छ ?"

मेरि कुरड़ि सुणि झनक्क रिसाइबर मखै भण्यो -“तम् मूर्ख रैछौ, के कुरा अऱ्या मसित ? यो प्रश्न ऐल सम्म कसैले सोद्द सक्या थ्यैन । तम् सोद्दचा को हो ?”

उइले मसित न राम्रो वचन वोल्याले लै तैतिर क्यै न सुचि, आफनि अनार हाँस्सी बनाइ मैले भण्या -“सेठ जी ! मूर्ख संज या अनजान, मेरो प्रश्न नराम्ड़ो लाग्यो भण्या, म फिर्ता लिनौं । यै मै तम् अन्यथा जन् संज ।”

झिक् जोसीबर शान्तारमले भण्यो -“याँ को नागरिक, को अनागरिक ! नोट भया मान्स नागरिक याँ का रुँगटा या अग्रवाल, दुग्गड़ या फुग्गड़, रौनियार या फौनिहार, टिबडिवाल या केवडिवाल याँ घर न भया, मात्तरै कारोबार भया मान्स हुन् । जा जैपुर गाउँ-गाउँ घुम तब तमलाइ पता चलन्छ वास्तविक उनरो घर काँ हो ! मात्तरै उनरो याँ कारोबार छ । नोट बनाउन्या ठाउँ हो यो । आज नोट बनाउनान्, भोल हिट्टाइजानान् याँ यिनराऽन्का जो घर धेकन्छ, त्यो त बहाल बचाउन्या तरिका मात्तरै हो । तबै तमलाइ मेरो सल्लाहा छ को नागरिक हो, को अनागरिक यो सोद्दचै कोसीसै जन् अर ।”

संजाउनोइ महेश कुमारले भण्यो -“शान्ताराम ! शान्त हो । त्वलाइ ब्लडपेशर छ । बर्ती बोल्लु ठीक होइन । वाँ ले क्यै न राम्ड़ो भावले सोदचा लै न हो । यिनले त्वलाइ न पछ्याण्या हुनाले सोद्दु लै ठीकै हो ।”

शान्ताराम शान्त न होइ, झिक् झोक्कीबर भणन्छ -“तम्लाइ था छ तमरा नैपाल मै हाम् आइबर फरेन ट्रेड कति मथि पुऱ्याइदियौं, इति मथि पुग्या त यै है पैल्ली कभै थ्यैन । जो पैसा मार्केटमै धेकीन्छ, त्यो हामराइ कारणले हो । तमरा सर्कारि रेकर्डमै तक, दस बर्स इथा कति फरेन ट्रेड बड़िरैछ। हामले याँका भोटचान्लाइ यै काम मै सरीक अऱ्या हूँ । आज तमरि काठमाणूँ हङ्कङ् बनाइदिया छौं । मलाइ प्रश्न सोधन्छ नागरिकता संवन्धमा ?

बीचैमै कुरड़ि काटि महेश कुमार बोलन्छ -“शान्ताराम ! त् बर्ती जन्, बोलै, वाँलाइ तै ले पछ्याण्या आथिन् । उनरि कुरड़ि क्यै नगेटिभ आथिन् । त् बुज्ज्या प्रयास अर, बर्ति जन् बोलै ।”

आँजि मनकि तीव्र बृत्ति झल्काउनोइ शान्ताराम भणन्छ । “म इसोइ बस्या हूँ यै देसमै ? मलाइ अनुरोधका साथ राखीय्या छ । म प्रति वर्स बीस लाख आयकर बुजाउनौं । म जसाले बुजाया आयकरको मात्तरै हिसाब अद्दा करोड़ौं हुन्छ । हामले सर्कारि ढुकुटि भरिदियो छौं । इसाइ बस्या हूँ नूँ ।”



महेश कुमार उइलाइ आँजि रोक्दोइ भणन्छ -‘भयो भयो बर्ती कुरड़ि जनरै (जन्+अरै) । तैले बीस लाख आयकर बुजाया छै भण्या करोड़ौं कमाया लै छै । यै देसखिलाइ तै ले क्यै ऐसान अऱ्या न संज्याले लै भयो बरु त्वखिलाइ यै देसले ऐसान अऱ्या छ । आब बर्ती जन् बोलै । वाँ लाइ यिन् सबै कुरड़ि वताउन्यै जरूरत लै न आथि । चुप् लाग् ।”

महेश कुमार तिर फर्कदोइ शान्तारामले भण्यो -“क्य बतायी ? यै देसले ऐसान लाया हाम्लाइ ? क्य आधारमै तैले यो कुर बतायी ? मलाइ भण् ।”

महेश कुमारले कुरड़ि टुङ्ड्याउन खोज्या हो । तर शान्ताराम महेश कुमारै तिर खणीय्यो । साइत महेश कुमारलाइ न राम्ड़ो लाग्या होलो, शान्तारामले मेरो बेइज्जत अऱ्या मै । क्याइ कि आज म महेश कुमारका अफिसमै पाउनाका रूपमै गया हूँ ।

शान्तारामलाइ महेश कुमारले काठमाणूँका पुराना दिन संजाउनोइ भण्यो -“आज पशुपतिनाथका कृपाले इति पैसा कमाया छौं, और थोक जन् संजे । बल्कि इति भण् जिन्दगिका सबै है आरामका दिन काठमाणूमै गुजऱ्या । मेरो त पशुपतिनाथसित प्रार्थना छ, सारा जीवन इसाइ व्यापारमै गुजरून् । याँ को जसो नोट छपाइ संसारका कसै मुलुकमै लै आथिन् ।”

शान्ताराम क्यै बेर चुप् लागन्छ । महेश कुमारको भणाइलाइ केवडिवालाले दोऱ्याइ यो लै जोड्यो -“याँ का मान्समै चेतना न आया सम्म हामले बटोलि सक्दु पड़न्छ ।”

एक्कै बेरो मौनता पैथिर शान्तारामले भण्यो -“यै देशको आर्थिक स्तर उठनाइ याँ का ठुल्ठुला मान्सऽन्ले लै हामरो आवश्यकता महसूस अऱ्यो । तबै त हाम याँ टिक्द सक्या हूँ । दुयै तिरकालाइ फाइदा हुन्या अरि आफनि चाल अनुसारले काम अद्दाऱ्यौ । यो न संज कि तम, हाम आफनाइ फाइदाकि लेख मात्तरै याँ बस्या हूँ । यै देशकि आर्थिक नीतिलाइ कति बुज्या छौ तमले ? बालुवाले बनाया घर हो, जो कज्ज्याइँ लै कण-कण अरि छुटीन सकन्छ । तबै तैमै सिमन्ट भद्द हामरो खाँचो छ । साथै तमले नागरिकताको प्रश्न उठाया । यै विषममै लै म तमलाइ क्लियर अद्दौ, सुण । मलाइ नागरिकताकि लेख तीन बेर अफर आयो । छट्टाइँ लिन्या बिचार थ्यैन मेरो । पोर साल मात्तरै मैले यै देशको नागरिकता स्वीकाऱ्या, जब बोनस सिस्टम खतम भया थ्यो । म तमै सरहको यै देशको हकदार हूँ । बस्, ऐल तम इत्ती संज, ऐल म यै देसको नागरि हूँ ।”

हाँस्सोइ मैले भण्या -“मेरि भणाइँ लै यै हो । व्यापार नैपालि नागरिकका हैसियतले अऱ्या हुनु पड़न्छ । अनागरिकका हैसियतले तमले

व्यापार अऱ्या छौ, यो मेरो भणाइ होइन । मेरो मतलव तमले वुज्यानँ, तबै रिसाया ।"

मेरो जबाब केवड़िवालाले दियो -"यिनरो स्वभवै लै इसोइ हो, तै मै ब्लडप्रेसर लै छ । एकै बेगमै रिसाइ जानान् । यिनले, रिसाइबर भण्याल्लै न राम्ड़ो जन् माण्या । हाम व्यपारिलाइ कसैसित रिसीनामै फाइदा क्यै न आथि ।"

टेलिफोनै घन्टि बजन्छे । महेश कुमारले टेलिफोन उठाइ शान्तारामलाइ दियो । शान्तारामका अफिसमै एक जना भूतपूर्व मन्त्री भिट्ट आया खवर पाउँय्याइँ महेश कुमारसित छुट्टि ली शान्ताराम रे केवड़िवाला बाइर निकल्या ।

शान्तारमले हिट्टचा वेला म सित क्यै बोल्ल सक्यैन । आँखाले मात्तरै गया इसारा अऱ्यो । शान्तारामलै धनको तेज धेक्या । यदि म महेश कुमारका अफिसमै महेश कुमार का अैतिर न भयाको भयाले शान्तारामले त मेरो सातो पुतलो उड़ाउन्या रै छ । क्यदाद्दु स्ऽनु पड्डचै थ्यो । थिति इसी छे ।

महेश कुमारले भण्यो -"बेकार मै तमले शान्ताराम सित प्रश्न सोदचा रे गर्मागर्मि मात्तरै भै ।"

मैले उइलाइ बताया -"यो प्रश्न मेरा मनमस्तिष्कमै खुल्दुलि मचाइ रन्थ्यो । जो मैले पैल्ली तम सित लै सोदचा हूँ, तमले जबाबै दियानँ ।"

हाँस्सोइ उइले भण्यो-"है है यै कुरड़ि मखै लै तमले सोदचा थ्या । तर मैले जबाबै दियैनँ, क्या कि ? तम्लाइ तै बताउन आवश्यक संज्यैन । न बताउँय्याँ तमले कस्याँ जाण्ण्या । तमले थाहा न पाया मेरो व्यापार गोप्य रन्छ । कसै व्यापारिको लै मुख्य कुरा गोपनीयता हो । सबैले था पाइहाल्या काम बिगड़िजान्छ ।

"तसो भया मलाइ सुण्ण लै आवश्यक आथिन् ।"

"न सुण्णु तमले वेस हुन्छ । तम्लाइ था छ मै भरतीय नागरिक् हूँ, अैले सम्मलै छौं, भोल लै रन्या हूँ । शान्तारामको झो गैरकानुनि नागरिकता पाउन्यै इच्छाइन आथि मसित । यदि मैलाइ आवश्यकता, भया इमान्दारिले आफना देसको नागरिकता छाड़ि दी याइँको हुनौ । डबल नाउमै खुट्टा राख्दैन ।"

"बड़ो राम्ड़ो विचार !"

"मलाइ यै था छ, याँ हामलाइ बर्ती स्वतन्त्रतापूर्वक व्यापार अद्दचा मौका दीराइछ । हामरा जातका पुराना बासिन्दाले लै हामलाइ ठुलोइ



सहयोग पुऱ्याइ राइछ । सबै क्षेत्रबठाइ हामलाइ सहयोग छ । हाम् याँ इति घुल्मिल् होय्या, हामलाइ कसैले आउँल्याउन्याइ थिती रयीनँ ।

नयाँ कार्य सम्बन्धमै जोड़ दिनोइ महेशले भण्यों -"भौतै निको हुन्छ तम् मसित मिलि काम अर । तमले धेकिहाल्या शान्तारामकि फूर्ति । यो सब्बै नोटको करामत हो ।"

"महेश कुमार जी ! क्यै कामलै न विचारि अद्दु हुनैन । तै मै पै सर्कारि नीतिको विरोधमै अद्दु पड्ड़्चा काम त झिक् डरलाग्दो हुन्छ । तसैले म आज हुन्छ भण्ण्या पक्षमै आथीनूँ ।"

"मैले इति जोर अद्दा लै तम माण्णाऱ्यानौं । तम् ठण्णा दिमाकले सुचि विचारि हाल रे मलाइ एक दुइ दिनमै जबाब दिय ।"

समय बर्ती होय्यो । महेश कुमारका अफिस है छुट्टि लिन्या निस्सयले उइखै भण्याँ -"लौ त, आब म जानौ लै ।"

उइले तुरुन्तै भण्यो -"हुन्छ ! मेरा योजना विषयमै विचार अरि भोल खबर पाउँ ।"

म बस्या कुर्छि खै है उठ्ठोइ मैले भण्या -"बर्ती धन्यबाद छ, तमरि कफिखिलाइ । तमरा अफिसमै क्यै बेर बस्साले भौतै कुरड़ि जाण्ण्या मौका पाया । तैका लागि लै धन्यवाद छ ।"

म कोठा है बाइर तिर बड्डौ । कोठाका ढोकामै न पुग्दाइ महेश भन्छ -"शान्तारामकि कुरड़ि मनमै जन राख्या । भोलसम्म पक्का खवर पाउँ हा !"

"क्यै न आथि, वातचितका क्रममै इसो हो इजान्छ ।" भण्णोइ म कोठा है वाइर निकल्यौं । बाइरका कोठा मै तीन जना नैपालि आआफना टेबुलमै काम अरिराख्या धेक्या । तिन मै एक मुलाइ मैले पछ्याणी लै धेक्या, तैलाइ म निकरी पछ्याण्णौ । सुश्री शशि राणा अर्थशास्त्रमै एम. ए. होइबर लै नौकरि पायी थीन । उइलाइ धेकन्तकै मेरा पाइला उसैका टेवुलतिर बड़्या । उइका टेबुलमै हात राख्दोइ मैले भण्या -"बैनी त् याँ ?"

"नमस्तै दाइ तम् ! याँ क्या कि ?"

"महेश कुमार जी सित कुराकानि अरिबर निकल्या ।"

"त् याँ कब बठि ?"

"तीन मैना हुनलाग्या । एक वर्स बठि है नौकरि खोज्जा धो धो याँ काम पाया ।"

"ए ! लौ म जाउँ हा ?"

"हुन्छ ? नमस्ते दाइ ।"

म सड़कमै आइपुग्यौं । मेरो दिल-दिमाक भण्या महेश कुमारका अफिसमै छ । उइका अफिसमै भयी एक् एक् कुरड़ि मेरा मस्तिष्कमै रिट्टा छे । बहादुर नैपालीले सेवा पुऱ्याया महेश कुमार ! शर्मा जी जसा अनुभवि नेपालिले सेवा पुऱ्याया शान्ताराम । टेवुलमै कुरड़िकानि अऱ्या भरमै लाखौंलाखको कारोबार ! मैले आँजि रहस्य बुज्ज सक्या आथिन् ।

मेरा आँखाका अैतिर विशाल वजारको वोर्ड पड़न्छ । यो वजार खुल्या पैथिर म पस्या आथीनूँ । अनायासै मेरा खुट्टा तैतिर बड्डाहाँन् । म बजारका मध्य भागमै पुगि आफना आँखा चारैतिर घुमाउनौ शान्तारामको त्यो वाक्य मेरा कानमै गुञ्जन्छ -"आज तमरि काठमाणूँ हङ्कङ बनाइ दिया छौं ।"



## बोबार

"दाइ ! दाइ ! !"

मेरा कानमै गुञ्जन्छ । म झस्कदोइ ब्यूज्जौ । मेरा आँखा मेरा भाइका अत्यासपूर्ण अनारमै पड्डाहान् । उइले म खै सोदचो -"के भयो दाइ ? के भयो ?"

मैले क्यै सोच्च सक्यैनँ, क्य सोद्दाछ, क्याकि सोद्दा छ । मैले जबाब दिन्या ठाउँलै क्यै न धेक्या । घड़ि तक्या मैले, पौने छ बजी रै छ । सदाँन म छै बजे बिउजन्थ्यौं । मेरि वेलाले मात्तरै पन्नर मिनटको फरक भयो । मैले आफना मुण्टो सिरान है उठाइ भइलाइ सोदचा -"क्याकि ? के भयो ?"

"तम् कै सित कुरड़ि अद्दा थ्या ?" उत्सुकतापूर्वक भाइले सोदचो -"म याँ कोठामै पस्स्यै वेला तम्, 'नमस्ते हजूर । नमस्ते ? म पछयाण्यान ? भुलिया ? भण्णा थ्या । कैसितै कुरड़ि हो ?"

भाइकि कुरड़िले मलाइ आश्चर्य मै पाड़्यो । क्यै कुरा अऱ्या मलाइ सम्झना आथिन् । पै पर्भात इति छँटाइ ओछ्यौनैमै कसैसित भिट्टचै कुरड़ि लै भईन । पक्काइ सुइना मैले कसैखै क्यै भण्या हुनसकन्छ । एक् वेर आँखा बुजि समज्ज्यै कोशीश अऱ्या । मेरा आँखा अैतिर सुइनाका घटना खेल्ल लाग्या । "मैले सुइनो धेक्या रैछौं" भाइखै भण्या ।"

हाँस्सोइ भाइले भण्यो -"कसो सुइनो धेक्या 'नमस्ते हजूर नमस्ते भण्णु पड्डचा ? पक्काइ तमले ठुलाइ मान्सको सुइनो धेक्या होला ।

"हो एक् मान्स मैले बेली रेस्टुरामै भिटचा थ्या । उनले आफलाइ भूतपूर्व मन्त्रि भण्यो । कति फेरा ब मन्त्रि भई कुरड़ि लै भण्यो । आँजि लै मन्त्रि हुन्नाऱ्यै कुरड़िको विश्वास मलाइ दिलायो । उनै भूतपूर्व मन्त्रिलाइ मन्त्रि भयाको सुइनो धेक्या ।" मेरि कुरड़ि चाखले सुण्णाइ भाइ मेराइ ओछ्याउनामै आइबर बस्यो । मैले खुट्टा खुम्च्याइ उइलाइ बस्स दिया । भाइले सोदचो -"बेली क्य तम् होटल गैथ्या ?"

"है, न्यूरोडका एक् रेस्टुरामै बेली ध्रुवनाथले मलाइ डिनर दीथ्यो ।"

मेरो भाइ साँजि ब्यालो अरि आउँछ । आजभोल परीक्षाकि तयाँरिमै साति काँ वाँ व्यस्त रन्छ । हामरि भीट पर्भात मात्तरै हुन्यै हो । दिनभरिको कार्यक्रम तसै वेला तयार हुन्छ । चिन्या जाण्या मान्सको नाउँ सुण्यो रे उइले भण्यो -"ए, हामरा ध्रुव दाइ !"

"है, उइको प्रमोशन भया खुसिमै मलाइ होटलमै खान बोलायो ।"

"तमऽन् दुइ जना मात्तरै ?"

"दुइ जना मात्तरै त गया हूँ ।"

"ताँ काँका मन्त्रिकि कुरड़ि अऱ्या पै ?"

बेलीको आद्दचोपान्त घटना सुणाउन मलाइ कर लाग्यो । हामरो चाहा लै आया आथिन् । हाम् दुयै भाइ चाहा कि प्रतिक्षामै छौं । बेलीकि घटना मेरा दिमाकमै ताज्जी छ । भाइकि उत्सुकता पूरा अद्द म बेलीकि घटना बताउन लाग्यौं ।

ध्रुबनाथको प्रमोशन भया हुनाले मलाइ एक् राम्ड़ो होटलमै डिनर दिन्याँ कबूल अऱ्या थ्यो उइले । अचानक बेलि बसाइतक पौने आठ बजे याँ आइबर भण्ण लाग्यो -"लौ होटल जानु पड़चो, आज मलाइ फुर्सत छ । भोल बठि पन्नर दिनसम्म फुर्सत आथिन् । पै ढिलो भयाले त रिसालै । आज जान्या निस्सय अरि आया हूँ म ।"

घरमै खाना खान्या बेला होय्यो, म द्विविधामै पड़चौं, उइको आग्रहलाइ टाल्ल सक्यैनँ ।"

हाम टेवुलमै पुग्दा करीब नौ बजि सक्या थ्यो । रेस्टुरा विदेसि पर्यटक रे नैपालिले खचाखच भरीसक्या थ्यो । टेबुल क्वै खालि थ्यैन । एक चक्कर लाइ काउन्टरमै आइ सोदचौं -"हँ, काइँ खालि आथिन् ?"

ताँ है औंल्याइबर एक् टेवुल धेकायो, जाँ एक जना मात्तरै बसिरैथ्यो । टेवुलका तीन सीट खाली थ्या । हाम ताँ गया, भलादिमि जसा धेकीन्या उइ सित खालि कुर्छि मै बस्स्यै अनुमति माग्यौं । तलि है मथिसम्म तक्यो हामलाइ, रेस्टुराका इथउथ नजर दौड़ायो रे बस्स अनुमति दियो ।

यै टेबुल मै जम्मा तीन प्लेट छन्, एक उइका अैतिर, दुइ हामरा अैतिर, हामरा वाँखै दुइ रिति गिलास लै छन् । आधा रक्सि बाँकि रया एक गिलास हामरा ऐमुखका व्यक्तिले दाइन हातले मुठचाइराइछ । किङ साइजको सिग्रट बाउँ हातमै चेपिराइछ । उइको ध्यान रेस्टुराका बाँकि भागैतिर छ । हाम दुयैका ध्यान उसैकि तिर आकर्षित होइरैछ । ध्रुवनाथले लै तै वेला उइका विषयमै अनेक कुरड़ि सुच्यो होलो । म त उइका विषय मै बर्ती कुरड़ि सुच्च लाग्यौं । तक्दा भलादिमि धेकीन्या त्यो मान्स याँ को हो कि बाइरो हो छट्टचाउनै सकीय्यैन । बोलि सुण्णा नैपालि भ्मो लाग्दचा । रूप रङ्ङ रे ढङ्ङबठाइ नैपालि हो भणी निस्सय अद्दु मुश्किल थ्यो । समय-समय मै हाम दुइ मुखामुख अरन्थ्या, तै अैमुख बस्या व्यक्तिका विषयमै निश्चित कुरड़ि पैल्याउनाइमै हाम विचारमग्न थ्या । भाषा मै होइन इसारामै कुरड़ि हुन्थि हामरि । बैराले टेबुलमै आइबर प्लेट उठाउन्यै



अनुमति माग्यो, उइले खालि दुइ गिलास लै, लैन्याँ इसारा अरि एक पेग थप्न अर्डर दियो ।

आब टेबुलमै एक एस्ट्रे र उइका मुठि भितरको एक गिलास मात्तरै छ । सभ्य रे शान्त धेकीन्या तै मान्सले सल्काया सिग्रट एस्ट्रेमै निभउनोइ नयाँ सिग्रट सल्कायो । सिग्रट रे लाइटर मेरा आँखामै पड़न्छ । सुच्चौ पाँचसय पचपन्न सिग्रट कति समुद्र पार है यै लाइ आनन्द दिन आया होलो । त्यो सङ्गीतमय लाइटर कै देसमै बन्यो होलो, जैले यैलाइ क्षणिक आनन्द प्रदान अद्दाछ ।

क्यै मिनट पख्या पैथिर अर्डर किपर हामरा वाँ खै कलीन्छ । ध्रुवनारायणले आफलाइ मन पड्डचा शाकाहारि खाना मगायो । खाना तयार अद्द क्यै समय लाग्दचा अर्डर किपरले वताया पैथिर तयाँर रया टमाटो सूप एक-एक पट मगाइ समय बिताउन्या निधो अऱ्यौं ।

हामरा ऐमुखा बस्या व्यक्तिले कज्ज्याइँ कज्ज्याइँ हामतिर तक्दचा लै अरि राइछ । उइका आँखामै लालि चड़ि सकीछ । हामतिर तकि मुस्कुराउँछ लै । प्रत्युत्तर हाम लै मुस्काइबर औपचारिकता पुरा अद्दाउ । उइ हामसित क्यै भण्ण सक्दैन । बोल्ल खोजिबरलै उइको मुख खुल्लैन, क्याकि कि हाम दुयै उइसित अपरिचित थ्यौं ।

हामरा सूपका पट जनि उइको रक्सिको गिलास लै रितीनोइ जान्थ्यो । उ एक-एक पेग माग्दोइ थप्दोइ जान्थ्यो । सूप पिनापिनाइ हामरो खाना आइ पुगन्छ । उ चिकन चिल्लि मगाउँछ ।

आर्खो एक पेग मगाया प्रतिउत्तरमै अडरकिपर आदरपूर्वक भन्छ -"हजूर स्कच सिद्दीसक्यो । कन्ट्री लीकर टक्र्याउँ ?"

अडरकिपरका तलि है मथिसम्म तकिबर भण्णन्छ -"याँ को रक्सि खानैन म भण्ण्या, था आथिन् ? खान्या भयाले पैल्ली खाइहालन्थ्यौं ! जस्याँ हुन्छ ल्या । तेरा वाँ न भयाले बाइर है लै मगा ।"

उइले आदरपूर्वक अनुरोध अऱ्यो -"हामरा वाँ सिद्दीय्यो, अैल दस बजियो । स्कच जाँ भयो, ताँ मिल्लैन । हामरा इतना स्टार होटलमै त सकीयो, पै और काँ पाएलो ?"

अडरकिपरका अनुरोधको वास्ताइ न अरि उइले आफना मागलाइ जोर दिनोइ भण्यो -"मलाइ स्कच चाइन्छ, जाँ है लै ल्या, मलाइ मतलब आथिन् । या त अैतिरै खान वस्स्या वेलामै इति पेग स्कच मात्तरै छ भण्णु पड़न्थ्यो । आब खान बस्या पैथिर बीचमै आथिन् भण्ण पाइन्छ ? मथि होटलको स्टोर खोलिबर लै ल्या, मलाइ स्कच चाइन्छ । अडरकिपर फर्किबर जान्छ । हाम आफना खानामै व्यस्त हुनाउ । एक्कासि हामलाइ

संबोधन अद्दोइ उ सुणाउन पसन्छ -“नन्सेन्स खानाखानाइ आथिन् भण्णाहान् ! जाँ बठाइ ल्याउँछ ल्याउ, हामलाइ खान देउ । हाम गाहकलाइ त खान सितो मतलब, होइन त ?”

हामले उइकि कुरड़िको जबाब दिन्या क्यै औचित्य लाग्यैन । अपरिचित व्यक्ति, क्यै मुस्काइबर सहमति जणाया झो अरि दियौं, आफलाइ मन न लागिबर लै ।

उ भण्णोइ जान्छ -“म कभै लै पुग्दो न लीबर जानै जानैनँ । इस्याँ अद्कल्चोइ लिन्या आफनो बानि आथिन् ।”

काउन्टरमै बस्या रेस्टुराँको सुपरभाइजर आइबर उइलाइ अनुरोध अद्द लाग्यो -“साड़े दस बज्ज लाग्यो हजूर ! अनफोरचुनेटली आज स्कच सिट्टीय्यो । प्लीज........... माफ अरिदिय आज ।”

उ हातको गिलास टेवुलमै ठटाउर्नाइ भण्ण लाग्यो -“आथिन् भण्ण्यै कुरड़ि जन् अर, । मलाइ स्कच चाय्यो । तमलाइ पैसा सितो मतलव, मलाइ स्कच सितको । दस बजौ कि बार, मलाइ समयसित मतलब आथिन् ।”

“क्यारौं हजूर ! उपाय रहित छौं आज ।”

उ ठुल्ठुलो स्वरले कराउन लाग्यो -“मलाइ क्यै सुण्णु आथिन् । तम दिन्या हो कि नै ? तत्ती भण ।”

सबै गाहकको केन्द्रबिन्दु हामरोइ टेबुल भयो । सबैले हामरी तिर तक्दा हामलाइ लाज लै लागि, अर्खो टेवुलमै जाउँ भण्या औरको लै खाना सिट्टीय्या आथिन् । हामरो खाना खल्लो हुनोइ गयो ।

इत्तिकै मै मैनेजर बिल लीबर आयो रे उइलाइ दिनोइ भण्यो -“महाशय ! तमले मात्तरै पैंतीस प्याग स्कच खाया रैछौं । कृपापूर्वक यो बिल तकि दिय । आज हामरो स्टक निल भयो, माफ अर ।”

मैनेजरै तिर तकि गर्जेरै उइले भण्यो -“पैंतीस प्याग स्कच मैले मात्तरै खाया ? मेरा ऐमुख दुइ साथि लै त थ्या ।”

“जे भयाले लै तमरा बिलमै पैंतीस प्याग छन् ।”

“म आँजि स्क्च न पाउँज्या बिल भुक्तानि अददया वालो हूनूँ” भण्णोइ मैनेजरका हात है बिल थुत्यो । झगड़ा बड्डोइ गयो । हामले खानाखनाइ आफनो खाँना छाड्यौं । तवसम्म रेस्टुराका तीन चार स्टाफ हामरा टेवुलका वल्तिरपल्तिर वसिसक्या थ्या । मैनेजरले भण्यो -“पेमेन्ट न अरि यै रेस्टुरा है बाइर जान सक्दानौ । यो लै ख्याल राख ।”



उइले आफनो हात टेबुलमै बजाद्दोइ भण्यो -“मलाइ पछ्याणि राइ छै ? म भूत पूर्व मन्त्रि हूँ ! मात्तरै मन्त्रि हूँ नूँ ! क्याबिनेट मन्त्रि हूँ । मलाइ धम्कि दिन्छै ! धेकाइ दिउँ त्वलाइ ?”

मैनेजरले नम्रता पूर्वक भण्यो -“मन्त्रि जी ! आथिन् हजूर आथिन् ! न भया क्याद्दु ! रातकि एगार बज्ज लागि जाँ खोज्यो वाइँ पाउन्या भया टक्र्याइ हालन्थ्यौं ।”

उइले दड़ा किरोड्डोइ भण्यो -“मेरो मुख खोलाई ! म चुपचाप पिन्नाथ्यौं । आब म और क्यै जाण्णैन मेरा इज्जतका ल्यख लै पी बरै जानु पड़न्छ । मखिलाइ स्कच ल्या ।”

मैनेजर रे कर्मचारि खासखुस अद्दाइ काउन्टर तिर लाग्या । ताँ भया विदेशी ‘हि इज एन एक्स मिनिस्टर अफ दिस कन्ट्री’ भण्णाइ कानाफुसि अद्द लाग्या । कति त टेवुल छाड्डाइ हिट्ट लाग्या । हाम ले हामरो खाना बाँकि भया ले लै न खान्या निधो मै पुग्या । अभाग्यबश हाम यै टवुलमै कस्याँ पुग्या ? आब हाम पुत्कन्या दाउमै मात्तरै छौं ।

आब हाम खै भण्यो उइले -“भाइ ! यै रेस्टुराले के फुर्ति अच्छ ! सालेलाइ भोलै बन्द अराइदिनौ । ब्ल्याक बठाइ स्कच ल्याइ बेचन्छ, हाम लाइ था आथिन् सुचन्छ । एक प्याग स्कचको साड़े छब्बीस रुप्प्याँ लिन्छ । उइले भण्या जति तिरिबर लै हाम खान न पाउन्या ?”

हाम दुयै मुखामुख अद्दाउ, उइकि कुरड़िको जबाब दिन सक्दाइन । उइका हातबठाइ बिल टेबुलमै झड़न्छ । अन्तिम अङ्क तेर सय पचास रुप्प्याँ पचास पैसा मै मेरि नजर पड़न्छे । कस्याँ भयो हो इति रकम भणी मनमनै हिसाब लाया । छब्बीस रुप्प्याँ पचास पैसाका दरले स्कचै नौसय सत्ताइ रुप्प्याँ पचास पैसाको हुन्या रैछ । तै मै पच्चीस रुप्प्याँ पाकेट पाँचसय पचपन्न सिग्रट, स्न्याक्स, और तीन जना खाना रे दश प्रतिशत सर्भिस चार्ज मिलाइ ठीकै लाग्यो ।”

मेरा भाइले कुरा कोट्टचाउनोइ बीचैमै भण्यो -“एक मान्सले एक साँजमै तेर सय पचास रुप्प्याँ पच्चीस पैसा खर्च अऱ्यो ?”

मेरो भाइ जो विद्यार्थि जीवन बिताइ राख्या छ, उइले घरहै फुर्माइस खर्च साटि रुप्प्याँ पाउँछ । तसै साटि रुप्प्याँ मै बस खर्च, चाहा खर्च रे सिनेमा समेत भ्याउनु पड़न्छ । उइलाइ अचम्म लाग्दु स्वाभाविकै हो । साथै उइले इति ठुलो रकम धेक्या लै आथिन् । मैले उइलाइ सम्जाउनोइ भण्या -“आँजि उ कति खान्थ्यो, होटलले दी राख्या भया, तैमै रकम लै बड्डैचै थ्यो ।”

अर्थशास्त्रको विद्यार्थि भया नाताले मेरा भाइले जिज्ञासापूर्वक मलाइ सोदचो -"प्रति व्यक्ति वार्षिक आय हामरा देसको कति छ ?"

"करीब आठ सय पचास पुग्द खोजन्छ ।"

"तब त एक साँजको मनोरञ्जनमै एक जनाले अर्खाको अठार मैनाको खाना खायो, होइन ?"

"उइका प्रश्नमै मेरो उत्तर आथिन् । म उइसित यैका सम्बन्धमै व्याख्या अट्ट्लै सक्दैनँ । उ आँजि मसित सोदन्छ -"इसा भूतपूर्व मन्त्रि नेपालमै कति हुन्ना ?" मैले हिसाबकिताब न लाइबरै भणिदिया -"हुन्ना करीब एकसय है बर्ति । तर यो जन् संज्यै कि सबै इसाइछन् ।"

उइले भण्यो -"सब्बैलाइ मैले इसाइछन् भण्ण खोज्या लै होइन । जो आफना अैतिर छ उइको त लेखाजोखा अट्ट सकीन्छ ।"

"त्यो त सकीन्छ ।"

"तब तिनरी कुरड़ि अरौं । तन एक जनाको बर्स भरिको मनोरञ्जनले और करीब दुइ सय नैपालिको पेटमै बर्स भरी लेख लात्ति हाण्ण्यै कुरड़ि त तम माणन्छ ?"

उइका तर्कपूर्ण कुरासित म असहमत लै आथीनूँ, तर उसैकि कुरड़िमै सहि लाउन्या पक्षमै लै आथीनूँ । म मौन होइबर उइका मुख मात्तरै तकिऱ्यौ ।"

उ भन्छ -"दाइ ! तमलाइ था छ, यै देसमै निरपेक्ष गरिबिका रेखा तल्तिर कति प्रतिशत छन् ?"

योजना आयोग बठाइ प्राप्त रिपोर्ट अनुसार मैले भणिदिया -"चालिस प्रतिशत है बर्ता ।"बताउँय्याइँ उइले मेरा वाक्यांशलाइ समायो -" 'है बर्ता' भण्णाले कति बुजाउँछ ? मलाइ स्पष्ट अट्ट सकन्छ तम् ?"

म पड़चौं फसादमै । 'है बर्ता' भण्णाले जति लै हुन्छ । 'योजना आयोग अनुसार' मैले भणिहाल्या । प्रतिशत बड़ाउन्या म सित क्यै आधार आथिन् जै का आधारले म किट्ट सकौं । इसैका आधारमै मैले भण्या -"चालिस प्रतिशत है बर्ता भण्णाले लगभग चालिस प्रतिशत नै माण्णु पड़न्छ ।"

"होइन !" उइले मेरि कुरड़ि काट्टोइ भण्यो -"काठमाणूँ रे और सहरलाइ भुलिबर, तिन तराइका मैदान जाँ कम उब्जनि हुन्छे, पहाड़का तन अनुत्पादित पखेटा जाँ ढुँडाइ ढुँडा वाहिक क्यै न आथि, तिनलाइ संज पै हिसाब ला । तमलाइ छर्लङ्ङ हुन्छ । म एक अर्थशास्त्रका विद्दचार्थिका नाताले किटीबर भण्ण सक्दौ निरपेक्ष्य गरिबिहै तल्तिर याँ असी प्रतिशत छन् ।"



"हुन सकन्छ ।"

"कसै आयोगले निकाल्या हिसाब लै विश्वस्त हुन्या याँ ठाउइन आथि । उत्तरि रे दक्षिणि ध्रुव जति फरक हुन्छ चालिस रे असीको, पै लै उनरा हिसावले यो फरक माण्णाइन ।"

"जै काम जैले जिम्मा लीराइछ, तैको हिसाब लै त माण्णु पड़न्छ ।"

"कस्याँ माण्ण्या, जो हिसाब आँखामै छारा हाल्ल्या मात्तरै छ !"

उइले आफना बहसका क्रममै देसमै सञ्चालित भूमिसुधार योजना सम्बन्धमै संक्षेप मै प्रकाश पाड़चो । आफनाइ आँखा अैतिर गुजरि कुरड़ि मैले माण्ण करै लाग्यो । इसी थिति मै आब सय बर्स सम्म लै यै देसमै शोषण रहित समाजको सृजना न हुन्या तथ्यलाइ उइले आउँल्यायो । मैले उइका तर्कलाइ काट्टचै आवश्यकता लै धेक्यैनँ । म चुपचाप उइका विचार सुण्णोइ गयौं ।

इत्तुकै मै हाम दुयैका हातमै चाहाका कप आइपुग्दान् । उइको बहसको क्रम रोकीन्छ । क्यै बिचार मग्न भया जसा हाम चाहा खान पस्साउ ।

मेरो बेलीको बयान टुङ्ङीय्या आथिन् । उ मलाइ सम्जाउनोइ भन्छ -"पै तन भूतपूर्व मन्त्रिले पैथिर स्कच खान पायो कि नै ?"

"नै नै काँ खानु ! उनले मन्त्रिको पोज दीबर टेबुल ठटायो । बिचारा रेस्टुराको मैनेजर सहित कर्मचारी स्कच खोज्ज बाइर गया, पै लै स्कच पायैन ।

रेस्टुरा प्रायः शून्य हुन लागि सक्या थ्यो । तब लै मन्त्रि जी न आफ उट्ठा न हामलाइ उट्ठ दिना । मन्त्रि जी लाइ स्कचको प्रतिक्षामै रेस्टुरामै बस्सु थ्यो, तबै हामलाइ लै उट्ठै न दीबर कुरड़िमै अल्मल्याउन लाग्या ।

उन भन्य्या -"मलाइ पैसा क्यै मतलबै न आथि, आफले चाह्या कुरा मिल्लु पड़न्छ । यै देसमै चार फेरा सम्म मन्त्रि भयौं । सहायक मन्त्रि, राज्यमन्त्रि रे क्याबिनेट मन्त्रि भयौं । क्वै एक फेरा लै पाउनैन, मेरि भण्या यै देसले चार चार फेरा जरूरत संज्यो, यो कम कुरा हो लौ तमै भण ? मलाइ विश्वास छ आँजि मन्त्रि बन्नौ ।"

ध्रुवनाथ जीले मन्त्रि सितको परिचय राम्ड़ोइ हो संजि होलो आफना परिचय दीबर सोदचो -"हजुरको मन्त्रालय को थ्यो ?"

आफना आँखा बटाद्दाइ उनले भण्यो-"मैले कति-कति मन्त्रालयमै काम अऱ्या, कै को मात्तरै नाउँ लिउँ ! समज्जोइ भण्णु पड़न्छ ।"

"होइन, हजुर क्याबिनेट मन्त्रि हुना को मन्त्रालय थ्यो, कसव ?"

"ए ! त्यो त वन हो ।"

समय बित्तोइ जाना मन्त्रि जीकि अबस्था लै बिगड्डी गै मैले धेक्या । मैले आदरपूर्वक मन्त्रि जीखै भण्या -"हजुरले आराम अद्दचै बेला लै भै । आब घर गैबक्स्या वेस हुन्थ्यो ।"

फरफर अट्टा, नशाले चूर आँखाले मतिर तक्दाइ भण्यो -"धेक्या पै स्कच न ल्याउन्या भै छ ?"

"स्कच लेयाले लै हजुरले पिनु ठीक आथिन्" भण्या मैले । हजुरको घर जान्या साधन क्यै छ कि ?"

"मेरि गाड़ि बाइर होलि !" मुन्टो उठाउनाइ हातले ढोकाइ तिर औंल्याउनाइ भण्यो -"काँ पुग्दचा हो तमऽन् ? तम ऽन्लाइ म पुऱ्याइ दचूँलो ।"

उन भण्णाँइ जानान् -"तमऽन्ले मलाइ चिन्या थ्या ? चिनजान न भयाले लै आब होइगै । मन्त्रि होय्यौं भण्या अवश्यै भिटचा मलाइ । म तमऽन्खिलाइ क्यै न क्यै अरुलो । इस्याइँ भीट भया मेरा कति सातिलाइ मैले बनाइ दिया छौं ।"

म मनमन खुसि भयौं, एक वर्तमान मन्त्रि न भयाले लै भूतपूर्व मन्त्रि साथि भयाका धेकिबर उनरा भणाइले उन चार फेरा मन्त्रि होइसक्या छन् । मेरा भाग्यले साथ दिया पचाउँ पटकलै अवस्यै हुन्ना । मैले सोदचा "आब मन्त्रि भया कै मन्त्रालयका होला ?"

"उद्दचोग मन्त्रालयमै काम अद्दचौ रहड् छ ।"

"उद्योग वाणिज्यमै हामले अद्दचै कुरडि क्य छ ?"

"मूल धनै त त्याइँ त छ ?"

"काम क्यै पाउँला त ?"

कोटा दचूँलो, लाइसेन्स दचूँलो ! अट्ट सक्या काम अरला, न सक्या त्यो लाइसेन्स बेचला ।"

ध्रुवनाथ जीले खुसिहोइबर भण्यो -"आब मन्त्रि जी सित हामरो परिचय होय्यो । भुल्ल्या त होनैं मन्त्रि ज्यू ?"

"के भुलन्थ्यौं । भुलि हाल्या ले लै एकान्त ठाउँ मै र यै होटल मै भीट भई कुरड़ि संजाइ दिया, संजि हाल्लो ।"

मैले आफनो शंका निवारण अद्द भण्या -"होइन ! ऐल तम मन्त्रि आथेनऽ, त हाम् जाँ लै भिट्ट सक्दाउ । भोल मन्त्रि भया पैथिर त तमलाइ हाम इति सजि अरि कस्याँ भिट्ट सक्दाउ ? घर रे अफिसमै मान्सै भीड़, मोटरमै गार्ड रे ड्राइभर, पै तमलाइ कस्याँ फुर्सत हुन्छे रे, एकान्तमै भिट्टु रे एकान्त अट्टु ?



"कुरा मनासिब भण्या, तब लै उपाय छ । हाम्, तम् जसाइका जनप्रतिनिधि हूँ । हामलाइ काइँलै प्रतिवन्ध आँथिन् भीट र कुरा अट्टाइ । बस् तम् इत्ति भण कि 'मन्त्रि जी सित मेरो गोप्य छ ।' समय निकालिबर तमलाइ भिटि हाल्लो ।"

उपाय उनराइ मुख है सुणि मेरो शंका निवारण हुन्छ । करीव रातकि एगार बजिबर तीस मिनट होय्या । मन्त्रिजी को स्कच आया आथिन् । यै वेला हाम मन्त्रि ज्यूलाइ छाड़िबर जान्या पच्छचमै लै आथीनौं ।

तसै वेला हामरा छेउखै आइ रेस्टुराका मैनेजर आदरपूर्वक मन्त्रीजीलाइ भण्णाहान् -"हजूर कति कोशीस अऱ्यौं, सब्बै कर्मचारि खोज्ज पठाया ! आफ काँ न भया वेला सबैका वाँ लै शून्य भयो । पाउन सक्यैनँ हजूर, माफि बक्स्यौ ।"

तज्ज्याइँ मैले लै कुरा थप्या -"मन्त्रि जीलाइ पुगि सक्या छ, आब पिनु ठीक लै आथिन् । रात लै बर्ती नीगै ।"

उनले मेरि अनार तिर घोरीबर तक्यो रे मुसुक्क हाँस्साइ भण्यो -"आब मेराइ टेबुलका साथिले तसो भण्या होय्यो । कति भयो ? हिसाब ल्यास ।"

दुइ हात माड्डोइ झुकिबर मैनेजरले भण्यो -"मैले हिसाब पैल्ली टक्ऱ्याइ सक्या, ताइँ होलो बिल ।"

बिल टेबुल मै आथिन् । आफनि गोजि छाम्दाइ मन्त्रि जी गोजिका कागज रे नोट टेबुल मै राख्दाइ गया । बिल मिल्यैन । मैनेजर काउन्टर है नया बिल लेया । बिल भुक्तानि अट्ट मन्त्रि जीले टेबुलमै छरीय्या रुप्प्याँ म तिर बड़ाइ दियो । करीब बीस, पच्चीस हजार अनुमानित रुप्प्याँ मै है एक हजारको एक नोट रे सयका चार नोट निकाल्या और सबै मन्त्रि जीलाइ दिया । मन्त्रिजीले मखैका नोट मैनेजरलाइ दिन्या इसारा अरि भण्यो -"यिन भाईनको लै तसै बठाइ कटाइ बाँकि बैराइलाइ बाँड़िदिनु ।"

होस् भण्णोइ, मन्त्रि जिलाइ सलाम अट्टोइ मैनेजर काउन्टरतिर लाग्यो ।

मन्त्रि जी ले अऱ्या निर्णय विपरीत जान्या हामरो साहस भयैन । ध्रुवनाथ जी मेरा मुख मात्तरै तकिरया, क्यै बोल्लै सक्यैन । 'हामरा रुप्प्याँ हामै तिट्टाउ, मन्त्रि ज्यूलाइ क्याकि दुख' भण्ण सम्म सक्यैन । मन्त्रिज्यूसितको मित्रतामा हामरो झिक् विश्वास बड़चो । मैले उनसित घर जान्या आग्रह अऱ्या । मेरो अनुरोधमै उनले कुर्छिमै है उट्ठ खोज्यो, आधा उठय्याँ कुर्छीमै थचाड़िय्या । मैले सुच्या -'यिनलाइ काफि रक्सि लागि हाल्यो, भर दी कोठा है बाइर लैजाउँ ।'

मेरा इसारा अनुसार ध्रुवजीले उनरा दाइन पाखुड़ामै भर दीयो रे मैले बाउँ पाखुड़ामै भर दी टेवुल खै है उठाइ विस्तारै फुटपाथमै पुऱ्यायौं । सड़क शून्य प्रायः थी । एक-दुइ गाड़ि मात्तरै समय-समय मैं गुजरी धेकीन्छिन् । मैले भण्या -“हजुरको गाड़ि को हो ?”

ताँ पार्किङ्ग अरी गाड़ीनका नजिकै जाइ एक-एक तक्यो उन्ले । हामले उन्लाइ छाड़्या आथीनौं । एक गाड़िका छेउमै जाइबर भण्यो -“यै हो मेरि गाड़ि ।”

छामछुम अरि गोजि है साँचो निकालि मलाइ दियो रे भण्यो -“लौ गाड़िको साँचो यै हो कि होइन, तक त ! गाड़ि खोल ऽ !”

उनले् दिया साँचो इसै गाड़िको रैछ, गाड़ि खोलि दिया रे सोदया -“ड्राइभर आथिन् ?”

“आथिन् ।”

“गाड़ि को हाँकन्छ ?”

“म हाँक्दौ ।”

“उन् गाड़ि हाँकि सकन्ना, यै कुरड़िमै मलाइ शंकाइ लाग्यो, गाड़िको साँचो सम्म लै ठम्म्याउन न सक्दयाले कस्याँ गाड़ि घर पुऱ्याउन्ना ?”

उनलाइ मैले गाड़िमै बस्स अनुरोध अऱ्या, ध्रुवनाथ जीलाइ उथ अरि गाड़िमै बस्स क्य खोज्या थे ढोकामै ठोकीबर लोटया । हाम दुयैले भर दीबर आँजि उठायौं रे गाड़ि मै बस्स अनुरोध अऱ्यौं । अैल लै उन गाड़िका ढोकालाइ अँडालो हाल्लाइ ढोकाइनी झुण्णीय्या । यै अवस्थाका उन्लाइ उनरि गाड़िमै न पठाउन्या निस्सय अऱ्यौं । ध्रुवनाथ जीले मैनेजरलाइ बोलााइ भण्यो -“यै गाड़ि भोल मन्त्रि जीको ड्राइभर लैजान आउन्या हो आज गाड़ि याइँ छ, रेखदेख अरिदिया ।”

गाड़िको रेखदेख हुन्यै कुरड़िमै मैनेजरले हामलाइ विश्वास दियो ।

मन्त्रि जीलाइ मेरि गाड़ि मै बसाल्यौं । गाड़ि स्टार्ट अद्दोइ सोदया -“हजूरलाइ काँ छाड़ि दिउँ ?”

उन् निनाइ सक्या रैछन्, झस्किबर बोल्या -“हँ ! सिंहदरबार हुनाइ नया बटा निकल थापाथलिको !”

गाड़ि अैतिर बड़ाया क्यै बेर पैथिर उनले मसित भण्यो -“त्याँ क्यासेट प्लेयर खोल त !”

”मेरि गाड़िमै त क्यासेट प्लेयर आथिन् ।”

“क्य यो गाड़ि तमरि हो ? मेरि गाड़ि काँ छ ?”



“हजुरकि गाड़ि व़ाइँ होटल बाइर छ, मैनेजरले रेखदेख अरिदिन्छ हेरिदिनु भणी आया हूँ । भोल पर्भात ड्राइभर खै ल्याइबर आइ भण्या, होय्यो ।”

“निकरि भण्या छ्ऽ, होइन ? ठीक छ !” भण्णाइ उनले सोदयो -“याँ काँ आइपुग्या ?”

ध्रुवनाथ जीले जबाब दियो -“भर्खरै न्यूरोड़ छाड़्यौं हजूर !”

“भद्रकालि पुग्या पैथिर मलाइ भण्णु हा !”

“हुन्छ !” ध्रुवनाथ जीले जबाब दियो ।

भद्रकालि पुग्यौं रे गाड़िको स्पीड कम अरि भण्या -“मन्त्रि ज्यू भद्रकालि आय्यो ।”

भद्रकालिका उत्तरतिर थ्यौं रे “याँ रोक” भण्यो । रोकि दिया । हाम दुयैलाइ लै ओराल्लाइ उन आफ लै सड़कमै ओरल्या । मैले सोदया -“क्याइ ! याँ क्यै काम छ त ?”

“होइन, तमऽन् पेसाब न फेद्दया ? उन सड़क किनार तिर गया । नाउँ सुण्यो कि हामलाइ लै चेप्यो रे हाम दुयै एकतिर काम समाप्त अद्द गयौं ।

हाम फर्क्या पैथिर लै उन् न आया धेकि हाम दुइ उन् भया ठाउँखै गयौं । उनरो बिजोग धेक्दा हाम्लाइ हाँसो उठयो, उन्ले त न पैन्ट फुकाउनै भ्यायो, न पैन्ट खोल्लै सक्या, हड़ैनि पेसाब फेऱ्या रैछन् । उनलाइ दुयैले घिच्च्याइबर मोटरका छेउमै ल्यया । ताँ खै टक्क कली, भण्ण लाग्या -“यै फ्लागपोस्ट धेक्या त ?”

ध्रुबनाथ जीले भण्यो -“हजूर धेक्यौं ।”

“हो, पोरुका दिन मेरि गाड़ि ताइँखै ठोकीय्यी हो ।”

ध्रुवनाथ जीले सोदयो -“पै क्य भयो ?”

“क्य हुन्थ्यो ? एक्सिडेन्ट ! बेकार व़र्कसपमै पाँच हज्जार रुप्प्याँ बुजाउना पड़्या ।

ध्रुवनाथ जी सोद्दाइ गया -“हजुरलाइ त क्यै भयैन ?”

“लौ क्यै भया भयाले आज तमऽन् भिटीन्थ्या ?”

“होइन मेरो मतलब घाउ चोट ?”

“मलाइ त क्यै न भयो, भोल्का दिन आफलाइ ठीकै पाया । भणिहाल्या, गाड़ि मनाइ बिगाड़ि छ ।”

“पै तै रात हजुर घर कस्याँ गै बक्स्यो त ?”

“त्यो थाईन भयो ।”

आजका जसा घटना उनरा दैनिक कार्य तालिका भितरा नियम रैछन् । उनरा कुरा सुण्णा एकतिर हाँसो लै उठचो, अर्खातिर तसा उच्च ओहदा समाल्ल्या व्यक्ति इसा भया धेकि चिन्ता लै लाग्यो ।

रात बर्ती होइसकी थी, उनरा कुरा सुण्ण हाम इच्छुकै न आथ्यौं । उन बर्ताइ कुरा अट्ट चाहन्थ्या । उनले चाहना चाहनाइ लै हाम रोक्दाइ रन्थ्या । तसै वेला एक गाड़ि एकाएक हामराइ अै मुख आइबर रुकि । तीन चार जना मान्स सड़कमै निकल्या रे हाम्तिर आइबर सोद्दलाग्या -"तमऽन् क्याद्दा छ ?"

तनऽन् त घुम्ति प्रहरि रैछन् ! मैले जबाब दिया -"घर जान्नाऱ्यौ, तै मान्सलाइ लै घर पुऱ्याउनु छ ।"

तनऽन् प्रहरिमै है एक जनाले सोदचो -"को ? जण्याहा हो ?"

अर्खाले भण्यौं -"जण्याहा हो त हामलाइ छाड़ ।"

आँजि अर्खाले भण्यो -"हामरो ड्यूटि लै अफ हुन्छे । हुन्छ, लैजाउँ ।"

ध्रुवनाथ जीले मन्त्रिलाइ समाइ राइछ, मैले प्रहरिलाइ समाउनोइ भण्या -"होइन, तसो न राम्ड़ो जण्याहा त होइन ।"

'बोलका मुख तोल" भण्यै जनी एक जना प्रहरिले भण्यो - "जण्याहा लै निको गट्टो हुन्छ त ?"

अर्खाले भण्यो -"जण्याहा निको गट्टो पैल्याउन्या यो को हो ?"

पै अर्खाले तसैमै कुरड़ि थप्दोइ भण्यो -"यै लाइ लै लैजाउँ जण्याहा सितै ।"

अर्खाले मेरो पाखुड़ो च्याप्प समायो रे भण्यो -"है है लैजाउँ यै लै ।"

मैले क्यै भण्णै न पाउनोइ घिच्च्याइबर उनरि गाड़िका छेउमै पुऱ्यायो । मोटरका झ्याल बठाइ टाउको वाइर निकालि राख्या अफसरलाइ सलाम ठोक्दोइ "जण्याहा रै छन् सर् !" भण्यो । तै अफसरले त्यो मोटर कैको रै छ त ? भणी सोदचो । मैले क्यै भण्ण न पाउनाइ, 'यिनै जण्याहान्को हो सर !" भण्यो !" इसै मौकामै "मोटर मेरो हो, म जण्याहा होइन" भण्या ।"

मेरि रे प्रहरिकि कुरड़ि बाजि, तबै अफिसर मोटर है उतरि मेरा नजिकै आइ सोदचो -"मोटर तमरो हो ?"

"हो !"

"काँ जाइबर आया ?"

मैले होटलमौ खाना खान गया वृत्तान्त विस्तार अद्दोइ एक जना बर्ती नसामै भया हुनाले उनलाइ घर पुऱ्याइ दिन सहयोग अऱ्या भण्या । यै बीच मै बाँकि तीन जना प्रहरिले ध्रुवनाथ जी समेत दुयै जनालाइ



घिच्च्याइ हामराइ छेउमै ल्यया । तब मन्त्रि जी -"ए, मलाइ पछ्याणीनि ? मलाइ चिनीनि ?" भण्णाइ थ्या, प्रहरिले आफ्नो कर्तव्य पालना अऱ्यो ।

प्रहरिअफिसरले मन्त्रि जीलाइ पछ्याण्या रैछ रे मन्त्रिजीलाइ सम्बोधन अद्दोइ भण्यो -"ओ हो ? हजुर हो ? क्याइ यै वेलासम्म याँ ?"

"इसोइ रमाइलो अरि आस्या । साथीनसित घर जान्नाऱ्यौ, और क्यै सोद्दु छ ?"

"आथिन् हजूर गैवक्स्योस् ।"

"होस, गुडनाइट भण्णाइ, ध्रुवनाथ जीलाई समाइ उनऽन् मेरा मोटरैतिर लम्क्या ।

प्रहरीऽन्लाइ मोटर मै बस्स्या अर्डर अद्दाइ अफिसरले भण्यो - "माफ दिया हा ! तमऽन् कि सुरच्छ्या हामरो कर्तव्य हो । होस् त, निक्केरि लैजाइ दिया तन्लाइ ।"

इति भणि तन अफिसर गाड़िमै चड्डाहान् । प्रहरिकि गाड़ि अैतिर लागि । म आफनि गाड़िमै आयौं । म क्यै कुरड़ि अद्दचा पक्ष्यमै आथीनूँ । ध्रुवनाथजीसित मन्त्रि जीलाइ गाडि मै रखाइ मैले गाड़ि बड़ाया ।

मन्त्रि जीले आफना घर औंल्याइ गाड़ि रोक्द हातले इसारा अऱ्यो । एक भव्य भवनका अैतिर मेरो गाड़ि रोकीय्यो । गाड़िमै ओर्लिनाइ मन्त्रि जीले भण्यो -"यै हो मेरि कुटि !"

मैले भण्या -"यो भवन तमरो होइन त ?"

आँजि दोऱ्यायो उनले -"यै त हो मेरि कुटि
कुटि भणमन् कुटि ! क्याको भवन !"

ध्रुव नाथ जीखै उन्ले भण्यो -"कस्याँ भुलुलो तमऽन्लाइ । आज इति सहयोग अऱ्या मलाइ ! कभै भुल्ल न सकीन्या गुण लाया ।"

"तसो त न भणिबक्स्योस् ।" ध्रुवनाथ जी ले हात जोड़चो ।

"आज रात बर्ती होइगै, एक कप चाहा लै ख्वाउन सक्यैनँ, भोल पर्भातै दुयै जना पक्काइ आस्या, सड्डै चाहा खाउँला ।"

हाम दुयैले क्यै जबाब दिन सक्यैनँ । आँजि उन्ले जोर दिनाइ भण्यो -"पक्काइ आस्या हा ! तम ऽन् न आउँय्या म चाहा न खाइबरै बसूँलो ।"

ध्रुवनाथ जी ले स्वीकृति दिनोइ भण्यो -"कति बजे आउना हजुरको अनुकूल समय होलो !"

"आठ है दस वजेसम्म जै वेला आयाले लै हुन्छ, स्वागत छ, तर पक्काइ आउनु पड़न्छ ।"

मन्त्रि जि का आग्रहमै 'होस्' भण्ण्या करै लाग्यो । मन्त्रि जी ले गुड्नाइट भण्यो, मै ले गाड़ि बड़ाया ।

ध्रुवनाथ जीलाइ घर पुऱ्याउनु थ्यो, उनरा घर हुनोइ म घर फर्क्यौं ।"

भाइले मलाइ सोदचो -"फर्किन्तक बर्ती रात होइगैथि ? मैले त, था लै पायैनँ !"

"रात बर्ती होइगै थि ।"

"पै सुइना मै क्य धेक्या ?"

क्य धेकन्थ्यौं और, त्यै मन्त्रि जी फरफर झण्डा हल्लाउनाइ एक विशाल भवनमै प्रवेश अद्दाऱ्या रैछन् । तसै विशाल भवनैका ढोका मै कलीय्या रैछु, मन्त्रि जी म सित बोलन्ना रे -"क्य छ ?" भणी सोदन्ना भण्ण्यै आशा बोकिबर । तमणि कलीय्या मान्स ऽन् लै मलाइ इज्जतले तकन्ना भणी फुलिबर बसि रैथ्यौं । उन्ले त मसित बोल्लै न बोलि, धेक्या लै, न धेक्या जसो अरि सरासर भवन भितर प्रवेश अऱ्यो । मैले सुच्या धेक्यैन होलो । तबै कार्यालयमै भिटौं भणी पैथिर लाग्यौं । उनरा वाँखै पुग्दै लाग्या थ्यौं, उन ढोका भितर पसिया, ढोका बन्द होय्यो । पै मन्त्रिलाइ भिट्ट लाइन मै बस्यौं । भिट्ट आउन्या मान्सऽन् को घुइचो छ । एक पैथिर अर्खाको भिट्टचा पालो आउन्ना छ । घन्टौं कुरियौं मेरो पालो आउनैनँ । चिन्याजान्या व्यक्ति भया हुनाले मलाइ स्वागत अरन्ना संजि पालोइ न आया लै जवरजस्ती कोठाभितर पुग्यौं । मन्त्रि जी घुम्दचै कुर्छि मै तेर्छिबर बस्या थ्या, मैले उन्लाइ नमस्कार भण्णोइ अभिवादन अऱ्या । उनले नमस्कारसम्म फर्कायैन । मैले जति सम्जायाले लै पछ्याण्णैन भणिदियो । तज्ज्याइँ तइले आइबर ब्यूजाइ दिई ।"

मैले सुणायी बेलीकि घटना रे सुइनो सुणि एक्कै बेर मौन रया भाइले भण्यो -"तमले सत्य सुइनु धेक्या । वास्तविकतामै लै तम तसोइ पाउँथ्या जसो सुइनामै धेक्या ।"

"है, मैलाइलै त्योइ लाग्यो । हुना त उनरो बेलीको कुरा अनुसार हामरो गैरो मित्रता कायम रनु पड्डचा हो, तब लै म विश्वस अद्दचा पक्षमै आथीनौं ।"

भाइले भण्यों -"तसा अनैतिक सित मित्रता अरिबर लै क्य फाइदा ?"

तीर्थरत्नले मेरो नाउँ मात्तरै सुण्या रैछ । कति दिन बठि मलाइ भिट्टचै इच्छा व्यक्त अऱ्या हुनाले विक्रमले तीर्थरत्नलाइ ल्यया रैछ । हुन त तीर्थरत्न एक इन्जिनियर, उनरो र मेरो विषय अलग-अलग भयाले लै विक्रमको म प्रतिको श्रद्धा रे विश्वासले तीर्थरत्नलाइ म सित भिट्टचै उत्कण्ठा जागीरैछ, जो मैले पैल्ली कुरड़िकानि थाल्लाइमै था पाइ हाल्या ।

विक्रमले तीर्थरत्नका विषयमै भौतै कुरड़ि सुणाइन् । उन एक भलादिमि रे इमानदार इन्जिनियर रैछन् । भारतका रुड्किमै सिभिल इन्जिनियरिङ् डिग्रि पाया तीर्थ जी ले दस बर्स बठि है श्री ५ को सरकारको सेवा अद्दाइ आया रैछन्, उनलाइ एकै दुखले सताया रै छ, त्यो हो प्रमोशन । उनरा साथीन्मै उनले मात्तरै आजसम्म असिस्टेन्ट इन्जिनियरका पद मै बस्सु पड़्या रै छ । तीन जना त सुपरिनटेन्ड इन्जिनियर होय्या रैछन् । डिभिजनल इन्जिनियर हुन्यै प्रबल इच्छ्या राख्या तीर्थ जी आफना मान्स मल्तिर न भया हुनाले प्रमोशन न भया कुरा बताउनान् ।

तीर्थ जीका बारैमै आँजि जानकारि लिन्यै आशाले मैले सोदया - “तीर्थ जी ! तमले यिन दस बर्सका अवधिमै कै कै कार्यालयमै काम अऱ्या ?”

उनले गम्भीर जबाब दियो -“भारत है आउँय्याइँ म खान्या पानिमै खटीय्यौं, तीन वर्स त्याँ काम अऱ्या, पैथिर खान्या पानिका सम्बन्धमै क्यै जानकारि हाँसिल अरिसक्या थ्या, सिँचाइ मन्त्रालय अन्तर्गत विभिन्न योजनामै काम अद्दया अरि सरुवा अरि दियो । खान्या पानिमै काम अरिख्यालाइ सिँचाइमै खटायाले मैले कस्याँ काम धेकाउन्या ? कम्तिमैलै एक-दुइ बर्स त नत्रा काम बुज्जाइमै जानान्, मैले क्यै काम धेकाउन सक्दचै कुरड़ी लै भईन । आँजि दुइ बर्स जति न पुग्दाइ विदयुत् विभाग अन्तर्गत जलविद्युत् आयोजना मै काम अद्दया अरि खटीय्यौं । इस्याइँ सडक विभाग रे स्थानीय विकास विभाग हुनोइ अैल भवन विभागमै पुग्यौं । जाँ गयौं ताँ म नया रयौं । क्यै जाण्ण्या रे था पाउन्या भयौं कि म हुत्तीय्यौं, एक सिकारु खेलाड़िका खुट्टा बठाइ फुटबल हुत्तिया जनि ।

उन भण्णाइ जानान् –“तकमन यिन मथि दर्जामै बस्स्या क्य सुच्चाहान् भण्या इन्जिनियर पड़िबर आया कि सब्बै थोक जाण्ण्या हुन्छ । कसै ठाउँमै लै काम अद्दाकि तै विषयकि जानकारि भया मात्तरै काम अद्द

सकीन्छ, मल्तिरका यै कुरड़ि बुज्ज्या हुनीन् । जाणिबुजिबरै मैले काम न अऱ्या संजि चार्ज लाउन मात्तरै सिपालु छन् । मेरो क्वै मान्स मल्तिर भैदिया भया म आजसम्म चीफ इञ्जिनियर होइ सक्या हुन्थ्यौं । एकै विभाग मै काम अद्द पाया भया तै काममै मैले विशेष ज्ञान हाँसिल अरि सक्या हुन्थ्यो । अनुभवि रे पुरानो हुनोइ गया त आधारमै प्रमोशन दिन्यालाइ लै सजि हुन्यै थ्यो । जो कार्यालय लै मखिलाइ नत्रा रे कार्यालय खिलाइ लै म नत्रा हुनाइ गयौं ।"

मैले आफनो विचार व्यक्त अद्दोइ उनलाइ भण्या -"इस्याँ सबै अड्डा घुम्द पायाले सबै छेत्रको अनुभव हुन्छ होइन त ?"

उपहासमै मेरो विचार काट्टाइ भण्यो -"है, बर्ताइ अनुभव हुन्छ । तसोइ अनुभव बटोल्लाइ त लोकसेवाले भेटनरि डाक्टरलाइ स्वास्थ्य सेवा मै खटायो रे हर्टिकल्चर पडिबर आयालाइ डिपार्टमेन्ट अफ कल्चरमै पठायो ।"

तीर्थ जी लामो सास दिनाइ गोजिमै सिग्रट खोज्जाहान् । इत्तुकैमै विक्रमले आफना गोजिबठाइ सिग्रट निकालि तीर्थ जी लाइ दियो । सिग्रटको ध्वाँ कोठाभरि छद्दाइ उन भण्णाइ जानाहान् -"तमले याँ कस्याँ बुज्या छौ, म जाण्णैन, मैले बुज्यासम्म त याँ प्रशासनिक क्यै ठोस नीति आथिन् । निगाहमै बाँच्चु पड़न्छ । कै ले क्य अद्द सक्या छ, क्य अद्द सक्या आथिन् यैको क्यै छानबीन आथिन् । जै ले जैलाइ ज्य अऱ्याले लै भयो । सुनुवाइ काइँ आथिन् । साँच्चै भणू भण्या मलाइ याँ नौकरि अद्द्या मनै लै आथिन् ।"

तीर्थ जसो देशको एक योग्य रे जिम्मेवारी व्यक्तिले इस्याइँ असन्तुष्टि व्यक्त अऱ्या ध्यकि मलाइ नरमाइलो लाग्दु स्वाभाविकै हो । यै है अैतिर मैले उनलाइ भिटचा लै थ्यैन । यै पैल्ली कि भीटघाटमै उनले आफनो वह पोख्यो । हुन त उनरा मनकि पीड़ म क्यै अरि हटाउन सक्दैनँ । मात्तरै उनरा प्रति सहानुभूति व्यक्त अद्द बाहिक म सित क्यै उपायलै आथिन् । यै कुरड़ि था पाइबर लै उन भण्णाइ जानाहान् मेरा पिता जीले मखै भण्या थ्यो -"यै नैपालमै बाँच्चालाइ बाङ्डो रुखलाइ सोजो भण्णु पड़न्छ रे कालोलाइ सेतो भण्णु पड़न्छ, तर त् तसो जन् भण्यै ।" वाँ ले यो लै भण्या थ्यो कि -"अनुचित फाइदा उठाउन्या काम न अद्दु, तै बठाइ राष्ट्रलाइ ठुलो घात पड़न्छ । यै वाँको आज्ञालाइ पालन अरि मैले आजसम्म क्यै अनुचित उठाउन्या काम अऱ्यैन, जैका फलस्वरूप मेरा ग्रुपमै म सबै पक्षमा गिऱ्या छौं ।"



बीचमै विक्रमले भण्यो -"ओ हो ? इञ्जिनियर साइबको लै क्य कुरा अद्दु ! मैले लै ठेकापट्टाको काम अऱ्या दसौं बर्स हुन लाग्यो, सय्यौं इञ्जिनियर रे ओभरसियरको सङ्डत अऱ्या, तर इन जसो पायैन । दादालाइ था छ मैले धनकुटा अस्पताल भवनको ठेका लिया ? जम्मा छ लाखको ठेकामै दुइ लाख पचास हज्जार त इञ्जिनियरले मात्तरै लियो । म ठेकादार, मैलाइ नै घर बनाया मै चित्त बुज्यैन । क्याद्दु आफले भण्या जसो न हुन्या । इन इञ्जिनियर साइबलाइ लै यो सुणाइ सक्या । इनले त मखै भण्यो यो म बठाइ हुनैन । ठीक छ ! इनले ज्य भण्यो त्यो हामले अद्दुइ पड़चो । "

विक्रम कि कुरड़िका सिलसिलामै तीर्थ जी मलाइ सम्बोधन अद्दाइ भण्णाहान् -"म भवन अन्तर्गत अच्याल विक्रम जी ले बनाउन लाग्या भवनमै खटीऱ्यौ । तै भवनका जगमै कङ्क्रीटिङ न अरि चार फीटका जगमै तीन फीट मात्तरै जग हाल्लाउ, करीब चालिस हज्जार बचत हुन्छ, बीस हज्जार तम लिय, तनले भण्या थ्यो, मैले माण्यैन । कारण मैले इसो काम अद्दचा विचार आफना दिमाक मै राख्या आथिन् रे आजसम्म अऱ्या लै आथिन् । मेरि कमजोरि यै हुनाले लै कसै योजनाको भाग मैले मथि पुऱ्याउन सक्या होइन । मखै है उनले क्यै पायैन, तबै त म अयोग्य ठहऱ्यौं, क्यै न जाण्ण्या भयौं ।

मैले उनलाइ संजाउनोइ भण्या -"तीर्थ जी ! यो त आफनि प्रकृति रे सिद्धान्तै कुरड़ि हो । आज जैले अनुचित तरिकाले धन सङ्कलन अरि राइछ, अैले त उनले आफलाइ खुबै बुद्धिमान् रे बाठा संज्या हुन्ना । तर त्यो दिन लै आउँछ जै दिन उनले शिर निउँड़ाइबर मद्दु लै पड़न्छ । तमले आफना पिता जि का आज्ञानुसार जे सिद्धान्त प्रतिपादन अऱ्या छ, तै मै तमलाइ गौरव हुनु पड़न्छ । सत्यनिष्ठा सदानखिलाइ हुन्छे भण्या, झुटो क्रियाकलाप क्षणभरखिलाइ हुन्छ । तसैले तमले जै सत्यतालाइ अँगाल्या छ, त्यो नै तमरो विजय हो, हार होइन । ठीकै हो, तमलाइ क्यै दिन दुख भयो, प्रमोशन भयैन, एक स्थिर रे स्थाई कार्य भयैन । तब लै अधैर्य जन भया । त्यो दिन पक्काइ आउँछ ! तसा अत्याचारलाइ प्रत्येक व्यक्तिले थुकिबर सामाजिक बहिष्कार अद्दाहान् । तनरि छातिमै रे अनार मै खालि खुट्टाले कबाज खेल्लाहान् रे तिनरा रगतका थोपा-थोपासित याँ को माटोले बदला लिन्छ । तै वेला तम जसा इमानदारको कदर हुन्छ ।

मेरा विचारलाइ पुष्टि अद्दोइ विक्रमले भण्यो -"हो, ठीक हो । हरेक कुरड़िकि सिमा नाङचा पैथिर कसैले लै सऽन सक्दैन इति भ्रष्टाचार होइरैछ कि यै देशमै भणिबर साद्दच आथिन् । काम अद्दचाले मनाइ-

मनाइ खान खोज्जु साधारण कुरा हो । यिन त जड़ोइ उखेलिबर खानलाग्या । कसैलाइ डरै आथिन् । होउ लै कस्याँ ? सब्बै खानामै व्यस्त छन्, शुद्ध क्वै न आथि ।"

ठेकादारिका अवधिमै विक्रमले विभिन्न मनोभाव भयाका मान्स्ऽन्लाइ भिटचा हुनु पड़न्छ । उइलाइ याँका वर्तमान थितिको पूर्ण ज्ञान छ । हुन लै क्या कि न हुनु ? कामदार रे श्रमिकका बीचमै रै बर चौविसै घण्टा काम अद्दु पड़न्छ, ठेकाको काम पुरा अद्द कर्मचारिकि चाकड़ि अद्दि पड़न्छे । भ्रष्टाचारको मूल जड़ो ठेकादारी त हो ! नाना ठेकामै हजार आया, ठुला ठेकामै करोड़ हुन्छ । तसैले विक्रमलाइ यै सम्बन्धमा पूरा ज्ञान छ ।

म विक्रमलाइ सम्बोधन अद्दोइ भण्णौ - भाइ ! कै ठेकामै तैले बर्ती फाइदा उठाइ ?"

कै भणू म ? नाना-ठुला अरि बीस जति योजना मै काम अऱ्या, भौतैमै त फाइदा भयैन, भण्या लै हुन्छ । तीन चार योजनामै त सुच्या है लै बर्ती फाइदा भयो । तसैले सन्तुलन मिल्यैको भण्णु पड़न्छ । जाँ सम्म बर्ति है बर्ति फाइदा उठाउन्यै कुरड़ि छ, ताँ नैतिकता रे इमान्दारिलाइ छाड्डु पड़न्छ, फाइदाइ फाइदा हुन्छ । योइ योजना भण्णु क्यै न आथि । आजसम्म मैले अऱ्या योजनामै इन तीर्थ इञ्जिनियर साइब बाहिक क्वै इमानदार ध्यक्यैन । इनलाइ 'अपवाद इञ्जिनियर' भण्याले लै हुन्छ । और जति लै इञ्जिनियर रे ओभरसियर भिटचा, खान्या दाउ बाहिक और कुरड़ी आथिन् । हामलाइ कम है कम दी आफ बर्ता है बर्ता खानान् । तसैले कामकि जिम्मेवारिका दृष्टिले विचार अद्दचा हो भण्या इसै योजनामै बर्ता फाइदा भण्णू लै मुश्किल छ । नगदका दृष्टिले भण्ण्या हो भण्या सबै योजनामै फाइदाइ छ ।"

विक्रमकि कुरड़ि बीचमै काट्टाइ तीर्थ जी भण्णाहान् -"क्याकि न कमाउनु ? जाइँ-ताइँ कमाइ नै कमाइ छ ! ठेकादार होउ कि इञ्जिनियर, ओभरसियर होउ या योजनासित और अधिकारि रे लेखापाल हून्, सबै त कमाइकाइ फेरमै हुनान् ! योजनाको लक्ष एकतिर हुन्छ भण्या, तै लाइ पुरा अद्दचै जिम्मेबारि लिन्याको स्वार्थ अर्खाइ तिर हुन्छ । परिणाम, योजना तहस-नहस हुन्छ । तक्या तम्, म दावासित भण्णौ, अैल दस पन्नर बर्स इथा अधिराज्यभरि जति लै भवन बन्या हुन्, तिन भवन्ऽन्को क्यै लै गारन्टि आथिन् । कसै वेला लै चर्कन सक्दाहान् । तमले हाल सालै खवर पत्रिकामै छापिय्यी खवर पड्चा होला या सुण्या होला, काठमाण्ँका एक भवनमै बस्या मन्त्रालय रे तै अन्तर्गतका कार्यालय रातोरात तै भवन



छाड़ि अर्खा भवनमै सऱ्या । पैल्ली बस्या भवनमै कज्ज्याइँ लै भत्कन्या लक्षण ध्यकीय्या । भण पै कैले अऱ्या कामको जिम्मेबारि को छ ?"

विक्रमले जानकारि पाया रैछ तै सम्बन्धमै । तीर्थ जीका भणाइमै सहमति जनाउँलोइ विक्रमले भण्यो -"हो ! तै भवनका विषयमै मलाइ था छ । करीब दस बर्स अैतिर मात्तरै सर्कारि अमानतमै निर्माण अरीय्या भवन हो त्यो । तै वेलाको खर्च रे निर्माण भया भवन तक्दा सय्यौं बर्स क्यै न हुनु पड्डचा हो । आब यै बठाइ सहजै अनुमान लगाउन सकिन्छ कि भवनमै निर्धारित लागतको पैतीस प्रतिशत लै लाग्या आथिन् । बाइरि रूप मात्तरै चिटिक्क पाड़चा रैछ । मैले सबै अनुमान अरिसक्या, भवनका कै कै भागका काम अरि व्यक्तिगत स्वार्थको पूर्ति अऱ्यो ।"

ठेकादार विक्रमलाइ था न हुन्यै कुरड़ी न आथि । उइले सही ठेकादारी बठाइ क्यै अरि लै पैसा कमाउन सक्दैन । उइले बारम्बार मखै भण्ण्या अऱ्या छ -"क्याद्दु दादा ! यै काम छाड़ि अर्खो काम अद्दु पड़चो, यै चोरि लुच्चाइँको काम कति दिन सम्म अद्दचा ? टेन्डर लड्ड गयो, सबै है घटि न भया टेन्डर पास हुनैन । काम न भयाका झोकमै घटि दरमै लै काम लिनुइ पड़चो । नक्सा, इस्टिमेट अनुसार काम अद्द खोज्या आफनि घरगड़ि लागन्छे । पै क्याद्दु, मनले न माड़चाले लै देसलाइ धोका दिनुइ पड़चो ।" समय-समयमै विक्रमले अऱ्या कुरा मलाइ संजना हुनान् । एक ठेकामै उइले इञ्जिनियरलाइ मिलाउन न सक्या हुनाले पचास प्रतिशत आफना घरघराना पड़िबर नक्सान भया लै मलाइ बताया हो । विक्रमलाइ यै ठेकादारि लाइनको पुरा अनुभव छ । एक योजना बठाइ एक अधिकारिले कति पाउँछ, लेखापालले कति पाउँछ, ठेकादारले कति बचाउँछ ।

क्यै बेरको मौनता पैथिर मैले तीर्थ जी लाइ सोदचा -"तीर्थ जी !तमले भौतै कार्यालयमै काम अऱ्या रैछौ । तमरा अनुभवमै को कार्यालय तमरा अनुकूल हुनसक्यो ?"

मेरा प्रश्नले उनलाइ अप्ठचारो पाड़चो जसो लाग्यो । उन न्यूड़ीबर सुच्च लाग्या । आँजि मैले सोदचा -"मेरो प्रश्न केवल..........।"

मेरि कुरड़ि न टुडीनाइ उनले भण्यो -"होइन, याँलाइ म भण्णै लाथ्यौं । तक पै साँच्चै भणू भण्या -"मेरा अनुकूल क्वै कार्यालय रे योजना मैले पायैन । मैले अनुचित काम अऱ्या भया सबै मन पड्डचा लै हुन्थ्यो । म तमखै सफा भणौं, यै देसमै मखिलाइ कसै कार्यालय अनुकूल ध्यक्यैन रे तसो कार्यालय आथिन् भण्याले लै भयो । तबै, कभै त मलाइ विदेश जाइ बर काम अरौं लागन्छ ।"

उन भण्णाइ जानान् -"हामरा देशकि जसिलूट संसारका कसै मुलुकमै लै आथिन् । जति लुटचा लै छूट छ ।"

मैले उनलाइ संजाउनोइ भण्या -"यो चरम सिमामै पुगि सक्यो । यैलाइ कसैले लै स्ऽन सक्या आथिन् । यैका लागि विशेष व्यवस्थाको खोजिमै सबै लागिऱ्यान् । यै को अन्त हुन्या समय लै आय्यो । यै को आयु लामो आथिन् ।"

मेरि कुरड़िको प्रतिक्रिया जनाउनोइ विक्रमले भण्यो -"दादा ! जो तम भणन्छ त्यो त हुनै सक्दैन यै देस मै । याँ का जनता याँ हुन्याखान्या मान्स्ऽन्कि मनोप्रवृत्ति तकिहाल, याँका अधिकारीन्को चित्तवृत्ति बुजिहाल, तै पैथिर था पाउँछ ऽ, कुनै हालतले लै यै को अन्त हुनै हुनैन । आँजि याँ त यैको होड़बाजि चलिरैछ, कैले कति वर्ता कमाउन्या भणिवर । पै भण, तम कै वर्गलाइ नियन्त्रणमै लिन सकन्छ रे कै पक्षमै वर्ती निगरानि राख्द सकन्छ ? असम्भव ! तमलाइ हामरा समाजका जाण्ण्या-सुण्ण्या मान्स ऽन् को अन्तष्करणको अभिप्राय के छ, था छ ? मेरो चेलो पड़िलेखि डाक्टर बनौ या इञ्जिनियर बनौ । यदि प्राविधिक बन्न सक्यैन भण्या प्रशासक बनिबर बर्ती पैसा कमाउन्या अड्डामै जाउ भण्ण्या हुन्छ । इसै अनुसार जैले हुन पायो, यै देश मै हुन्याखान्याका रूपमै गणीय्या लै छन् । आब तनरा चेलाचेलिलाइ लै तसै बाटामै डोऱ्याउन्नाऱ्यान् । यो क्रम चल्लोइ जान्छ । तकीहाल दादा ! कसै समाजमै लै धन हुन्याकोइ बर्ता बोलबाल चल्या हुन्छ । आजको समय धनको समय हो । तमसित धन छ भण्या सर्वशक्ति तमै सित झुकन्छ । म तमरि कुरड़ि सित विश्वस्त आथीनूँ ।"

मेरो साधारण विश्लेषणले ज्य ध्यक्या त्यै भण्या । विक्रमका तर्कपूर्ण कुरा सित म असहमत आथीनूँ । तथापि मलाइ मेरा स्थितिको जो विश्लेषण छ तै प्रति लै पूर्ण विश्वास छ । आज मेराइ घरमै आइबर तीर्थ जीले जै अवस्था मेरा वाँखै राख्यो, निस्सयै लै यो सहन योग्य होइन । वर्तमान अवस्था वास्तविकतामै तक्या, निन्दनीय स्थितिमै पुगिसकि । सम्पूर्ण समाजले यै अवस्थालाइ स्ऽन सक्या आथिन् ।

तीर्थ जी आफनो राय व्यक्त अद्दाइ भण्णाहान् -"वर्ताइ समय सम्म यै थिति रलि भणी त म विश्वस अद्दैनँ । यो बरिखाकि भोल हो । वरिखासम्म मात्तरै पानि अनालो होलो । आव हिउन आया आफै निर्मल रे कञ्चन हुन्छ ।"

मैले तीर्थकी कुरडी पुष्टयाउनोइ भण्या-"ठीक हो तीर्थ जीले भण्या । जब चारैतिर पानिको हाहाकार हुन्छ, सबै मूल बन्द हुनान्, खोला रोड़ा आफै सुकिजानान्, तब मात्तरै पानि निर्मल हुन्छ रे शुद्ध हुन्छ ।"



यै बीचमै तीर्थ रे विक्रमखिलाइ चाहा आइपुगन्छ । चाहा सितै तीर्थ जी सिग्रट सल्काउनान् । क्यै छचणखिलाइ मेरो ड्रइङरूम मौन छ । मात्तरै चाहाकि चुस्किको मिठो ध्वनि गुञ्जीरन्छ । तीर्थ जी चाहा पिन्तक लै क्यै सुच्च लागिऱ्यान् । म उनरि अनार तकि सहजै अनुमान लाउन सक्दौ कि उन मसित आफना बर्ती-बर्ती व्यथा पोख्द चाहनान् ।

चाहाको कप टेबुलमै राख्दोइ विक्रमले भण्यो -"यै विषयमै म एक रमाइलो घटना सुणाउनौ । कस्याँ चाँजो-पाँजो मिल्ल्या रैछ सुण पै । करीब चार बर्स अैतिरै कुरड़ि हो कर्णालि अञ्चलका एक जिल्ला मै एक झोल्ङ्या पूल बनाउनु पड्ड्या रैछ । काठमाणूँ बठाइ तै पूल निर्माणको ठेक्का बन्दोबस्त भयो । करीब दस लाखमै मेरो साथि नजरमानले ठेका सकाऱ्यो । तै योजनाखिलाइ एक ओभसियर खटीय्यो । दुर्गम छेत्र भया हुनाले ठेकादारले क्यै पेश्कि लै पायो । बाँकि रकम ओभरसियर रे दुइ जना जनप्रतिनिधिका जिम्मा दी विभागले योजना सुरु अऱ्यो । ठेकादारले काठमाणूँ है बाइर जानु पड़चैन । ओभरसियर आफना तराइका घरतिर तीन मैना बसिबर आयो । दुइ जना जनप्रतिनिधिले प्लेन चड़ि दुइतीन फेरा जिल्ला ओहर-दोहर अऱ्यो । पूल बन्यो, मान्स्ऽन्लाइ सुविधा भयी कुरड़ि लै रेड़ियो ले जिल्ला समाचार मै प्रसारित अऱ्यो । क्यै दिन पैथिर त्यो पूल खोलाले बगायो, यो समाचार लै राजधानिबठाइ निकल्ल्या समाचार पत्रले छाप्यो । नजरमान समेत चार जनाले बराबर हिस्सा बाँड़्यो । पूल बन्या होइन भणी कसैले प्रमाणित अद्द सक्दचै कुरड़ी भईन । पूल ठेका भया दिन है पूल बनाया खोलाले बगायासम्मको प्रमाण दुरुस्तै वनाया पैथिर कैले क्याद्दचा ? इस्याँ प्रमाण पुगाइ काम अऱ्याले कस्याँ भ्रष्टाचार अऱ्या ठहरिन्छ ?"

विक्रमका भणाइले तीर्थ जीलाइ न मिठो हाँसो फुटायो । विक्रम सित यै विषयमै आँजि जानकारि लिन तीर्थ जीले सोदचो -"होइन, ठेकादार रे ओभरसियरले योजना स्थल मै न पुगि पैसा पचायो ?"

"हो, क्याकि पुग्दु पड़चो योजनास्थलमै, घरमै बसि सबै काम बनि हाल्या ? जनप्रतिनिलि साविकैकि काठकि साउँ खोलामै खिति, तै खोलाले वगायो भणी सर्जमीन मुचुल्का तयार अऱ्यो । झुटि त काँ अऱ्यो ? नाना काठकि लै साउँ इ हो, ठूलो फलामकि लै साउँइ हो । साउँ खोलाले बगाया लै पक्काइ हो ।"

मैले जाण्ण खोज्या -"तसो भया रेड़ियो प्रसार रे समाचार पत्रकि छपाइ आधिकारिक होइन रै छ ?"

"हो !"

"कस्याँ प्रसारण भयो त ?"

"जस्याँ पैल्ली बठाइ प्रसारण हुनोइ आइराख्या छ ।"

तीर्थ जी ले मलाइ संझाउनोइ भण्यो -"है ! इसो प्रमाण त मैले पैल्ली लै पायैको हूँ । छाड़िदिउँ यै कुरड़ि । म तमऽन्लाइ अर्खि रमाइलि घटना सुणाउनौ ।

एक विभागले कसै ठेकादारलाइ एक निश्चित ठेका पुरा अद्द संझौता अऱ्या । काम लै सुरु भयो । ठेकादार बिदेसि थ्यो । उइले सोच्यो फायदा क्याकि न उठाउन्या ? यिनऽन् सित पैसा छ, बुद्धि आथिन् । यै बीच मै मन्त्रालयमै निवेदन दी सचिव सित साँठगाँठ मिलाया रैछ । दिन्याले आफना घरकि सम्पत्ति दिनु पड्डचै होइन । एक करोड रुप्याँ अर्खी विदेसि कम्पनि सित ऋण ली ठेकादारलाइ मसीन औजार किनि दिया रैछ । संझौता शर्त अनुसार ठेकादारले तन मशीन औजार चलाया वाफत् तोक्या बमोजिको बहाल बुजाउनु पड्डचा रै छ । नया मशीन-औजार चलाइबर ठेकादारले काम पुरा अऱ्यो । 'तेरो जुता तेरा तालुइमै' भण्यै जनि बहाल न सहाल, थोतरो मालसामान छाडिबर चम्पत भै छ ।"

तीर्थ जी भण्णाइ जानान् -"कति अरुँ इसि कुरड़ि, जति अऱ्याले लै सकीनीनन् । जाँ तक्यो ताँ तसोइ छ । म खान्यापानि मै छँय्या तसोइ भयो । पानिको पाइप राख्दु पड्डचा हैभी, राख्दाहान् लाइट । मतलब कम मोलको । 'क्या कि इसो अऱ्या ?' सोदचा त 'यो त माटिमणि रन्या हो, जसोइ राख्यालेलै क्यै बर्समै फेद्दुइ पड़न्छ भणी जबाब पाया, पै क्याद्दु ? मैले यै ध्यक्या कि कसै मै लै नैतिकता आथिन् । याँ त केवल फटाहा रे लुच्चाले मात्तरै बस्स्या ठाउँ रैछ । म त आब विदेशैतिर जाइ काम अद्दौ ।"

विक्रमले बीचै मै भड़चो -"हामरा इञ्जिनियर साइब सदान यै भण्णाहान् । आँखिरि जाँ गयाले लै काम न अरिबर खान पाइन्या होइन । तम जसा इञ्जिनियर यै देशमै कमै छन् । तमरो याँ जति इज्जत हुन्छ, तति अन्तारि हुनैन । तम याँ का हावामै मिल्या आथीनौं । मिल्या पैथिर तमले छाडिसक्दानँ ।"

तक पै विक्रम जी ! मैले आफनो नैतिकता बेच्च्या भया पैल्ली बेचि सक्दचै थ्यूँ । आजसम्म आफलाइ बचाइँ राख्यौ । याँ म एकलीय्यौं तबै विदेशीन खेज्या हूँ । न सुण्ण, न ध्यक्द पड़चा सञ्चोइ हुन्छ ।"

मैले तीर्थ जीलाइ सान्त्वना दिनोइ भण्या -"तम ज्या सुच्चा छ त्यो तमरो कमजोरि हो तमले बस्सु पड़न्छ यै देशमै, तव त्यो तमरो जीत हो ! समयको प्रतीक्षा अर, त्यो मौका जरूरै आउँछ !"



उन विस्तारै भण्णाहान् -तमले ठीकै भण्या हो ! तबलै क्याद्दु दस बर्स होय्या, विना धाकोको चङ्गा होइबर घुम्दाऱ्यौ ।"

इसैबीच विक्रमले सोफामै है जुरुक्क उठि घड़ि हेद्दोइ भण्यो -"ओ हो ! आज दोसरा तला ढलान अद्दाइ सिमन्ट रे छड़ ल्याउनु पड़चा थ्यो ।"

मैले उइखै भण्या -"आज दिनभरिको फुर्सत लीबर आया होइन त ? भर्खरै एक बज्यो, क्याको हतार ?"

"एक घण्टा जति बसूँलो भणी आया त तीन घण्टा होय्या । मैले रुप्प्याँ छाडचा आथिन् । और इञ्जिनियर भयाले लै मसितका तीनसय बोरा सिमन्टले काम चलाउँथ्या, क्याद्दु तीर्थ इञ्जिनियर साइबले माण्णाइन् । पै मलाइ लप्पन छप्पन अद्द मन लै लाग्दैन ।"

उइकि कुरड़िलाइ जोड़ दिनोइ मैले भण्या -"हो पै ! थोक्काइ सिमन्ट प्रयोग अरि ढलान भया फर्मा झिकन्तक ढलान तल्तिरै ओइरीया अर्खि आफत !"

उइले हाँस्सोइ भण्यो -"नै नै तसोइ त हुनैन । पचास प्रतिशत सिमन्ट कटाउनालै ढलान त बसन्छ । तर जति टिकाउ हुनु पड्डचा हो तति हुँनैन । तमलाइ साधारण नमुना दिउँ, कोठा या घरको प्लास्टर अद्दा एक चारका हिसाबले सिमन्ट लाउनु पड़न्छ । तम एक आठले ला तति फरक पड्डैन । इस्याँ पचास प्रतिशत सिमन्ट बच्च आउँछ । यो हिसाब ठेकादारिको हो । आफना घरमै भण्या प्रयोग अद्दु हुनैन ।"

विक्रम हतारिन लाग्यो । म भण्या तीर्थ जी सित कुरड़ि अद्दचा पच्छ्चमा छौं रे तीर्थ जी लै मसित कुरड़ि अद्द उत्सुक ध्यकीनान् । विक्रम लाइ रोक्दोइ चाहा खान भणी बाड़ हाल्या ।

ठीकै छ, छट्टाइँ अर ।" विक्रम आँजि सोफामै बस्सोइ भणन्छ -"तमऽन् कि आज कुरड़ि आज न टुङ्डीय्या अर्खा दिन भिट्ट्चा निस्सय अरौं, हुँनैन ?"

मैले तीर्थ जी लाइ सम्बोधन अद्दोइ भण्या -"सबै है बर्ति खर्च अद्दचा कार्यालय को को हुन्ना, तमलाइ था छ कि ?"

उनले उज्ज्याइँ जबाब दियो -"सड़क विभाग त हो । यै वर्स मात्तरै करीब एक अरब रुप्प्या खर्च अद्दचा निधो थ्यो ।"

"कसि प्रगति होइरै छ ?"

"कसि प्रगति भण्ण्या, ढाँटका न्यौंतो खाउँ त पत्याउँ ?"

"मतलव बुज्यैन मैले ।"

"कुरड़ि सिदी छ ! ठोस काम भया क्यैन धेकीनो । योजना रकम पचास प्रतिशत लै योजना मै सदुपपयोग हुनैन, क्य भण्णु ?"

उन आँजि भण्णाइ जानान् -"इसै विभाग अन्तर्गत चल्या एक ठेकाकि कुरड़ि तमखै भण्णौ, महेन्द्र राजमार्गको एक ना‌ऽनो खण्ड भया वाटो बडाइबर पक्कि बनाउन एक विदेसि कम्पनिलाइ नौ करोड़मै ठेका दियो । काम दिया एक वर्स मै काम समाप्त अरि भुक्तानि ली ठेका दार हिटञ्ज्याइँ बनाया सबै जसो बाटो फुट्टोइ भत्कन लाग्यो । इसोइ ! जाँको वयान अऱ्याले लै सकीनैन । सज्यो कि झिक् आफैलाइ डा हुन्छे । ध्यक्याले भण्ण्या मन लागन्छ, भण्याले बैरि होइन्छ । तबै त मलाइ याँ बस्स्या मन आथिन् ।"

तीर्थ जी सुस्केरा हाल्लाइ खल्टि है सिग्रट निकाल्लाहान् रे सल्काउनाहान् । सिग्रटका ध्वाँ मै आफना आँखा अल्मलाइबर बस्साहान् । साइत हतारीय्या होलो, विक्रम छटाइँ भण्णाई ड्रइङरूम है बाइर निकल्यो ।

एक्कैबेर पैथिर विक्रम सितै तीन कप चाहा हामरा टेबुलमै आइपुग्दाहान् । मैले रे विक्रमले चाहाका कप समाइसक्यौं । तीर्थ जीका हातमै सिग्रटको ठुटो सल्किरैछ । तीर्थ जीलाइ घच्घच्याइ मैले भण्या - "तीर्थ जी चाहा खाउँ । आज विक्रमलाइ ब्यालो होय्यो । दुइ चार दिन पैथिर बर्ती समय बस्स्या अरि आया, पै आँजि बसूँला ।"

यै देशमै आफलाइ मिलाउन न सकि तीर्थ जी विदेसीन्या तर्खरमै छन् । उनरा हरेक भणाइमै निराशा रे असन्तोष व्याप्त छ । हुनालै तीर्थजी जसा इमान्दार व्यक्तिको खाँचो यै देशले बुज्या आथिन् अैल । साथै तीर्थ जीलेलै यै देशमै आफनो मूल्य संजि राख्या आथिन् । आँजि मैले भण्या - "तीर्थ जी ! दुइ चार दिन पैथिर जरूरै आया ।"

दुयै नमस्कार अद्दाइ म बठाइ बिदा हुनान् । तीर्थ जीले पीबर उड़ाया, ड्रइङरूम भरि छरीय्याँ धुँकामै म एकलोइ क्यै छचणका लागि हरायौं ।



# छन्चरबार

म आज रात्तै पशुपति दर्शन अद्द घर है निकल्ल्यै तर्खरमै छौं । म पशुपति मन्दिरमै न गया मैनौं होय्यो । दुइ बर्स पैल्ली मैले कम्तिमै हप्तामै एक फेरा जान्या अऱ्या थ्या । त्यो क्रम अविछिन्न रूपमै दस वर्ष सम्म चल्यो । पशुपतिनाथ नगया हप्तामै म आफैलाइ फिक्का लागन्थ्यो । पशुपति गया पैथिर एक-दुइ घण्टा मन्दिरका वर-पर बिताउन्या नियमै वसि सक्या थ्यो । तर दुइ बर्स इथा म मशुपति मन्दिर गया आथीनूँ भण्या लै हुन्छ । यै अबिधमै मुश्किलले पाँच फेरा सम्म गया हूँलो । आज भोल क्याकि ब हो तै मन्दिरमै जान्यै फुर्सत लै आथिन्, जान्यै रहड़ मेटीय्यी झै छ । साँच्ची भणू भण्या पशुपतिनाथज्यूको मलाइ संजनाइ लै आउन छाड़ि सक्या छ ।

पर्भातको आफनो नित्य काम सकि म पशुपतिनाथजीको मन्दिरमै जान तयार छौं । बाइर निकल्या वेला दैनिक आवश्यकताका सामानको किनमेल अद्द आफनि श्रीमति बठाइ ना‌ऽनो टिपौट रे झोला पाउन्या अऱ्या छौं । तसै पर्खद, म ढोका मै कली ऱ्यौं । मेरि श्रीमतिले आइबर भण्यों -"आज आमा सित भिटिबर मात्तरै बाइर जा ।"

श्रीमतिका हातमै झोला न ध्यक्दा, म मनमनै खुसि भयौं, आज किनमेल आथिन् भणी । किनमेल अद्द म अती झन्झट माण्णौ । किनमेलको टिपौट न ली घर है निकल्ल पाया मलाइ विशेष आनन्दको अनुभव हुन्छ । श्रीमतिलाइ संजाउन खोज्जैन उनले झोला रे टिपौट कागज भुल्यामै । म चुपचाप क्यै न बोलि आमाका कोठातिर जानौ ।

आमाले म ध्यकय्याइँ भण्यो -"होइन, तै बाबु बज्यै छलामै अर्खाले रजाइँ अद्दचा ? तम‌ऽन्लाइ एक मिनटलै फुर्सत आथिन् ? साथि ठुलोइ वकील होय्यो भणी सुणाउँथ्यै । उसै सित जाइबर सर सल्लाह अऱ्याले लै हुन्थ्यो । क्य अरि खान्छै कसब ?

आमाले यै विषयमै मखै कति फेरा ब भणिसक्यो । मलाइ फुर्सत थीन रे जान लै सक्या थ्यैन । मलाइ तै घरेड़िको माया न लाग्या लै होइन । भक्तपुर नगर छेत्रकि त्यो घरेड़ि अैल बीसौं हज्जार रुप्प्याँले लै प्राप्त हुन सक्दीन । रुप्प्याँको मात्तरै कुरा होइन, आफना बाबु बज्याकि सम्पत्ति लै मैले संरक्षण अद्द न सक्या आफनाइ सन्ततिले लै कस्याँ पाउन्ना ? मलाइ सब्बै कुरड़ि था पाइबर लै तै घरेड़ि कि रक्षा अद्दचैतिर भण्या मैले आफना पाइला चाल्या आथीनूँ ।

लटँ कुमार भणीन्या रत्न कुमारले आफनो 'घर पाताल' भणी तसै घरेड़िमै नक्सा पास अराइ सक्या रैछ । म एक दिन आफै जाइबर घर बनाउन सम्म रोक्क्यस्यौं । म सित तै घरेड़िका क्यै लै प्रमाण कागज आथिन् । छरछिमेकि रे सँध्यारले मेरो ज्यथा यो होइन भण्ण सक्या आथीनन् । इसै आधारमै मात्तरै मेरो जग्गा मेरा हात है फुत्कैन भण्ण्यै आशामै छौं ।

म आमालाइ संजाउनोइ भण्णौं -"पोरु जाइबर घर बनाउन रोकि हाल्या । आजभोल फुर्सतै छ । आब व़कीलका वाँ जाइ कानुनि सल्लाह अरि तसै मुताबिक आफनो जग्गा मिलाइ हाल्लौ । क्याकि बर्ती चिन्ता अच्छचौ ?"

"ध्यकाध्यकी आफना पुर्खाइ सम्पति अर्खाले खान लाग्यो । पै पीड़ न माणि क्याद्द ?"

आमाको आशय हो, यैमै मैले दत्तचित्त होइ छटाइँ काम अरि सक्दु । तसैले मैले आमालाइ विश्वास दिलाया कि म आजै व़कीला वाँ जानौ रे कानुनि सल्लाह लिनौ ।

ब्यानलै भई हुनाले बाटा मै तति बर्ति मान्स ध्यकीनाइन् । सुचे, आज पशुपतिनाथको मन्दिरमै होलै सित दर्शन अद्द पाएलो । आज बर्ती दिन पैथिर म मन्दिर जान्नाऱ्यौ । पशुपतिनाथ प्रति अगाध सर्दा रे विश्वास छ मेरा हृदयमै । म उनरो अनन्य भक्तमैको एक हूँ । तब लै इन दिनऽन्मै मैले उनरि सेवा पुऱ्याउन सक्या आथीनूँ । म्यरो मन मरचा छ श्रद्धा होइबर लै । क्याकि कि एक दिन पुजारिले म सित अप्रिय व्यवहार अऱ्या थ्यो । तै दिनबठि उनरा रे म्यरा सम्बन्धमै ह्रास आउन पस्या हो । म आज भितरि हिर्दय बटि खुसि छौं, मैनौं पैथिर पशुपतिनाथ जीको दर्शन अद्दचै इच्छा जागरण भयामै ।

बत्तीसपुतलिका लामा बाटाका पल्ला पुछड़सम्म मेरा आँखा पुग्दाहान् । एकतिर लामा-लामा अग्गासै लाग्दाऱ्या भा रुख ध्यकीनान्, अर्खातिर भापा रे मोरङ्का भोरा फाणीय्या भा नाङ्डा रे नाना ठुटा मात्तरै ध्यक्दौ । मलाइ पुराइ संजना छ करीब तेर बर्स पैल्ली बाटाका दुयै तिरका किनारमै एकैबर वृक्षारोपण भया थ्यो । दुयैतिरका रुखऽन् इस्याइँ बड़चा भयाले यो बाटो कति राम्ड़ो हुन्यै थ्यो । यो विचार अद्दा अद्दाइ म्यरा आँखा विद्युत प्रसारण लाइनमै पड्डाहान् । मैले यकीन अऱ्या विजुलिका तार रुखका मथिबठाइ गया हुनाले तलिमणिका बोट विरुवा काटचा हुन सकन्छ । मेरा मस्तिष्कमै लै यक् कुरड़ि यकीन अद्द अनेक प्रश्न आउनान् । क्य वृक्षारोपण अरिन्तक यिन बिजुलिका खम्बा थ्यैनन्



? बिजुलिका खम्बा गाड़चाकाइ भया, वृक्षारोपण अरिन्तक नाना-नाना बोटविरुवा ठुला र उच्चा हुन्ना भणी था थ्यैन ? विद्युत प्रसारण लाइन रे वृक्षारोपण लाइन कस्याँ एकै रेखामै पड्ड गया ? मेरो गिद्दिले प्रश्नको जबाब खोज्ज भ्याउनैन । निर्दिष्ट स्थानमै पुग्दचा उद्देश्यले तै बाटामै म लम्किबर हिट्टाऱ्यौ ।

एकाएक मेरा अैमुख साइकल रोकीन्छे, साइकल चालक 'नमस्ते' भण्णोइ व़ाइँखै कलीन्छ, म उइलाइ पछ्याण्णौ । उइलाइ ध्यकीय्याँइ आमाले अराया काम संज्यौं, नमस्ते फर्काया पैथिर सोदचा "विष्णुकान्त जी सित अैल नौ बजेतिर काँ भीट होलि ?" सोमनाथले जबाब दियो "आफनाइ फर्ममै ।"

"मैले आज उनलाइ भिट्टु छ, म नौ बजेतिर आइपुग्दौ भणिदिया ।"

"हुन्छ, काँ हिड़चा हो, टाड़ाइ ?"

"होइन, पशुपतिसम्म मात्तरै ।"

सोमनाथ मसित छुट्टीबर गयो । म आफना गन्तव्य तिर लाग्यौं । सोमकान्त विष्णुकान्तको सहायकका रूपमै काम अरन्छ । विष्णुकान्त नैपालका नाउँ चल्या व़कीलमैका हुन् । व़कालत अऱ्या पन्नरैबर्समै विष्णुकान्तले आफ्नो इज्जतलाइ बर्ताइ माथि उठाइ सक्या छन् । जै पायो तै मुद्दा लिनाइन् । जै लिया तै सफलै बनाउनाहान् ? तसै ल्याले लै उन उच्चकोटिका वकीलका रूपमै चिनीनान् ।

पशुपति मन्दिरका चौकमै मान्सऽन् कि भीड़ छ, पस्सिम ढोका मात्तरै खुल्या हुनाले दर्शन अद्द न पाउन्या तसै मोहडातिर रल्लीबर बस्या छन् । मलै एक चक्कर काटिबर अवसर लिन्या फेरमै तै तिरै आयौं । आज बिदाको दिन भया हुनाले यो भीड़ भई होलि । बड़ो मुश्किलले आफनो उद्देश्य पूर्ति अरि ताँबठाइ हिट्चौं ।

दिया समय है क्यै मिनट पैल्ली नै म विष्णुकान्तका घरमै पुग्यौं, जाँ उनरो आफनो निजि अफिस लै छ, म उनरा अफिस कोठामै प्रवेश अरि उनरा टेबुलका छेउमै टुपक्क बस्यौं । उज्ज्याइँ 'बत्तीसका बत्तीस भाड़ि दिनौं इनरा दाँत ! क्य खुइल्याउनाहान् यिनले' भण्णोइ विष्णुकान्त ममै खणीय्यो विष्णुकान्त मतिर रिसाया आँखाले तक्द लाग्यो । म सित रिसाउन्या कारण त क्यै न थ्यो । इस्याँ रिसाउनु पड़्चा रहस्य मैले बुज्जै सक्यैनँ । उइसित मेरो मित्रता भयालै पन्नरौं बर्स होय्या । उइकि ठट्टा अद्दचै बानि बठाइ म अनभिज्ञ आथीनूँ । तब लै इस्याँ रिसाया कभै लै ध्यक्या थ्यैनँ । आज यै विष्णुकान्तलाइ क्य भयो, मैले बुज्जै सक्यैनँ ।

मैले क्यै भण्ण न पाउनाइ उइले आँजि आफना सहायक सित भण्यो -"ए सोमकान्त जी ! क्य तकिराख्या, ल्यास सन्यासो, तोड़ि दिनौ इनरा दाँत ! खुबै मोतिका दाना झा भणी धक्कु लाउनाहान् ! मोतिका दाना रै छन् कि घोगाका गेड़ा रैछन् ध्यकाइ दिनौ ।"

मैले विष्णुकान्तलाइ संवोधन अद्दोइ विनम्रतापूर्वक सोदचा -"होइन विष्णु ! क्य भण्या हो यो ? कैका दाँतै कुरड़ि अद्दाछै ? म तिरै फनक्क फर्कि मैलाइ खाउँलो झो अरि भण्यो -"त्यरा दाँत त्यरा !"

उइका झम्टाइ बठाइ म लै उत्तेजित भयौं रे उइका भणाइलाइ आक्रमण अद्दोइ सोदचा -"क्य भणी तैले ? त् पागल् त भयै नि ? क्य दाँतका कुरा अऱ्या ?"

"हो म पागल होय्यौं ! और क्यै भण्णु छ ? भण्णोइ उइले सोमनाथै तिर फर्कदोइ भण्यो -"क्य तक्या ? सनेसो ल्यस ! तमले कान सुण्यानँ ?"

विष्णुकान्तको आदेशानुसार सोमनाथले सनेसो ल्याबर टेवुलमै राख्यो । विष्णुकान्तले सनेसो दाइन हातले समाइ भण्यो -"तेरा अैतिरा चार दाँत तोड़िदिनौ । एक, दुइ, तीन, चार गँणि यै टेवुलमै राख्दौ मलाइ त् क्य अद्द सकन्छै ?"

"त्यरो काम क्यै भयैन रे न चाइन्या कुरा अद्द पस्यै ?"

क्यै काम न होइबर त्यरा दाँत निकाल्ल तम्सीय्या म !" भण्णोइ बाउँ हातले मेरो च्यूँडो समाउन लाग्यो ।

विष्णुकान्तको यो तरिका ध्यकिबर मलाइ चन्पुत्रि रीस आइ । म जुरुक्क कुर्छिमै है उठचौं रे आफलै तयार हुनोइ भण्या -"तै ले क्य खोज्या, झगड़ा अद्द ?"

उइले आफनि जोसपूर्ण अनार मनाइ घटाउनोइ विस्तारै भण्यो -"होइन, झगड़ा अद्द खोज्या होइन, मात्तरै त्यरा दाँत निकाल्ल खोज्या हूँ । जबरजस्ती अैलै म त्यरा दाँत तोड्डौ । त्यरा दाँत तोड़चा वाफत् तिद्दु पड्डचा डण्ण जरिमाना तिद्दौ । ए, दुइ सय चालिस रुप्प्याँ ठीक पाड़ि राख्यौ ।"

टेबुलमै दुइ सय चालिस रुप्प्याँ रे सनेसो सँङै छ । म्यरा अैमुखका चार दाँत, भणौं सम्पूर्ण जीवनको सुन्दरता, जैको मोलै आथिन्, तैको दुइ सय चालिस मूल्य निर्धारण अरि विष्णुकान्त निकाल्ल्यै तर्खरमै छ । यो वास्तविक हो कि नाटक हो, मैले बुज्जै सक्यैनँ । विष्णुकान्त ध्यकि रीस उठन्छे । म आवेशमै आइबर उइखै भण्णौ -"त्यरा दुइसय चालिस त् आफै राख् । मलाई आफनो सुन्दरता गुमाउनु आथिन् ।"



म रिसाया ध्यकि बिष्णुकान्तकि अनार गम्भीर हुनी आइ, म आफनि रीस न थामि सकि उइलाइ भण्णोइ गयौं -"त्यरा दाँत निकाल्लौ रे तइले दिन्या रकम है दस दोब्बर बर्ति रकम दिनौं, एक दाँतको साटि मात्तरै क्या कि ? म त्वलाइ छ सय रुप्प्याँ दिनौ । बेमतलब दाँत कि कुरड़ि अरिबर ! म क्य काममै आया थ्यौं, कसा काममै आया थ्यौं ? इति जिम्मेबार मान्स हौइबर न चाइन्यै कुरड़ि अरि बसन्छै !"

उ शान्त रे गम्भीर हुनोइ एक फाइल पल्टाउन पस्यो । क्यै बेर म लै मौन रयौं । एइले बिस्तारै हाँस्सोइ भण्णो -"यो फाइल इसै केस संबन्धि हो । त् आउँछै भणी सोमनाथले खबर ल्ययो । त् सित क्यै पाउनौ कि भणी यो बातावरण सृजना अऱ्या हूँ । न राम्ड़ो जन् माणै मैले त ठट्टा अऱ्या हूँ ।"

उइले आफनि सफाइ पेश अद्द न सक्दाइ एक अद्बैस्या आइमाइ कोठा भितरि आइन् । "म त मऱ्यौ वकील बाज्या !" भणी मेराइ नजिकै कुर्छिमै आइ बसिन् । हाम सबैको ध्यान तिनै तिर केन्द्रित भयो । उन आफनो मुण्टो समाउनी भण्ण लागिन् -"आँजि मुद्दा हाऱ्यौं ! म क्यारुँ ? आब त मरिया लै भयो । अठार बर्ससम्म मुद्दा लड़चौ । जै आशाले बचाया थ्यो, आब त त्यो लै रयैन ।"

विष्णुकान्तले तनरि कुरड़ि सुणि आश्चर्य चकित हुनोइ भण्यो -"के ? मुद्दा हरीय्यो ? कस्याँ हारीय्यो त ?"

तन आइमाइ विस्तारै भण्णी जान्छिन् -"म रे मेरा छोराले अंश न पाउँन्या रे ! सुरु अदालतले अंश पाउन्या ठहराया हो, तब लै 'अंश पाउन्या ठहर वदर ठहर्छ' भणी फैसला अरिदियो । आब क्य उपाय रयो, वकील बाज्या ? भण पै ।"

विष्णुकान्तले तन पुतारिलाइ संजाउनोइ भण्यो -"यो छेत्रीयले हराउनाइमा मुद्दा बिगड़ियो भण्ण त सकीनैन ? आँजि जाउँ भण्या त दुइ तीन तह त बाँकि नै छन् । तर कानूनले तमरा बौस्यै चल सम्पति अंशबण्डा खिलाइ दाबि अरि, पाउन सकीन्यै होइन, यो कुरड़ि पैल्ली लै तमखै मैले भणि सक्या हूँ ।"

विष्णुकान्तै कुरड़ि बीचैमै काट्टोइ मैले भण्या -"क्य स्वास्निले लोग्न्या चलसम्पतिको अंश न पाउन्या ?"

"हो, चल सम्पतिको अड्डाले अंश दिलाया आजसम्म रिकर्ड आथिन् ।"

उपाय खोज्जी तन् पुतारिले सोदिन् -"क्य सर्वोच्चले स्वास्नि ठहराइ 'छोराको न्वारन अद्दु पड्ड्चा' फैसला बदर होय्यो त ?" छोरा रे स्वास्नि प्रमाणित अराउन तेर बर्स लाग्या मेहनत तसोइ मेटिय्यो त ?"

तन पुतारिकि कुरड़ि बिस्तारै म बुज्जाऱ्यौ । चालिस वर्स जति कि अड्कलीय्यी तन पुतारिले झण्णै उनरा जीवनको आधा भाग अदालत धाइबर वितायी रैछन् । उनरा बौस्याले 'स्वास्नि होइन' भणी निकाल्या पैथिर सामाजिक भणाइ बठाइ बाँच्च रे आफना हककिलाइ अदालतका शरणमै पुगीरैछन् । अठार बर्स सम्म लै उनरा हकको संरक्षण हुन न सक्दाले उनले आफ जिउनी मऱ्या अनुभव अरी रैछन् । कुरड़ि अट्टी जाना बीच बीचमै उन भण्णी जान्छिन् -" आब म क्या रूँ ? मरूँ ?" उनरा प्रश्नको समाधान आथिन्, उनरो प्रश्न प्रश्न नै रन्छ ।

विष्णुकान्त आज मसित कुरड़ि अद्दचा अठोठ मै बस्या हुनाले तन जनानिलाइ भोल पर्भात आउन्या समय दिनोइ बिदा दिन्यै तर्खरमै लागन्छ । उइले तन जनानिलाइ संवोधन अट्टोइ भण्यो -"दिदी बर्ती पीड़ जन् माणऽ । हुन्या हुनामि न भै छाड्डीन । म तमरा लेख अरूँलो पीड़ जन् अरऽ । आज म विचार अट्टौ, भोल पर्भात इसै समयमै सरसल्ला अरौंला ।"

"हुन्छ, हजुर्कै भर भरोसा मै छौं हा !" भणी विष्णुकान्तलाइ प्रणाम अट्टी कोठा है बाइर निकलन्छिन् ।

सोमनाथले विष्णुकान्तलाइ फाइल दिनोइ भण्यो -"भोल दर्ता अद्दु पड्ड्चा मुद्दा हुनाले आजै बादि लेखिदिनु पड़्चो ।"

"क्य मुद्दा ?"

"चावेलका मेघराजको खुट्टो भँचीय्या मुद्दा ।"

"ए, लेस ।"

विष्णुकान्तले म तिर तकि भण्यो -"कसो कसो मुद्दा हो ? कसो कसो कानून हो ? म त बुज्जै न सक्दचा होय्यौं मान्स खुट्टो टुटि अस्पतलमै छ । अवधि भितर दायर न अरि लै भया आथिन् । पै कानून बमोजिम मुद्दा टुङ्ङो लाग्याले लै बादिलाइ उइका खट्टाको लाख गुनाको एक गुनाजति लै फाइदा हुनैन । इसो मुद्दा त मलाइ हेर्दै मन लाग्दैइन । आफना पक्षलाइ फाइदा न हुन्या मुद्दा क्य हेर्दु !"

उ मलाइ संवोधन अट्टोइ आँजि भणन्छ -"तक, कथंकदाचित् कुनै मूर्खले अङ्गभङ्ग अरि दियाले अपाङ्ग हुनु सिवाय क्यै उपाय आथिन् ।"

म कानूनका बुँदा-बुँदा बुज्ज सक्दैन । तब लै विष्णुकान्तकि भणाइ चुपचाप सुण्ण लै सक्यैन रे जिज्ञासाले सोदचा -"क्य अङ्गभङ्ग कसैले अरिदियो भण्या कानूनले सुरक्षा दिनैनँ ?"



उइले उज्ज्याँइ जबाबा दियो -"सुरच्छचा त क्याइ दिनैन सुरच्छचा अबस्यै दिन्छ, तर जति त्यरो छचति भय छ तैका बराबर पुग्द सक्दैन ।"

विष्णुकान्तको कुरा सुण्या पैथिर मेरा शरीरका प्रत्येक अङ्ग प्रत्यङ्ग असुरक्षित संज्या । मेरा भितरि हिर्दयमै तराश पैदा भयो । कसै मान्सले मेरा दाँत तोड़ि दियो भण्या उपाय रहित रैछौं । अपाङ्ग बन्नु पड्ड्चा रैछ .... !

कानून रे व्यवहारै मै आयाको अन्तरका संवन्धमै विष्णुकान्तले मलाइ निक्केरि संजायो, कति हुन् कति समस्या मेरा अैमुख राख्यो, जो उइले वर्तमानमै भोगिराख्याछन् । उइको भणाइ, व्यवहार रे कानूनमै सामञ्जस्य ल्याउनु पड़न्थ्यो ।

उइले ध्यकाया समस्यै समस्याले मलाइ उइसित प्रश्न अद्द बाध्य अरायो । तबै मैले उइसित प्रश्न अऱ्या -"त् समस्या मात्तरै अैतिर राखन्छै कि समाधान लै क्यै छ ?"

म्यरो प्रश्न सुणन्ज्याइँ विष्णुकान्त न राम्ड़ो किसिमले भण्णोइ जान्छ "त्वलाइ था छ ? अशुद्धता तै वेला मात्तरै छुटन्छे, जै वेला शुद्धताको जानकारि हुन्छ । प्रत्येक समास्याका पैथिर समाधान छ, प्रत्येक त्रुटिका पैथिर सुधार । यो पूरक छ । मुख्यतः यैलाइ पैल्याउनु गाड़ो छ ।"

स्पष्टरूपले आँजि म बुज्ज सक्दैन, उइले क्य भण्ण लाग्या छ ! बुज्जै न बुजि लै बुज्ज्यै चाख आथिन् ममै । म केवल उइका वाँ मेरि घरेड़ि अर्खाले बेदखल अरिदिया हुनाले कानूनि सल्ला लिन भणी गया हूँ, जैका विषयमै मैले एक-दुइ फेरा भणिसक्या लै हूँ, विष्णुकान्तले ध्यान दिया आथिन् ।

विवादको विषय बदल्लोइ उइखै मैले भण्या -"आजभोल कति अदालत जान्छै ?"

"क्या जानु अदालत ? एक मुद्दाको बहस अद्द मैनौं धाउनु पड़न्छ । क्वै दिन इसो आथिन्, मुद्दा पेसि भयाका दिन मुद्दा हेरिदिउन् । दिनभरि अदालतका चौरमै घाम ताप्यो, साँजि घर फर्क्यो । अदालत जानौं भण्णु कि जानैन भण्णु ? इसोइ छ ।

मेरि कुरड़ि पुरि न हुनाइ उ आँजि भण्णोइ जान्छ -"क्याद्दु अदालत जाइबर ? प्रायः इसो मुद्दाइन आथि जैको अर्खाइ रूपले उल्टो निर्णय न लियाको होउ । सुण्या थ्या, राणाका पालामै डिट्ठा बिचारिले न्याय दिन बड़ो बिचार पुऱ्याइ, आफनि जागिरिलाइ नै साछि राखि

न्याय दिन्थ्या रे ! कारण, उनऽन्ले छिन्या मुद्दा पाँच प्रतिशत लै उल्टीयाले लै पगड़ि बुजाउनु पड़न्थ्यो रे ! आज त्यो आथिन् शतप्रतिशत मुद्दा उल्टीयाले लै फरक पड्डैन । एक मुद्दा अन्तिम होइबर पूर्ण निर्णयमै पुग्द दस बर्स लाग्दु साधारण हुन लागि सक्यो । क्याद्दु ! मनले न माण्याले लै अदालत जानुइ पड़न्छ ।

ज्य पेसा आफनीय्यो त्यो छाड्ड लै सकीनैन । साथै कानुनि राज्यमै मर्यादा राख्दुइ पड़्चो । जसी त्रुटि भयाले सऽनुइ पड़्चो । पै आफनो पेसा लै इसोइ भयो । तसैले जसोइ भयाले लै अदालत जानुइ पड़्चो ।"

विष्णुकान्तका मनभितर गुम्सीय्या मनोव्यथा मैले सुणी हाल्ल्या निस्सय अऱ्या । उइको अभिप्रायलै म सुणूँ भण्ण्या छ । मलाइ था छ उइले पोख्या विश्लेषणले उइलाइ शान्ति प्राप्त हुन्छे ।

विष्णुकाना म्यरा पुराना साथीऽन्मैको हो । क्यै बर्स पैल्ली एकै संस्थामै बसि काम अऱ्या हुनाले हाम दुइ बर्ताइ नजिकीन पुग्या हूँ । केवल उ रे म मात्तरै मित्तुर हूँ नूँ, हामरा दुयै घरका परिवारमै लै तत्तिकै मील छ । हामले एक अर्खाको सहयोग निःस्वार्थ भावले अद्दचा अऱ्या छौं ।

इसै बेला एक नौलो मान्स प्रवेश अरन्छ । विष्णुकान्तलाइ नमस्कार अद्दोइ उसैका टेवुलका छेउखै अर्थात् ठिक्क मेरा अैतिरै कुर्छि मै बस्सोइ भणन्छ -"बड़ो दुख पाइयो वकील साइब ! सर्वोच्चले बेलि हराइदियो ।"

के ? हराइदियो ? हाद्दुइ न पड्डचा मुद्दा !" मेरा पुर्खाका पाला बठि हिटिरया बाटो, छरछिमेकि सबैलाइ था भई कुरड़ि हो ! क्याद्दु !"

मलाइ सम्बोधन अद्दोइ विष्णुकान्त कुर्लिन्छ -"लौ तक इनरो मुद्दा छेत्रिय अदालतमै जित्या, कानूनतः अन्तिम निर्णय होइसक्या । आँजि अनुमति बठाइ हराईय्यो ।"

बीचै मै त्यो अपरिचित मान्स भणन्छ -"मात्तरै छेत्रिय अदालत है जित्या हूँ त ? सुरुका जिल्ला अदालत बठि लै जित्या हूँ । अञ्चलले लै म्यरो बाटो होइन भणी भण्ण सक्या होइन । पर्खाल लाइ सक्या हुनाले बाटो खोल्ल न मिल्ल्या सम्म भण्या त हो ! सोलै आना म्यरो सनातनको बाटोलाइ बाटोइ होइन भणी बेली फैसला अरिदियो । आब भण वकील साइब क्याद्दचा ?"

विष्णुकान्तले तै व्यक्तिलाइ सोदचो -"तमरो उमेर कति भयो त ?"

"आब यै जेठले छप्पन्न लाग्दौ ।"



"यो झगड़ा सुरु हुना तमरो कति उमेर थ्यो ?"

"पैंचालिस बर्सको थ्यौं ।"

"आब बार बर्स पैथिर टुङ्डो लाग्या, तम कति बर्सका हुन्छ ।"

तै व्यक्तिले झर्कदोइ विष्णुकान्त खै भण्यो -"क्य भण्या वकील साइब, बाटोइ छाड़ि दचूँ ? आब म्यरा पक्षमै न्याय हुनै हुनैन त ?"

विष्णुकान्त संजाउँनोइ भन्छ -"न्याय हुनैन भणी म कस्याँ भणि सक्दौ ! न्याय व्यवस्था प्रभावकारि बनाउनाइ कति प्रयोग हुन्नाऱ्यान् । न्याय सुधार अद्द विभिन्न आयोग बन्नाइ जान्नाऱ्यान् । पै कानुनि राज्यमै न्याय पाईनैन भणी भण्ण सकीनैन । न्याय जरूरै पाइन्छ, तर कस्याँ पाइन्या हो, त्यो तमले भोग्या छ ।"

म तिर संकेत अद्दोइ उ भन्छ -"अदालतमै मुद्दा जानुको अर्थ हो घटि मै पाँच वर्सको अमूल्य समयलाइ नष्ट अद्दु । त्यो लै नान्नानु मुद्दा भयो रे झगड़ियाले बर्ती ताक्यता अऱ्यो भण्या । नति त मुद्दाखिलाइ दस-बीस बर्स भण्णु त मामुलि कुरड़ि भै । अैल लै चौबीस बर्सका दुइ मुद्दा रे पच्चीस बर्सको एक मुद्दा मेराइ फर्म मै दर्ता छन् । भण पै आजका जसा समय मै मान्सले इति लामो अवधिसम्म मुद्दामै अल्झीरनु पड्डचा हो ?

बीचमै कुरा काट्टोइ त्यो अपरिचित मान्स भन्छ -"न्याय व्यवस्था त राणाकाइ पाला मै राम्ड़ो थ्यो । और विषयमै तनऽन् ले ज्यलै अऱ्या, न्याय दिन भण्या पछि पड्डाइन थ्या । आज बार बर्समै टुङ्डो न लाग्या काम बार मिनटमै टुङ्डो लागन्थ्यो ।"

उनरो कुरा काट्टोइ मैले भण्या -"तै वेला थोक्काइ मान्स थ्या, थोकाइ मुद्दा लै हुन्थ्या । पै त्यो हुकुमि शासन उनले बोलिदिया पुगन्थ्यो । अैल त त्यो संभबै भयैन रे हुँनैन लै ।"

अऱ्याले क्यै हुँनैन ? बर्ती मान्स छन्, बर्ती मुद्दा छन् भण्या, अड्डा अदालत लै बर्ती छन् । याँको अद्दचा तरिकाइन ठीक आथि । तमले सुणि हाल्या मेरा मुद्दा पड़्चा, बार बर्स होय्या । यै अवधिमै अड्डा अदालत धाउना, वकीललाइ दिना कति खर्च भयो होलो ? वकील साइबको अैलको भणाइ अनुसार आँजि बार बर्समै लै टुङ्डो लाग्दचै थिति आथिन् । इस्याँ युगौं युग सम्म अदालत मात्तरै धाउनु पड्डचा हो कसि हो यो परिस्थिति ?"

म जै कामले विष्णुकान्तका वाँ आया थ्यौं, तै विषयको कुरा लै अद्द पाया आथीनूँ । मैले घड़ि तक्या । म आयाको बर्ती समय होइसक्या रैछ । विष्णुकान्तै तिर फर्कदोइ बिस्तारै भण्या -"विष्णु ! म क्यै सल्ला अरौं भणी तेरा वाँ आया हूँ ।"

उइले हतारिनोइ भण्यो -“अैतिरै क्यकि भणीनी पै ? भण् भण् !!”

“अैतिरै कस्याँ भण्ण्या ? आउँज्याइँ नाटक ध्यकाउन सुरु अरि हालि !”

“छाड़िदिउँ तै कुरड़ि मैले सुच्या त् याँ कुरा अड्ड आया होइ त,
भण् कसो कानुनि सल्ला चाय्यो ?”

“मेरो नगरपालिका भितरको करीब दुइ हज्जार स्क्वायर
फिटकोजग्गा छ ।
पैल्ली पुर्खाका पालामै तै मै घर थ्यो रे ! हाल घरको चिन्न सम्म त
ध्यकीन्छ । शहरी छेत्र भितरि पैल्ली कुनै तिरो तिरान थ्यैन । तिरो
तिरान नभया पैथिर क्यै कागजि प्रमाण हुन्यै कुरड़ि भयीन । यो
पछिल्लो नापि मै घर पत्ताल मात्तरै जणाइ नापि भैछ । नापि हुन्तक
कसैलाइ क्यै वास्ता न राखि नापि भै, त्वलाइ लै थाही छ । तसैले तैमै
कसैको नाउँ जनाउन्यै कुरड़ि भयीन । आब अैल आइबर एक जनाले
‘यो म्यरो घर पत्ताल भयो’ भणी घर बनाउनाइ नक्सा पास अरि ल्यै छ ।
साँध-सिमानाका मान्सऽन् म्यरा वाँ आइ खबर अर्‍यो । खुद म्यरा
पुर्खाकि सम्पति अर्खाले खान लाग्यो । यै मै क्यै उपाय छ कि ?”

म्यरो कुरा सुणि विष्णुकान्तले थोल मट्काइबर भण्यो -“त्यरो हो भण्ण्या, क्यै लै प्रमाण आथिन् । थ्यो रे भण्ण्यै कुरड़िले मुद्दा जितीनैन । हुन त जैले घर बनाउन नक्सा पास अर्‍यो उइखै लै तै जग्गाको प्रमाण आथिन् होलो । क्याकि कि बास्तबमै त्यो जग्गा त्यरो हो । मुद्दा अड्ड सकीन्छ, लागन्छ लै । तर तै त्यरो जग्गा आफनो बनाउन दस-पन्नर बर्स लाग्दाहान् । समय मात्तरै लाग्या त क्यै थ्यैन, पैसा लागन्छ । म्यरा विचारले छाड़ि दे ।”

“क्य रे मैल छाडिदिनु ? म्यरि पुर्ख्यौलि सम्पतिमै अर्खाइले घर बनाउ ? क्य भण्याको ?”

“बनाउन दे तै जमीनको मुद्दा लड्ड बीसौं हज्जार खर्च लागन्छ । तति खर्च लागिबरलै त्यराइ पच्छ्य मै निर्णय होलो भण्ण्यै लै क्यै गारन्टि न आथि । त् आफै भण्णा छै प्रमाण आथिन् । पै कस्याँ हुन्छ ?”

“तइले कसो कुरा न बुज्या ! काठमाणूँ उपत्यका शहरी छेत्रमै पैल्ली तिरो थ्यैन । पै कस्यरि प्रमाण हुन्छ । म्यरो हो भण्ण्यै कुरड़ि साँध सध्यार रे छरछिमेकिले बताइ हाल्लाहान् ।”

“जति बतायाले लै कति तह छ अदालतको ? त्वलाइ था हुनु पड़न्छ । झोक या आवेशमै आइबर मुद्दा दायर अड्ड सजी छ, तर तैको परिणाम सऽना गाड़ो छ । म त्वलाइ मित्रका नाताले सल्ला दिनौं, छाड़ि दे ।”

म कति उत्साह ली विष्णुकान्तका वाँ आया थ्यूँ, म्यरो मित्र कानून व्यवसायि छ भण्ण्या मलाइ घमण्ण थ्यो । म्यरा विश्वासमै आँच आइ । उइकि सल्लाहका विपरीत बहस अड्ड मनासिव ध्यक्यैनँ । मैले उइलाइ सोदचा क्य छाड़ि दिउँ त ?”

उइले भण्यो -“भुल्लु मै कल्यण छ । यै कुरड़ि बुज, जैका हातमै लौड़ि हुन्छे उसैको हुन्छ वस्तु ।”

घड़ीतिर नजर दोड़ाउनौ, दिनकि बार बज्ज लागि सकि । समय भौतै बिताइ सक्या हुनाले आब अर्खा दिन आउन्या विश्वास दी विष्णुकान्तसित बिदा लिया ।

मध्य दिन छ । शून्य बाटोलाइ आफना पैथिर छाड्डोइ म घरै तिर बड्डार्‍यौ । मलाइ एक-एक अरि संजना आउनाइ जानाहान् विष्णुकान्तले अर्‍या अभिनय, उइका कार्यालयका कुराकानि रे मलाइ विष्णुकान्तले दिया कानूनि सल्ला । संजदोइ जाना, मलाइ झिक् तरास वड्डोइ जान्छ । काइँ क्यै लै सुरक्षा ध्यक्दैन । सबैतिर अनरोइ अनारो ध्यक्दौ ।

म्यरा सबै साँजि रे पर्भात चीलका पञ्जा भितरका चल्ला जसा छन् । म्यरा सबै दिन भोक्या गिद्धले घेर्‍या डिङा जसा छन् । इसि असहाय परिस्थितिमै लपेटीय्या म्यरा वर्तमानका कथा कभै न टुङ्डीन्या क्षितिज जसा छन् ।

ॐ शिवं भूयात्